# नवप्रज्ञापन

पूर्णाङ्क : १०१, साउन–असोज २०८०

(प्रेस काउन्सिल साहित्यिक पत्रकारिता पुरस्कार २०७७ द्वारा पुरस्कृत)

**सम्पादक/प्रकाशक**
नवराज रिजाल

**सह-सम्पादक**
प्रमोद पाण्डे

**उप-सम्पादक**
बाबुराम लम्साल
गणेशराज रिजाल

**आवरण/शब्दचित्र**
राजेश मानन्धर

**लेआउट**
डीएन्डडी कम्प्युटर
बागबजार

**मुद्रण**
लक्ष्मी गणेश प्रेस
बागबजार, काठमाडौं

**सहयात्री**
राममणि दुवाडी
वासुदेव अधिकारी
प्रा.डा. ध्रुवकुमार घिमिरे
डा. विश्वम्बरकुमार शर्मा
गोपाल अश्क
वसन्त रिजाल
विनयराज गौतम
राम अधिकारी
सुशील गौतम
भवानी तावा
देवकरण माझी
बद्री ढकाल
जनार्दन खनाल
गोपाल फ्युबा
के.बि. सिम्पल
टीकाराम उदासी
रामचन्द्र नेपाल
डा.पुष्करराज भट्ट
गगनदीप सर्व
उमेश रिमाल
विनोद पाण्डे

**मूल्य : १००/-**

कार्यालय: स्वाभिमानवस्ती जीतपुर–सिमरा उपमहानगरपालिका–१६, बारा, मधेस प्रदेश, नेपाल
सम्पर्क : ९८५११३८६२४ (काठमाडौं), ९८५५०२४९५५ (बारा)
e-mail : nabapragyapan@gmail.com, website: nabapragyapan.com.np

## नवप्रज्ञापन सभा

१. माया ठकुरी, ललितपुर २. विश्वराज अधिकारी, पर्सा ३. रुकु कार्की, मकवानपुर, ४. रामप्रसाद अधिकारी, बारा ५. प्रा.डा. ध्रुवकुमार घिमिरे, बारा ६. वीणा पोखरेल, ललितपुर, ७. पीताम्बरा 'पीयूष', काठमाडौँ ८. ललिता दोषी, काठमाडौँ, ९. डा. सुषमा आचार्य, ललितपुर १०. रवीन्द्र रिजाल, बारा ११. भद्रकुमारी घले, काठमाडौँ १२. हरिप्रसाद पाण्डेय, काठमाडौँ १३. वासुदेव अधिकारी, धादिङ १४. दीपेन्द्रसिंह थापा, धादिङ १५. ईशा शाह, काठमाडौँ, १६. भगीरथ मिश्र, झापा १७. लक्ष्मी शर्मा, काठमाडौं १८. शर्मिला खड्का दाहाल, सुनसरी, १९. अनन्तप्रसाद वाग्ले, काभ्रे २०. छविरमण सिलवाल, काभ्रे २१. अर्जुन पाण्डे, धादिङ २२. कार्तिकेय घिमिरे, सर्लाही २३. पाण्डवराज कार्की, मकवानपुर २४. राजनप्रसाद सिलवाल, धादिङ २५. गंगा कर्माचार्य पौडेल, काठमाडौँ २६. वासुदेव श्रेष्ठ, धादिङ, २७. केशव रुपाखेती, धादिङ, २८. निमायादेवी कायस्थ, तनहूँ २९. बाबुरामप्रसाद पौडेल, रौतहट ३०. तारा अनुरागी, झापा ३१. प्रा.डा. कृष्णप्रसाद घिमिरे, अर्घाखाँची ३२. रमेशमोहन अधिकारी, रौतहट ३३. यशु श्रेष्ठ, रौतहट ३४. गणेशराज रिजाल, बारा, ३५. विद्याप्रसाद घिमिरे, काठमाडौँ ३६. बाबुराम लम्साल, तनहूँ ३७. प्रा.डा. कपिल लामिछाने, रुपन्देही ३८. तेजप्रकाश श्रेष्ठ, काठमाडौँ ३९. भक्त कार्की, म्याग्दी ४०. दीपबहादुर केसी, कपिलवस्तु ४१. राममणि पोखरेल, उदयपुर, ४२. सौरभकिरण श्रेष्ठ, काठमाडौँ ४३. खगप्रसाद अर्याल, धादिङ, ४४. नारायण क्षेत्री, बारा ४५. मञ्जु सेढाई, धादिङ ४६. रमेश समर्थन, रुपन्देही, ४७. रामकृष्ण काफ्ले, बारा ४८. कलानाथ अधिकारी स्मृतिप्रतिष्ठान, बारा ४९. विजय चालिसे, काठमाडौँ ५०. जयन्ती स्पन्दन, काठमाडौँ ५१. जनार्दन खनाल, मकवानपुर ५२. अच्यूत रिजाल, धादिङ ५३. पूर्णबहादुर थापा, धादिङ ५४. राम विनय, काठमाडौँ, ५५. भगवती अधिकारी, धादिङ ५६. घनश्याम अधिकारी, धादिङ ५७. प्रमोद प्रधान, मोरङ ५८. जय छाङ्छा, भोजपुर, ५९. प्रमोद पाण्डे, काभ्रे ६०. युद्ध न्यौपाने, धादिङ ६१. अच्यूत शर्मा, धादिङ ६२. सीताराम उप्रेती, झापा ६३. दुर्गाप्रसाद काफ्ले, उदयपुर ६४. कृष्ण, खड्का, धादिङ ६५. प्रदीप प्रधान, रुपन्देही ६६. रश्मि असफल, झापा, ६७. समीर पाखिन, बारा ६८. प्रभात सापकोटा, काभ्रे ६९. विजय मैनाली, बारा ७०. बैकुण्ठ नेपाल, बारा ७१. ईश्वरराज लोहनी, धादिङ ७२. बगुवाखोला सा.सि. केन्द्र, म्याग्दी ७३. मनदेवी तण्डुकार, ललितपुर ७४. छायादत्त न्यौपाने, पर्वत ७५. दुर्गा रिमाल, काठमाडौँ ७६. भक्तबहादुर नेपाली, ललितपुर, ७७. खिमानन्द पोखरेल, गुल्मी, ७८. रञ्जुश्री पराजुली, काठमाडौँ, ७९. समन श्रेष्ठ, काठमाडौँ, ८०.गोपाल बराल काठमाडौं, ८१.भारद्वाज मित्र सिन्धुपाल्चोक, ८२.आरएम डंगोल नुवाकोट,८३. गोपाल अश्क, पर्सा, ८४. दिनेश गुप्ता पर्सा, ८५. हरिदेव खरेल बारा, ८६. हिर्दयनारायण चौधरी बारा, ८७. नवराज पुडासैनी, काठमाडौँ, ८८. डा. धनप्रसाद सुवेदी, खोटाङ, ८९. राममणि ढुंगेल, भक्तपुर, ९०. अमरकुमार प्रधान, दोलखा, ९१. जंगबहादुर यादव, बारा, ९२. सुदिपराज रिजाल, बारा, ९३. वसन्त रिजाल, काठमाडौँ, ९४.राधेश्याम सिवाकोटी, बारा, ९५. कलाधर काफ्ले, कास्की, ९६. हरिदत्त पाण्डेय, बैतडी, ९७. प्रतीक्षा रिजाल, बारा, ९८. शीतल गिरी रौतहट, ९९. इशहाक हुसेन, बारा, १००. श्याम रिमाल, नुवाकोट, १०१. सानुराजा अन्जान, काठमाडौं, १०२. रमेश कडेल, धादिङ ।

## सम्पादकीय

आदरणीय पाठक वृन्द ! शरदकालीन नमस्कार । यहाँहरूको असीम माया, ममता र सद्भावका कारण नवप्रज्ञापनले सय अङ्क पार गरेको छ । यसलाई यहाँसम्म आइपुग्न यथास्थानबाट सघाउने सम्पूर्ण मनहरूप्रति आभार व्यक्त गर्नु मैले मेरो पहिलो कर्तव्य सम्झेको छु । भविष्यमा पनि यसले विगतमा जस्तै तपाईंहरू सबैबाट उत्तिकै माया, ममता र सद्भावको अपेक्षा राखेको छ ।

अहिले तपाईंको हातमा भएको नवप्रज्ञापन एकसय एकऔँ अङ्क हो । हजुर, यहाँहरूलगायत सबैसबैको प्रेरणादायी भूमिका र सद्भावका कारण पत्रिका यहाँहरूको हातमा आइपुग्न सफल भएको हो । म छातीमा हात राखेर भन्न सक्छु तपाईंहरूजस्ता भाषा साहित्यका शुभेच्छुकहरूले नैतिकदायित्व, प्रेम तथा सुदृष्टि नराखिदिएको भए यो पत्रिका यहाँसम्म आइपुग्न सक्नेनै थिएन । यसका लागि यहाँप्रति नवप्रज्ञापन आभारी छ ।

एकतीस वर्ष अघि रहरै रहरमा प्रकाशन थालिएको **नवप्रज्ञापन** यहाँसम्म आईपुग्ला भनेर मैले पनि सोचेको थिइनँ । हिँड्न थालेपछि बाटो आफसेआफ बन्दै जाँदो रहेछ । हिँड्न खोज्नेहरूले पछि फर्कन नपर्ने रहेछ । हुन त यो मेरो निजी अनुभूति हो तर के लाग्छ भने बस्नेहरूले हिँड्नेहरूको गति बुझ्न कहिल्यै सक्दैनन् । हिँड्नेहरूको परख गर्न हिँड्नै पर्छ । नहिँड्नेहरूले गतिको कुरा गर्नुको कुनै तुक हुँदैन ।

अब अलिकति फरक किसिमले हिँड्ने हो कि ? यो सोच मनमा सय अङ्कको प्रकाशनभन्दा धेरै अघिदेखि नै थियो । तर उसलाई सय अङ्क पछि भन्दै टार्दै आएको थिएँ । अहिले एकसय एक अङ्कको सम्पादकीय लेखिरहँदा त्यो कुरा स्मरण गरिरहेको छु । मन स्तब्ध बनेको छ । के फरक, कस्तो फरक, कसरी फरक, आखिर अक्षर त त्यही छत्तिस मात्र न हुन् । बाँकी कुरा उही हो । अर्थात् उद्देश्य उही हो । विषय उही हो । लक्ष्य उही हो । गन्तव्य उही हो । त्यो भन्दा फरक केही छ र ? मन अलमलिएको छ ।

आँखा फरक खोज्छ । मन फरक खोज्छ । रहर फरक खोज्छ । विश्वास फरक खोज्छ । विचार फरक खोज्छ । भावना फरक खोज्छ । दृश्य फरक खोज्छ । अदृश्य फरक खोज्छ । तपाई फरक खोज्नुहुन्छ । म फरक खोज्छु । ऊ फरक खोज्छ । उनीहरू फरक खोज्छन् । तर फरकको परिभाषा सजिलो छैन । यसको कारण तपाईलाई लागेको मलाई र मलाई लागेको तपाईलाई नलाग्न पनि त सक्छ नि हैन र ?

फरक बन्ने र बनाउने समयले हो । समयलाई हामीले कसरी बुझ्छौँ विषयको प्रारम्भ त्यहीँबाट हुन्छ । हामी अगाडि बढ्न सक्नु र नसक्नुको चुरोमा समयकै हात छ । यसको गति बुझेर स्वमूल्याङ्कन गर्नेहरू कोही पछि परेका छैनन् ।

नेपाली होउन् वा युरोप अमेरिकाली सबै अगाडि छन् अर्थात अग्रभागमा उनीहरूको पाइला छ । अनि तिनीहरू न कतै अलमलिएका छन् न त गतिको विपक्षमा नै देखिन्छन् ।

ए हो, समय पनि गजब वस्तु रहेछ । सधैँ हिँडेको हिँड्यै गर्छ । यसो बसोस्, भलाकुसारी गरोस्, आफू पियोस्, साथीभाइलाई पियाओस् । पिएपछि आकाशको कुरा गरोस् । पातालको कुरा गरोस् । केही पो छैन त । सन्दर्भ मिल्न कहाँ पर्छ र ? पर्दैन । त्यो अर्कै संसार हो । त्यहाँको मजा अर्कै मजा हो । अर्कै अवस्था हो । अर्कै परिस्थिति हो । अर्कै चिनारी हो । अँ, यो पो हो त कुरा, तर के गर्नु ऊ त वास्तै गर्दैन र पो त ।

हुन त समय एउटै हो । तर के गर्नुहुन्छ ? यसको स्वाद भिन्नभिन्न छ । तपाईंलाई लाग्ला एउटै छ । मान्नेस् यसमा सत्यता छैन । त्यो तपाईंको भ्रम हो । भ्रमले भ्रमित बनाउला यसमा तपाईको ध्यान जाओस् । अर्थात् समयको स्वाद ठाउँअनुसार छ । गाउँअनुसार छ । वर्गअनुसार छ । अवस्थाअनुसार छ । परिस्थितिअनुसार छ । परिवेशअनुसार छ । देशअनुसार छ । देशको स्थितिअनुसार छ । भूगोलअनुसार छ । हावापानीअनुसार छ । आरोह अवरोहअनुसार छ ।

अमेरिका, रूस, चिन, बेलायत, क्यानाडा, अस्ट्रेलिया, फ्रान्स, जापान, कोरिया, भारत, युक्रेन र नेपाललगायत संसारका अन्य देशका समयका स्वाद एकै होलान् ? अहँ, हुँदैनन् । तपाई यो कुरामा ढुक्क हुँदाहुन्छ । स्वाद फरक बनाउने गतिले हो । यो कुरामा पनि कुनै शङ्का छैन । यसकारण जुनजुन ठाउँमा गति छन् त्यहाँका समयका स्वाद र जुनजुन ठाउँमा गति छैनन् त्यहाँका समयका स्वादमा आकाश जमिनको भिन्नता छ । यसबाट के पुष्टि हुन्छ भने समयको स्वाद निर्धारण गर्ने तत्व गति र गतिशीलता हो ।

हजुर यहाँहरूसमक्ष अलिकति मनको बह पोखेँ । विचारको धरातलमा प्रवेश गराउन खोजेँ । सकारात्मक धैँटोबाट पानी सारेर प्यास मेटाउने ईच्छा चाहेँ । अन्यथा नठानी दिनु होला । भविष्यमा पनि साथ पाउँला भनेर म विश्वस्त छु । हिजोसम्म पाएको माया ममताले त्यसो भन्ने तागत आएको हो । अर्को कुरा पनि छ । यस अङ्कदेखि नवप्रज्ञापनमा छापिने विषयवस्तु अलिकति तलमाथि हुने छन् । अलि फरक किसिमले जाने सोचका कारण यो अङ्क कथा विशेषका रूपमा आएको हो । अन्य अङ्कहरू पनि यसैगरी जाने सोचमा छ । हेरौँ कसो हुन्छ । अनि तपाईं के भन्नुहुन्छ ?

अन्त्यमा सय अङ्कसम्म साथ दिने साथीहरूलाई आँखामा राखेर धन्यवाद दिँदै यस अङ्कदेखि साथ दिने वचन दिनुभएका साथीहरूलाई स्वगत गर्दै यो अङ्कको सम्पादकीयबाट विदा चाहन्छु, हवस त नमस्कार ।

# शुभकामना

२०८० सालको बडादशैं, शुभ-दीपावली, छठपर्व र इदको पावन अवसरमा समस्त विद्यार्थी, अभिभावक, शिक्षक एवं सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा सुख, शान्ति, सु-स्वास्थ्य, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना !

**डा. विश्वम्भरकुमार शर्मा**
**सञ्चालक तथा सिद्धार्थ इन्टरनेशनल कलेज परिवार**
कवि शिरोमणिटोल, बिरगञ्ज पर्सा



# शुभकामना

२०८० सालको बडादशैं, शुभ-दीपावली, छठपर्व र इदको पावन अवसरमा समस्त विद्यार्थी, अभिभावक, शिक्षक एवं सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा सुख, शान्ति, सु-स्वास्थ्य, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना !

**रामप्रसाद अधिकारी**
संस्थापक प्रिन्सिपल एवं
**लोटस एकेडेमी परिवार**
सिमरा, बारा

# रचनाक्रम

## कथा


- डा. अमर कार्की/७
- ओमप्रकाश अधिकारी 'बेफुर्सदी'/९
- डा. कुसुमाकार शर्मा गौतम/१३
- गङ्गा लिगल/१७
- गोविन्दबहादुर कुँवर/२१
- जेबी खत्री/२४
- टीकाराम वाग्ले/२८
- बद्रीप्रसाद ढकाल/३३
- म्यामराज राई/३७
- राजेन्द्रकुमार आचार्य/४३
- रामचन्द्र नेपाल/४५
- लता केसी/४९
- डा. विश्वदीप अधिकारी/५४
- शेखरकुमार श्रेष्ठ/५८
- सन्तोष बजगाई/६२
- हरिप्रसाद अधिकारी/६८
- हरिशरण ढुङ्गाना/७२


## नयाँ पुस्तक


- प्रतीक्षा रिजाल/७५

# किन आयो त्यो रात



● डा. अमर कार्की

अब उसको लोग्ने छिटै यो संसार छोडेर जाँदै थियो तर रमालाई लोग्नेसित मायाभन्दा घृणा लागेर आयो । रिस पनि उठेर आयो । आफैले घाटी थिचेर मारी दिऊँ जस्तो पनि लाग्यो । फरक्क अर्कोतिर फर्केर भित्तामा टाङ्गिएको भित्तेपात्रोलाई हेरेर टोलाइरही । सात महिना अघिको त्यो दृश्य सिनेमाको रिलजस्तै घुम्न थाल्यो उसको दिमागमा ।' ए रमा, बाबुले यो आइतबार आइपुग्छु भनेको हैन ?' पिढीँमा थचक्क बसेर नाङ्लामा चामल केलाइरहेकी रमालाई सासूले सोधिन् ।

'हो आमा तर एक दिन मात्र बस्न मिल्ने रे हेर्नु न कस्तो भन्या !'

हातमा दुधको बाल्टी बोकेर घरभित्र छिर्नै लागेकी सासू रमाको जबाफ सुनेर टक्कै अडिइन् । र उनले रमातिर मुन्टो फर्काएर भनिन्, 'खै के के तिमीहरूको म त कुरै बुझ्दिन ! बिहे गरेको तीन वर्ष पूरा भएर चार लागि सक्यो । दुई पुस्तालाई पुग्ने सम्पत्ति जोडिसक्यौ । अब केलाई पर्खिरहेको हो ? एउटै लगनमा भित्र्याएको सुन्तलीको छोरो हजुर बाउको औंलो समाएर टुकुटुकु हिँड्ने भइसक्यो । के मचाहिँ नाति नातिनाको मुखै नहेरी मरौँ ?' सासूको कुरा सुनेर रमाको मन बेचैन भो । केही नबोली उठेर करेसातिर लागी ।

निलो र सफा आकास । डुब्नै लागेको घाम । क्षितिजमा रङ्गीन घेरो अनि मन्द मन्द पवनको मुलायम स्पर्श । के यति पर्याप्त थिएन र फूलको लागि भमरालाई मोहनी लगाउन तैपनि मन स्थिर थिएन आज । एक वर्षपछि आज श्रीमान् घर आउँदै छ । त्यो पनि एक दिनको लागि ।

बिहे भएको महिना दिनमै श्रीमान् विदेश गएकाले ऊ एक्ली सासूको साथ घर सम्हालेर बसेकी थिई । श्रीमान्ले विदेशबाट कमाएर ल्याएको पैसाले घर, जग्गा र गहना जोडेर केही रकम जगेर्नासमेत गरिसकेका थिए तर सासूको नाति हेर्ने इच्छा पूरा हुन सकेको थिएन । अब त बिस्तारै सासूले बुहारीको कोखतिर शङ्का गर्न थालेकी थिइन् ।

त्यसैले आज ऊ अठोट गरेर बसेकी थिई । श्रीमान्लाई मन पर्ने चम्सुरको साग र काउलीको

तरकारी, धनियाँ र पुदिना हालेर पिँधेको गोलभेडाको अचार, खसीको खुट्टाको झोल र यही दिनलाई भनेर जोगाएर राखेको एक मानो जति मसिनो वासमतीको चामलको भात पाकिसकेको थियो । लक्ष्मी दिदीले बताए बमोजिमको तागतिलो खानेकुरोको जोरजाम गरिसकेकी थिई । आफू पनि नुवाइधुवाइ गरेर पोहर साल बुढाले उतैबाट ल्याइदिएको नाइटी तयार पारेर राखेकी थिई ।

बेलुकी ७ बजे श्रीमान् घर आइपुग्यो । खाना खाने बेलामा सासूले फेरि सुनाइन्- 'हे बाबु बुहारीलाई एकपटक डाक्टरकोमा देखाउन लैजा ।' सासूको कुराले रमाको मन दुख्यो । उसले लोग्नेको मुखतिर पुलुक्क हेरी । लोग्नेले के हो भनेर आँखैको इशाराले सोध्यो । ऊ भरे भनौँला भन्दै चुलो लिप्न थाली । त्यो रात उसले चाहेबमोजिम नै बित्यो ।

छिट्टै फर्कन्छु भनेर मदन उतै फर्कियो । रमा फुरूङ्ग थिई । महिनावारी रोकियो । सासूको भुइँमा खुट्टा थिएन । धारो, पँधेरो, चौतारो भेटेका जति सबैसँग खुसी बाँड्दै हिँड्थिन् । सासूबुहारी घन्टौंसम्म थाङ्नादेखि कोक्रोसम्मको कुरा गरेर दिन बिताउँथे । आजकाल बुहारी पिँढीमा र सासू बारीमा हुन्थे । लाग्थ्यो घरमा खुसीको वर्षा हुँदै छ । यसरी दिन महिना बित्दै गयो । पेटमा हुर्कंदै गएको खुसीलाई बेलाबेलामा मुसारेर सुनौला दिनको कल्पनामा डुबिरहन्थी ।

मदन सात महिनापछि नै घर आयो । श्रीमान्को काखमा पल्टिएर नयाँ पाहुनाबारे कुरा गर्न आतुर थिई ऊ तर श्रीमान्को आलिङ्गन चिसो थियो । सुकेको थियो । उसले बुझ्न सकेकी थिइन, किनकि यसपटक ऊ एक्लै आएको थिएन साथमा एउटा आँधी बोकेर फर्केको थियो ।

डाक्टरले त्यो भुमरीको पोको खोलेपछि रमाको मस्तिष्कमा गएको एक वर्षदेखि श्रीमान्ले सधै केही बाहना बनाउँदै उसको कुरा टार्दै आएको तर सात महिना अघिको त्यो रात कसरी आफ्नो बर्बादीको ढोका खोल्न प्रेरित गरेकी थिई सम्झी । त्यो रात लोग्नेले लगाउन खोज्दा उसले नै 'भो लगाउन पर्दैन आज । आमाको कुरा सुनेनौ । अब हाम्रो बच्चालाई खेलाइ खेलाइ पाल्ने सम्पत्ति पनि जोडिसकियो नरोकौँ आउन देऊ । पुऱ्याइदिऊँ आमाको नाति नातिना हेर्ने इच्छा' भनेर उसको हातबाट खोसेर फालिदिएकी थिई ।

'मुख थिएन र पापीको आफूलाई एड्स लागेको छ भन्न । आफूले गरेको अपराधको भागी हामीलाई समेत बनायो अपराधीले' आफ्नो पेट सुमसुम्याउदै बलिन्द्र धारा आँसु खसाल्दै एकपटक घृणा र क्षोभले भरिएको आँखाले लोग्नेतिर हेरी । त्यसपछि बाढीमा बगिरहेको मान्छेले पहिरोबाट खसी रहेको रूखको हाँगातिर हेरे झैँ निरीह भएर सासूको मुखमा हेरी तर त्यहाँ कुनै साहारा थिएन । थियो त केवल निरासा र लाचारी अनि अन्धकार ।

*धापाखेल, ललितपुर, हाल : फ्लोरिडा, अमेरिका ।*

# फल हो के को ?



● ओमप्रकाश अधिकारी 'बेफुर्सदी'

नारायणगढ बजारलाई बायाँ पार्दै पश्चिमतिर सलल्ल बगेकी नारायणी नदीको किनारमा वसन्त पञ्चमी (श्रीपञ्चमी) को दिनदेखि सञ्चालन हुने विश्व कल्याण कोटिहोम महायज्ञमा भक्तजनको रूपमा सहभागी हुने र सन्त महन्तहरूको दर्शन गर्ने उद्देश्यसहित घरबाट प्रस्थान गर्ने विचार थियो मेरो । भेट गर्नुपर्ने ठाउँमा ढिलाइ गर्नुहुन्न भन्ने सोचेर आन्तरिक तयारीमा जुटेँ म । सबेरैको खानालाई आज ब्रतको रूपमा लिएको हुनाले पक्की भोजन होइन, दुध र सुख्खा रोटीमात्र ग्रहण गरेर फटाफट निस्किएँ हाइ-वे (सडक) मा । साइत नपरेको कसरी भन्ने ? घरबाट निस्कँना साथ चढेर जाने बस पाएकै हो । मैले अलिक राम्रो कपडा लगाएको देखेर बसवालाले टाढैबाट सोध्दै बस रोकेर बसमा चढाएकै हो । यात्रुहरूले खचाखच भरिएको बसको सिटमा बस्ने ठाउँ नभएर खडाराम हुनुपरेको विषयलाई आधार नबनाउने हो भने साइत नपरेको पनि भन्न सकिँदैन । लगभग छत्तीस सिट क्षमता भएको बसमा पचास जना जति कोचाकोच हुँदै खडाराम भएर यात्रा गरिरहेको थियौँ हामी । मान्छेको मन हो कि जात ? स्वभाव हो कि लालच ? कहिल्यै पनि भयो पुग्यो भन्न सितिमिति नआउँदो रहेछ । गाडी आफ्नो गतिमा गुडिरहेको बेला बसभित्र चालक हौसिँदै थिए । दुईतीन जना कतै यात्रु देखे कि रोकिहाल्ने चढाइहाल्ने गर्नमा बसको चालक र सह-चालकको एकमतो नहुने कुरै भएन ।

ए गुरूजी ! अब बसमा टेक्नेसम्मको ठाउँ छैन, नरोक्नु के ? भन्ने आवाज बसभित्र गुन्जिरहेको थियो । यात्रुका भनाइले चालकको मनलाई अलिकति पनि प्रभाव पार्ने सम्भावना थिएन । काठमाडौँका लागि मः मः बनाउन लगिएका राँगा पाडाहरू ट्रकमा कोचाएजस्तै कोचिएका थियौँ यात्रुहरू । बसैलाई हतारो जान र चढ्न । बसमा सिट खाली छैन भन्दै गर्दा पनि उभिएरै भए पनि जान्छु भन्नेका लागि चढ्न रोकोस् कसले ? यात्रुका धेरैजसोको हातले यात्रुमाथि

रहेको छतको डन्डीमा समात्न खोजे पनि भिडभाड र कोचाकोचले गर्दा कसैको हात माथि र कसैको हात कुनाकाप्चा, अनकन्टार र संवेदनशील ठाउँतिर सल्बलाइरहेका थिए । मानौँ यो हात सल्बलाउन चाहनेहरूका लागि कुम्भमेला नै हो अनि तिनै हातका कुइनाहरू कसैको लागि वरदान साबित भए होलान् भने कसैको लागि बाख्राका थुतुनो मुन्तिरको दुई लुर्कुनोजस्तो अनावश्यक तर पनि बसमा यात्रु खचाखच भरिएको र टेक्नसमेत मुस्किल भइरहे पनि बस आफ्नै गतिमा गुडिरहेको थियो । कतै स-साना खाल्डाखुल्डीमा चालकले हल्का ब्रेक लगाउँदा पनि यात्रुका शरीर घरिघरि दण्डवत् प्रमाण गरेसरह चालकप्रति शिर झुकाउन पुगेजस्ता हुन्थ्यौँ हामी ।

करिब बीस बाइस कि.मि.को यात्रा पार गर्दैगर्दा मलाई बेसरी पिसाब लाग्यो । कन्डक्टरलाई अलिक टाढाबाट कुरा राख्दै थोरै 'मिलेको ठाउँमा बस रोक्नु है ! मैले धेरै समय लगाउँदिन, मलाई अलिक असहज अवस्था भइरहेको छ' भनेर पटक पटक कुरा राखेँ ।' अब त लास्टै अवस्था भइसकेको छ । तलतिर झर्दै गरेको पिसाब टाउकोतिर पुग्लाजस्तो भइरहेको छ । रोक्न खप्न सक्ने अवस्था छैन' भनेँ मैले ।

'हुन्न ! हुन्न ! कहाँ हुनु ? हाम्रो टाइम लस हुन्छ, अब जसोतसो आधी घन्टामा पुगिहालिन्छ । त्यसपछि जता गए पनि जे गरे पनि गर्नुहोला' भने । मलाई आधा सेकेन्ड पनि खप्न सहन गाह्रो हुन गइरहेको थियो । यात्रु चढाउने र उतार्नेबाहेक गाडी नरोक्ने बताएपछि मलाई सह्य भएन । मैले मनमनै भगवान्सँग कामना गरेँ– हे भगवान् ! गाडी बिग्रिदिए पनि त हुन्थ्यो नि !

साँच्चै नै नभन्दै एकाध कि.मि. अगाडि गुडेको बसको पट्टा अकस्मात् भाँच्चियो । पट्टाको एउटा टुक्रा किनारातिर उछिट्टियो भने घ्यार्रर गर्दै चार पाँच हात पल्तिर बस घिस्रियो । धेरै यात्रुहरू अत्तालिए अनि खडा भएका, मुढामा ठ्यास्स शरीर बिसाएका र सिटमा बसेकाहरू ओर्लन थाले । कसैले-धन्य बाँचियो भने । धेरैले ओरालोमा परेको भए, छेउतिर उछिट्टिएको भए, अर्को गाडी पनि आएको बेला परेको भए हाम्रो हालत के हुन्थ्यो होला ? भनेर काला निला पहेँला र राता भएका यात्रुहरूले आ–आफ्नो विचारहरू पोख्दै गए । सबैले आ–आफ्नोतर्फबाट भगवान्लाई धन्यवाद टक्रयाउँदै गए । मलाई भने एउटा स्यालको कहानी झैं हाइ–मज्जा भयो । मैले जे चाहेको थिएँ त्यही भयो ।

प्रसवको बेलामा बच्चा च्याहाँ–च्याहाँ गरेर रोइरहँदा आफ्नो आमाबुवा र आफन्तहरू खुसी भएझैं अरू धेरै दुःखी थिए, म ज्यादै खुसी थिएँ । कुनै बेला कसैको घर–आँगनमा धार्मिक कृत्य समापन हुने दिन गाउने

गरिएको एउटा भजन पिसाब त्याग गरिसकेपछि सम्झना आयो ।

नसम्झेर पो, नसम्झेर पो
सम्झे हरि मनैमा नसम्झेर पो ।

भगवान्को कृपा नै मान्नुपर्दछ– हामी कसैलाई पनि कुनै किसिमको चोटपटक लाग्न पाएन, सबै सही सलामतै थियौँ । कुनै चिज कसैलाई दिंदा वा कसैबाट पाउँदा जति आनन्द प्राप्त हुन्छ त्योभन्दा बढी आनन्द आत्तिएको बेलामा दिसापिसाब गर्दा हुन्छ भन्ने मैले अनुभव नगरेको होइन । हो मलाई त्यही आनन्द प्राप्त भएको थियो जुन अत्यन्त क्षणिक र क्षणभङ्गुर थियो ।

त्यसपछि पनि हाम्रो उद्देश्य त गन्तव्यमै पुग्नु थियो । बिग्रिएको गाडी तत्काल बन्न सक्ने अवस्था नभएकोले हामी सबै अर्को बसको प्रतीक्षामा रह्यौँ । करिब आधा घन्टापछि ढुनमुनिँदै एउटा बस आयो र रोकियो हाम्रो अगाडि । हतार र तँछाडमँछाड गर्दै बसमा चढे धेरै यात्रुहरू तर सबै अट्ने सम्भावना थिएन । अट्ने पनि कसरी ? दुईओटा बस ठेलमठेल हुँदै आएका यात्रुहरू । मैले तत्काल यो बसमा नगई फेरि अर्को आउने बसमा चढ्ने मनसायमा रहेँ । म जस्तै अरू आठनौ जना पनि पछिल्लो बसकै प्रतीक्षामा बस्यौँ । करिब एक घण्टाको समय अरूको लागि के भयो ? कस्तो भयो ? थाहा भएन तर मेरो लागि भने रोचक, ज्ञानबर्द्धक र नयाँ अनुभूतिको भयो । साथमा साहित्यिक पत्रिका वा पुस्तकहरू मैले साथै लिएर हिँड्ने हुनाले समयको कार्यतालिका फेरबदल हुनेबित्तिकै मेरो आफ्नो चाहनानुसारको व्यवस्थापन जुटिहाल्ने बानीले मलाई यात्रामा कहिल्यै असहज वा असुविधा हुँदैन र हुन पाएन ।

केही समयपछि एक यात्रुबाहक बस आइपुग्यो । अरूले जस्तै हड्बढाउँदै उक्लेँ र एउटा सिटमा आफूलाई बसाइहालेँ । धेरै समयदेखि खडाराम भएको यो मान्छेलाई सिटाराम (सिटमा आराम) हुन पाउँदा खुसी नहुने कुरै भएन । अरू पनि कोही बस्दै र कोही उभिँदै यात्रारत हुन पुग्यौँ । बसले अगाडिको अर्को स्टेसनबाट तीनचार वर्षको बच्चासहित एउटी महिलालाई चढायो । सिट छैन भन्ने थाहा पाउँदापाउँदै पनि चढेको हुनाले कन्डक्टरले पनि सिटमा बसाल्न अनिवार्य ठानेन । म उठेर उनलाई बसालौँ कि ? भन्ने नलागेको पनि होइन तर यसपटक कन्डक्टरले मसँगबाट रू २०।– बढी असुलेकोले न दगलफसल गर्नु, न झगडा गर्नु, न कराउनु, न बढी विरोध गर्नुभयो । प्रतिष्ठाको विषय पनि हुनाले मनमा रिस उठेरै पनि चुपचाप बसिरहेँ मसँगबाट उपयुक्त भाडा लिएको भए म सम्भवतः, उठेर उनलाई सिट छोडिदिन्थेँ । न चिनेजानेको, न नाता, न अनुरोध, न मैले चढाएको, न मैलै बसाल्ने जिम्मा लिएको, न त बसवालासँग सदाशयता, जब नहुने बेलामा कुनै कतैबाट पनि साथ र

सहयोग दिन सक्दो रहेछ भन्ने कुरा पनि मनमनै अनुभूत हुन गयो ।

अघिजस्तै यो बसले पनि करिब पचास पचपन्न जना जति यात्रुहरूलाई बोकेर हिँड्यो आफ्नै द्रुतगतिमा । मैले माथि नै भनेजस्तो खोइ केको फलले हो ? चारपाँच किमी मात्र के गुडेको थियो, एक्कासि यसको पनि पट्टा भाँचिएर नजिकै रहेको कल्भर्टसँग साइनो गाँस्न पुग्यो । धेरैको मुखबाट ए श्रीमती ! हे दाइ ! ओ भाइ ! होइन कि हे आमा ! ए बाबा ! मात्रले नपुगेर शिव शिव र राम रामको नामले गुञ्जायमान भयो वातावरण र धेरै बेरसम्म कोलाहल पनि मिसिँदै र थपिँदै गयो त्यहाँ । समय निकै छटपटाइरहेको थियो यात्रुहरूलाई गन्तव्यमा पुऱ्याइदिन र उनीहरूले लिएर आएको उद्देश्यलाई पूरा गरिदिनको लागि । त्रासदीपूर्ण यो घटनापछि मानिसहरू तितरबितर हुन थाले । कोही आफन्तलाई फोन गरेर जानकारी दिन, कोही अलिक नजिक भएका आफन्तलाई साधन लिएर आउन र कोही फेरि पछाडिबाट आएका साधनहरूमा चढेर जाने गर्न थाले । म भने नजिकैबाट पेसेन्जर लिएर आइरहेको अटोमा चढेर गन्तव्यस्थलतिर लागेँ तर करिब एक किमी जति बाँकी रहँदै अटोको पछिल्तिरको चक्का अचानक पङ्चर भइदियो अनि नजाने मनमा अनेकौँ तर्कवितर्कहरू एकाकार भएर अगाडि खडा भए र सोच्न थालेँ–आजको दिन भयो कस्तो, हो यो फल केको ? संयोग हो कि वियोग हो ? अनि म हेऱ्याहेऱ्यै मात्र भइनँ कि घरबाट हिँड्दादेखिका त्रासदीपूर्ण घटना र दृश्यहरू सम्झिरहेँ सम्झिरहेँ ।

*– डन्डा, नवलपरासी*

# पढ्नै पर्ने साहित्यिक पत्रपत्रिका

अभिव्यक्ति, रचना, जनमत, भानु, नवप्रज्ञापन, कल्पतरू, नेपाली, हिमाली गुराँस, तन्नेरी, हाम्रो पुरूषार्थ, दायित्व, शिवपुरी सन्देश, शाल्मलि, सुलेख, शब्दाङ्कुर, कौशिकी, शृङ्खला, चेतना सन्देश, हाम्रो पूर्णिमा, अक्षरमार्ग, जमघट, आलेखन, नारीस्वर, रजस्थल, कपन वानेश्वर, हाम्रो मातृभूमि, अक्षय अक्षर, दोभान, वैजयन्ती, अन्तर्बोध, शब्दसंयोजन, शारदा, वनिता, अभिनव, कथालिका, संगम अभियान, ज्याग्दीखोलाको तरङ्ग, गरिमा, अक्षय ज्ञान, गुगुल्डी, तामाङ डाजाङ, लहरा, अर्न्तध्वनि, लोकभावना, नः लि, आँजुर, कलस, महामण्डल, रूपायन, कालिको सुसेली, लावा डग्गर, गोलसिमल, हरचाली, थौं कन्हय, नवमाधुरी र सचेतना आदि ।

# टोपीमा लुकेको भाग्य



• डा. कुसुमाकार शर्मा गौतम

'विवाहको कुरो छिन्न दुलाहा हुने केटा पनि आउने रे !' भन्ने कुराले मेरो मन ढक्क फुलेको थियो । एक हिसाबले त केटा कस्ता रहेछन् भन्ने थाहा हुने । कालो ? गोरो ? बोली कस्तो होला ? सोचेको भन्दा फरक भयो भने ? म के कम छु र ? स्नातक गरेकी छु । म हर्ष र बेचैनीको दोसाँधमा थिएँ । लाजले मेरो भाव भङ्गीमा फेरिएको थियो । मेरो दशा देखेर बाले मलाई हाँसी हाँसी सोध्नुभएको थियो– 'छोरी ज्ञानु, तिमीलाई केटामा के खोट नभइदिए हुन्थ्यो भन्ने लागेको छ ?'

'के कुरा सोधेको त्यस्तो ? केटो वकिल, त्यसमा पनि सरकारी जागिरे । सबै राम्रो भएको सिनेमाको हिरो खोजेर कहाँ पाइन्छ ?' आमा कड्किनुभयो ।

'तैपनि छोरीको मनमा केही छ कि भनेर सोध्नु त पर्‍यो नि !'

बाले आमालाई शान्त गराउँदै हुनुहुन्थ्यो । लाजले गर्दा मेरो मुटुको धड्कन कान र तालुमा बजिरहेको थियो । केही नबोली भुइँमा आँखा गाडेर खुट्टाको बुढी औँलाले भुइँ कोट्याइरहेँ । भाइले जिस्क्यायो– ' दिदीलाई त चुच्चे नाक भएको र तालुखुइले केटो मन पर्दैन रे !' मैले भाइलाई चिमोटेँ ।

'बाहुनको नाक चुच्चे भइहाल्छ नि ! अनि के कपालले खान दिन्छ र ?' आमाले आँखा तर्दै मलाई हेर्नुभयो ।

'त्यसो भने त्यस्तो खास केही छैन हो ?'

बाले मलाई खार्नु भो । म चुपचाप बसिरहेँ । मौन सहमति लक्षणम्, सोधाइको क्रम अगाडि बढेन । ठुलो बोझ हल्का भएको महसुस भयो ।

एक दिन अपराह्न घरको छेवैमा रहेको पँधेरामा नुहाई धुवाई गर्न र पानी भर्न गएकी थिएँ । नुहाई सिध्याएर पानी भर्दै गरेको बेलामा तीन जना सुकिला–मुकिला मान्छेहरू मूलबाटो समातेर पँधेरोतिरै आउँदै गरेको देखेँ । गाउँको मूलबाटो त्यही पँधेरो हुँदै हाम्रो घरतिर जान्छ । दुई जना इस्टकोट लगाएका र पछाडिपट्टि

ढाडमा छाता झुन्ड्याएका अधबैंसे मान्छे पण्डितजस्ता देखिन्थे । तेस्रो व्यक्तिचाहिँ सर्ट, प्यान्ट, आँखामा चस्मा र ढाका टोपी लगाएका जवान नै देखिन्थे । मलाई शङ्का लाग्यो कहीँ यिनीहरू मलाई नै हेर्न आएका त हैनन् ?

त्यो सोच्ने बित्तिकै मेरो तालु सुक्यो । झटपट गाग्रीलाई डोकोमा राखेर कुद्नै आँटेकी थिएँ । पछाडिबाट आवाज आयो- 'ए नानी ! मणिराम अर्जेलको घर कता पर्‍यो ?' अब भने मलाई पक्कै भयो । बाको नाम सोध्ने यिनीहरू पक्का मैलाई हेर्न आएका हुन् । फर्केर हेरेको त ती जवान केटाले मलाई नै क्वारक्वारती घुर्दै रहेछन् । केही न केही जवाफ त दिनै पर्‍यो । भनेँ- 'यो मूलबाटो नछोडी जानुस् । बाँसको झाङ काट्ने बित्तिकै बाटोमुनि ढुङ्गाले छाएको रातो रङ्को घर देखिन्छ, त्यही हो ।' कसरी एक सासमै भन्न सकेँ आफैलाई अचम्म लाग्यो । उनीहरू गएपछि म पनि घरतिर लागेँ ।

म घरमा पुग्दा पाहुनालाई बा, आमा अनि सानोबा र सानीमा मिलेर स्वागत सत्कार गर्दै हुनुहुन्थ्यो । पाहुनाहरूलाई आँगनको डिलमा कम्बल बिछ्याएर बसाइएको थियो । हजुरआमाले 'को हौ ? के हौ ?' भनेर पाहुनालाई खगी-खगाउ पार्दै हुनुहुन्थ्यो । हजुरआमा बुढेसकाल लागेर आँखा कम देख्नुहुन्छ । त्यही भएर मुन्टो अगाडि तानेर एक एक जनालाई गहिरिएर हेर्दै हुनुहुन्थ्यो ।

म आँगनमा पुग्ने बित्तिकै बाले मलाई देखाउँदै भन्नुभयो 'यिनी मेरी छोरी ज्ञानु हुन् ।' गाग्री बोकिराखेकी म कस्तो अप्ठेरोमा परेँ भन्नै सक्तिनँ । लाजले निहुरिएकै अवस्थामा नमस्ते गरेर घरभित्र पसेँ । गाग्री राख्दै गरेको बेलामा भाइ आयो र 'दिदी ! दिदी ! यी मान्छेहरू तिमीलाई हेर्न आएका हुन् रे ! बाले भनेको । कस्तो गज्जब भयो नि ! त्यो मान्छेको नाक चुच्चे छैन ।' भनी कानेखुसी गर्दै आँखा सन्कायो । भाइलाई रिसाएको आँखा देखाएँ तर मनमनै खुसी भएकी थिएँ नाक चुच्चे नभएकोमा । फेरि मेरो सोचाइ तालुमा गयो ।' टोपी लगाएको छ, तालु ?' मेरो कौतुहलताले सीमा नाघ्दै गयो ।

एकछिन पछि आमा भित्र आउनुभयो । आमालाई म कपडा लगाउन जान्छु भनेर भऱ्याङ चढेर माथि आफ्नो कोठामा गएँ । मेरो कोठाबाट पुरै आँगन देखिन्थे । झ्याल खुलै भएकोले मैले पाहुनाहरूलाई पुरै देख्न सक्थेँ । कोठाको एक कुनामा बसेर केटालाई हेरेँ । मनमा कता कता काउकुती लाग्यो । केटा गोरा, राम्रा रहेछन् । टोपी पनि कस्तो सुहाएको । चस्मा लगाउने भए पनि टोपी र चस्माले मुहार झन् खुलेको थियो । म पुलकित भएँ । टोपी झिक्यो भने के होला ? तालु खुइले त नहोस् ।

तालु सम्झने बित्तिकै पूर्व स्मृतिले डोऱ्यायो । म एसएलसीपछि आई.ए. पढ्न सहर गएँ । त्यही समयमा मैले

पढेको विद्यालयले एक जना शिक्षक भर्ना गरेको रहेछ । मेरा बा विद्यालय व्यवस्थापन समितिको सदस्य भएकाले ती शिक्षक मेरो घरमा आऊ जाऊ गर्दा रहेछन् । त्यही मौकामा मेरो बारेमा ती शिक्षकले सबै जानकारी लिएका रहेछन् ।

पहिलो वर्षको जाँच सिध्याएर म घर गएको बेला एक दिन साँझपख मैले नचिनेका एक जना मानिस हाम्रो घरमा आए । त्यतिखेर बा घरमा हुनुहुन्थेन । आमा पनि हजुर आमालाई लिएर स्यानाबाको घरमा जानुभएको थियो । भाइ विद्यालयबाट आइपुगेको थिएन । नचिनेको मान्छे घरमा आउँदा मैले 'कसलाई भेट्न आउनुभयो ? भनेर सोधेँ ।'

'तिमीलाई' भन्ने जवाफले म खुर्मुरिएँ, हतप्रभ भएँ ।

मैले कहिल्यै पनि नदेखेको र नचिनेको मान्छेको जवाफ सुनेर रिस उठेर आयो । तिनको नियत राम्रो नभएको जस्तो लाग्यो । यसका साथै मलाई डर लाग्न थाल्यो- 'मैले त तपाईंलाई आजभन्दा पहिले कहिल्यै पनि देखेकी छैन । नचिनेको मान्छेलाई किन भेट्नुपर्‍यो ?' मेरो आवाजमा उत्तेजना र डर मिसिएको थियो ।

'मैले त ठट्टा गरेको । म यहींको विद्यालयमा शिक्षक छु । बुवासँग गफ गर्न मन लागेर आएको । सधैं बुवाले तिम्रो बारेमा कुरा गर्नुहुन्थ्यो । आज भेट भयो ।' बोल्दा पनि उछिट्टिएका दाँत, चुच्चे नाक र खुइलिएर चिल्लो भएको टाउको देख्दा कति कुरूप मान्छे रहेछन् भन्ने लाग्यो । रूपको साथसाथै बेहोरा पनि गएगुज्रेको लाग्यो ।

'म आएको थिएँ भनेर बुवालाई भनिदिनू ।' भनेर ती शिक्षक हिँडे । त्यो दिनको घटनाले एउटा कुराको शङ्काले घर गर्‍यो मेरो मनमा । ती शिक्षकको नियत मसँग विवाह गर्ने त होइन ? त्यो सोचाइले मेरो मन अत्तालियो । चुच्चे नाक र तालु खुइलेप्रति घृणा जाग्यो । बा आएपछि ती शिक्षकको नियत र बेहोरा राम्रो नभएको भनेर गुनासो गरेँ । बाले त्यस्ता केटासँग विवाह नगरिदिऊन् भनेर भाइलाई 'मलाई त चुच्चे नाक र तालु खुइले मन पर्दैन भन्दिनु बालाई' भनेर सम्झाई रहेँ ।

म स्मृतिमा डुबिरहेको बेला आमाले कोठामा आएर 'ज्ञानु !' भनेर बोलाउँदा झसङ्ग भएँ । आमा खुसी देखिनुहुन्थ्यो ।'ज्ञानु ! केटाले तँलाई मन पराए रे ! हामीलाई पनि केटा राम्रै लागे । तँलाई कस्तो लाग्यो ?'

'मैले के भन्नु ? हजुरहरूले राम्रै देख्नुभएको रहेछ । ठिकैजस्ता छन् ।' मेरो बोली फुट्यो ।

'कुरो मिलेपछि भोलि नै टीकाटालो गर्ने भन्नुहुन्छ उहाँहरूले । आज यहीँ बस्ने रे !' यति भनी आमा बाहिर जानुभयो ।

'यहीँ बस्ने रे ?' मनमनै दोहोर्‍याएँ । यहीँ हाम्रो घरमा ? मलाई किन हो किन राम्रो लागेन । कता कता डर पनि लाग्यो । त्यहीबेला

सानीमा म भएको कोठामा आउनुभयो र भन्नुभयो 'केटा सोमतिला र खुला दिलका रहेछन् । तलाईं राम्रोसँग पाल्ने छन् । भाग्यमानी रहिछेस् ज्ञानु । खानेपिउने र सुत्ने व्यवस्था हामी कहाँ गर्ने हो । सहयोग गर्न तँ पनि आइज तल ।' पाहुना सानिमाको घरमा बस्ने भन्ने भनाइले मलाई चरम खुसी दियो । 'हस्' को भावमा मैले टाउको हल्लाएँ ।

कपडा लगाएर म पनि सानिमालाई सहयोग गर्न आमासँगै कान्लामुनि सानाबाको घरमा गएँ । खाना खानु अगाडि सानिमाले मलाई र केटालाई कुरा गर्न आफ्नो कोठामा एक्लै पारिदिनुभयो । म त लाज र डरले भुतुक्कै भएँ । मेरो सास माथिको माथि, तलको तल अड्कियो । मैले केटालाई हेर्न त कता हो कता केटाको खुट्टा मात्रै हेर्न सकेकी थिएँ । निलो रङको मोजा र निलै रङको पाइन्टको मोता मात्रै देखेकी थिएँ । केटालाई पनि के भन्ने ? के सोध्ने ? भनेर बचैनी बढेको अडकल गरेँ । आफूले लगाएको हातेघडीको चेन खोल्दै लगाउँदै गरे धेरै बेर ।

'मलाई ईश्वर भन्छन् अनि तिमी ?'

म झसङ्ग भएँ- 'मलाई ज्ञानु ।'

'म वकिल हुँ । छिमेकी जिल्लामा काम गर्छु । मलाई त तिमी राम्री लाग्यौ । म कस्तो छु ?'

मलाई झन् सरम लाग्यो । मुठ्ठी कसेँ । भुइँ कोट्याउँदा कोट्याउँदा अब त नङ नै खिइसक्यो तैपनि केही त भन्नै पऱ्यो अनुहार रातो पार्दै भनेँ- 'राम्रो' । धन्न त्यही बेला आमाले बोलाउनुभयो भान्सामा ।' म भान्सामा जान्छु है ?' भनेर दौडिएँ । भान्सामा दौडेर पुग्दा स्याँ स्याँ भएकी थिएँ । मेरो हालत देखेर आमा र सानिमा मरीमरी हाँस्नुभयो । मलाई भने केटाप्रति माया जागेर आयो । पहिलो नजरमा पिरती बस्यो भनेको यही हो कि ? मैले आफैलाई भाग्यमानी ठानेँ ।

भोलिपल्ट बिहानै टीकाटालोको कार्य सुरू भयो । बाआमाले हामी दुईलाई टीका लगाइ दिइसकेपछि बाले हजुरआमालाई- 'केटाकेटीलाई तपाईंले पनि टीका लगाइदिनुस् आमा' भन्नुभयो । हजुरआमाले टीका दाहिने हातमा लिएर केटातिर बढाउनुभयो । आँखाले निधार ठम्याउन नसक्दा देब्रे हात अगाडि बढाउनुभयो । देब्रे हातको औँलाले केटाले लगाएको ढाकाटोपी खसाइदियो ।

त्यो दृश्य देखेर सबै हतप्रभ र निःशब्द भए । सबै छक्क परे । केटाको अगाडिको तालु त पुरै खुइलेको रहेछ, एउटा पनि रौँ रहेनछ । हजुरआमाले निधार छाम्दै भन्नुभयो- 'बाबुको निधार कति ठुलो रैछ ? धेरै भाग्यमानी रहिछे ज्ञानु ।' भाइले देब्रेतिरबाट आँखा सन्काउँदै मुख कच्याक-कुचुक पाऱ्यो । मनमनै आफैलाई धिक्कारेँ 'तालु खुइले दुलाहा मैलाई पर्नुपर्ने ?'

# आमा



● गङ्गा लिगल

आमा आहा ! कति आनन्दमय स्पर्शको शब्द बिम्ब। यो अलौकिकताले संसारलाई नै जित्न सफल भएको छ । आमा शब्दको उच्चारण गर्ने बित्तिकै अलौकिक आनन्दको आभास हृदयमा छचल्किन्छ ।

विनिका र वल्लभको अपार नगन्य प्रेमको नतिजा सफलीभूत भएको थियो । एक अर्कामा यति घनिष्टता बढेको थियो जसले गर्दा जीवन आह्लादमय बन्न पुगेको थियो ।

विवाहपछिको जीवन त झन् अनौठो थियो । एक गाँस निल्न पनि दुवै एक साथ हुनुपर्थ्यो । दुवै जनाको अत्यन्त मिठासपूर्ण सम्बन्धले घर संसार स्वर्गसरि थियो । एक अर्कामा न विरोधाभास थियो, न त मनोमालिन्यता थियो । प्रत्येक काम कुराहरूमा सहयोगी भावनाको मिठो लहर थियो ।

कहीँ जानुपर्दा एकसाथ जाने, प्रत्येक काम कुरामा सहयोगी भावनाको ओज थियो। यसरी जिन्दगी अति रसिलो रमणीयमा बितिरहेको थियो। दुवै जनासँगै काममा जान्थे, सँगै आएर मिली खाना पकाई खाई घर सफाइ मिलेरै गर्थे ।

दुई वर्षपश्चात् विनिका गर्भिणी भइन् । एक आपसमा झगडा गर्ने रमाइलो बाटो निकाले मजाक जस्तै । वल्लभ भन्छन्- 'मलाई छोरी चाहिन्छ ।' विनिका भन्छिन्- 'मलाई छोरा चाहिन्छ ।' यसै गरी समय बित्दै गयो, दिन पनि आइपुग्यो विनिकाले छोरीलाई जन्म दिइन् । छोरीको नाम पनि वल्लभी राखिदिए । अति सुन्दर गुलाबको फूलजस्ती छोरीलाई पाएर ती जोडी अति दङ्ग थिए ।

समयानुसार दुवैको काममा पनि फरकपन आउन थाल्यो । काममा अलग अलग नै जानुपर्ने भयो । यसले गर्दा घरको काममा केही बाधा अड्चन आउनु स्वाभाविकै हो । बिस्तारै वल्लभी ६ महिना कि भई । मुखको आवाज, हाँस्ने इत्यादिले गर्दा घरको वातावरणमा नयाँ रौनक थपिन थाल्यो जसले गर्दा घर संसार स्वर्गसरि भान हुन पुग्यो ।

अब यसरी छोरी वल्लभीको पास्नीको समय आयो यसमा भरपुर

रमाइलो गर्ने योजना तैयार हुन थाल्यो । यस्तो परिवारको पहिलो सन्तान त्यो पनि वल्लभलाई मनपर्ने । सारा आफन्तहरूलाई निम्ता दिएर भव्य गर्ने तैयारी भयो ।

ठाउँ ठाउँका नयाँ परिकारका पक्वान र सामग्रीहरू मगाइयो । गान, बजान, नृत्य आदिले पार्टी हल यति रमाइलो भयो कि वर्णन गरेर साध्य नै थिएन । सजावटले हल नयाँ बेहुलीभन्दा पनि सुन्दर लागेको भान हुन्थ्यो । ठाउँ ठाउँका बाजा गाजा र नृत्यले त अझ इन्द्रपुरी समान हुन पुगेको थियो ।

कार्यक्रम भव्य रूपले सम्पन्न भयो । सबै पाहुनाहरू खुसी खुसी बधाई दिएर घर फर्के । कामअनुसारको मान्छेहरू पनि सफाई सकेर आ-आफ्नो स्थानमा फर्के । वल्लभको परिवार पनि सुन्दर बच्चा वल्लभीलाई लिई आफ्नो घर फर्के । घर फर्कंदा रातको दुई बजिसकेको थियो तब बिहान उठ्दा एघार नै बजिसकेछ । नुहाई धुवाई गरी खाना खाँदा दुई बजिसकेको थियो । हिजोको थकाई मेट्न दिनमा पनि केही बेर आराम गरे । करिब चार बजेतिर खबर आयो उनको पसलमा अचानक राती सामानहरू चोरी भयो ।

वल्लभ निक्कै सामानका ठुलो डिलर्स थियो । प्रशस्त पैसा कमाउँथ्यो । रिस गर्नेहरूले मौका छोपी चोरी गर्न लगाएको कुरा थाहा हुन आयो । हतार हतार परिवारलाई राम्रोसँग बस्नु भनेर सम्झाएर उनी हिँडिहाले । यता विनिका यस कुराले अति चिन्तित भइन् । शत्रुसँगको भिडन्तको घटना पो भयो । अब के होला भन्ने मनमा अति चिन्ता लिएर बसिन् ।

उता त ठुलो जत्थाद्वारा धेरै सामान लुटिएको समाचार बारबार रेडियो टिभीले दिइरहन्थ्यो । यसको लागि छानबिन अनि पुलिस केस पनि गर्नै पऱ्यो । पैसा पनि उत्ति नै खर्च भइरहेछ तर मान्छे भेटिएको छैन । सारै गाह्रो अवस्थाको समय झेल्नुपरेको थियो । वल्लभलाई अनेक सुरागद्वारा मान्छेहरू पत्ता लागे पनि तिनीहरू धेरै टाढा गइसकेको जानकारी आयो तर पनि पत्तो लागेन । पुलिसले पनि जताततै छानबिन गरिरहेकै थिए । एकदिन वल्लभ केही साथी लिई शङ्का लागेको ठाउँ पुग्न सफल भए तर सारै खतरनाक ठाउँ थियो ।

६ जना साथीको साथ पत्ता लगाउँदै त्यो ठाउँमा पुगेका के थिए । ती खतरनाक चोरका जत्थाले तुरून्तै सबैलाई समातेर कब्जामा लियो । एक साथ सबैलाई बाहिरका मानिसले थाहा नपाउने गरी भित्रै बन्द गरिदिए । धेरै दिनसम्म भोकै कष्ट दिएर राखे । झगडा गर्न या त्यो विषयमा बोल्न थाले पिटेरै थलापारि दिन्थे । अति भएपछि बडो मुस्किलले चोरहरू नभएको मौका पारी भाग्ने कोसिस गर्दा बाटैबाट पुनः समातेर सबैलाई कोठामै लगेर ड्याम ड्याम बन्दुकले हानेर मारिदिए । आफ्नै सम्पत्तिको लागि आफ्नै जयान

दिनुपऱ्यो । यो कस्तो विडम्बना हो भनेर साध्य थिएन । पुलिसले खोजी गरी चाल पाएपछि सबै रेडियो र टिभीबाट पनि प्रसारित गर्न थाले ।

भिडियोबाट सबै लाइभ देखेपछि अचानक विनिका बेहोस् भइन् । समाचार सुनेपछि छिमेकी महिलाहरू सान्त्वना दिन आए । पानी छ्यापेर जगाइदिने गर्थे । फेरि एकै छिनमा तिनी बेहोस् हुन्थिन् । निक्कै दिनसम्म यही क्रम चल्यो ।

बिस्तारै छिमेकीहरू पनि फुर्सद नपाएर आउन छोडे । दिनहुँ यस्तो हुँदा सानो बच्चाको पनि हालत खराब हुन थाल्यो, कसले के गर्ने ? हेर विचार गर्ने कोही थिएन । केही दिनपछि विनिका आफैले पनि बेहोसीमै प्राण त्यागिछिन् । छोरीको छेउमा सुतेको बेला सुतेको सुतै बितिन् तर थाहा पाउने कोही भएन । प्रायः अचानक रातको दश बजे दुधवालाको पसलमा एउटी दुब्ली निन्याउरी आइमाई सानो बोतलमा दुध किन्न आउँथिन् । व्यापारीको बेच्ने काम दिएर पठाए । सधैँ त्यही समयमा त्यही बोटल लिएर बच्चाको लागि दुध सकिएछ भनेर आउँथी पसलेले दिएर पठाउँथे । एक दिन व्यापारीलाई केही शङ्का लागेछ । किन होला यति राति सधैँ दुध लिन आउने भनी सोच्न थालेछ ।

अनि एक दिन त्यसै गरी आएको बेलामा तिनलाई दुध दिएर पठाएपछि अरू दुई जना साथी बोलाएर लुकी लुकी तिनको पछि लागेछ । केही टाढाबाटै ती एउटा राम्रै घरमा पसेको देखियो । सबै जना शसङ्कित पनि भए । हेर्दा धनी मान्छेहरूजस्तो । फेरि त्यति टाढा सधैँ एक्लै मान्छे त्यति टाढा दुध लिन आउँछे किन होला भन्ने कुरामा सोच्न थाले । पछि लाग्दालाग्दै घर आइपुगेर तिनीहरू सिँढी चढेर माथि पुग्दा ती महिला देखिइनन् मात्र एक बच्ची देखा परी । बच्चीले उही दुधको बोतल मुखमा राखेर चुसिरहेको थिइन् । सबै छक्क परे आमा खोई त ? बच्चा न हो उसलाई न पिर न शङ्का केवल दुध पिएर पेट भर्न पाए पुग्थ्यो ।

अचम्ममा परेर सबै घोरिन थाले । केही छिनपछि बच्चीको छेउमा आँखा पऱ्यो । आमा त छेउमै सुतेकी रहिछिन् । कसरी ? सँगसँगै आएकी फेरि तुरुन्तै कसरी सुतिन् सबैले अचम्म माने । केही शङ्का पनि उब्जन थाल्यो ।

भरखरै सँगै आएकी हुन् अनि कसरी ? कति बेला सुतिन् ?

त्यसपछि दूधवालाले ती महिलाको यसो जिउमा छाम्दा दरिलो भयो । त्यसपछि गाला घाँटीतिर छाम्न थालेपछि त चिसो ... । ओहो ! यो त मान्छे होइन भन्दै आत्तिएर चिच्याउन थाल्यो । भाग भाग भूत भूत भन्दै दौड्न थाल्यो अनि अरूले नडराऊ पख, बस एकछिन बुझौँ न भनेपछि सबै शान्त भए ।

बिस्तारै दुधवालाले भन्न थाले– 'हेर भाइ, हो यस्तो नाबालक बच्चा

यस्तो गतिमा छ । त्यसै छोड्न हुन्न पाप लाग्छ । हेर मेरो बच्चा छैन । म माया गरी पाल्छु यसलाई । एकैपटक सबैले हो हो हो ठिक भनिस् भने ।

तिनले बिस्तारै बच्चालाई मायाले काँधमा बोकेर घर ल्याए । दुधवालाकी बुढी पनि सारै खुसी भई यस्तो बच्चा पालेर काख भर्न पाउँदा । यिनी दुधवाला व्यापारी गरिब थिए । जुन दिनदेखि बच्चा घरमा ल्याए सो दिनदेखि उनको पसलमा यति बिक्री बढ्न लाग्यो कि भनेर साध्य नै भएन । अहो ! यो बच्चा त सारै लछिनकी रहिछ भन्न थाले सबैले । हेर्दाहेर्दै सानो दुधवाला दुधको ठुलो ठेकेदार पो भयो ।


पछि सरकारी निकायले वल्लभ र विनिकाको घरको छानबिन गरेपछि बच्चाको विषयमा चर्चा हुँदा दुधवालाले पालेको छ भन्ने थाहा भएपछि त त्यो सम्पत्तिको मालिक त बच्ची वल्लभी नै हो भनी कानुनी तबरबाट दुधवाला घनश्यामलाई बोलाई सबै सम्पत्ति घर सबै बच्चीकै नाममा गराई घनश्याम सम्पत्तिको जिम्मेवार व्यक्ति बनेपछि के चाहियो ? घर थिएन त्यस्तो सुन्दर महल जस्तो घरमा पर्सिपल्ट नै सरिहाले । यसरी बच्चालाई काँध या काख लिँदा घनश्याम मालामाल भए ।

एक दिन आरामले बसेर त्यही विषयमा सोचेर मनमनै गुँथेका कुराहरू यसरी व्यक्त गरे- अहो ! आमा भनेको संसारमा सबभन्दा ठुलो व्यक्ति या मान्छेको नाम हो । आमाको जस्तो माया संसारमा कसैले दिन सक्दैन । ती त त्याग, बलिदानकी प्रतिमूर्ति नै हुन् । अनेक कष्ट गरी बच्चा जन्माएर स्याहार सुसारमा मात्र नगरेर आफू नखाएर भोको पेट रहेर समेत बच्चाको पेट भर्ने अरू कोही होइन मात्र हुन् आमा । काम गरेर जति थकित भए पनि आफू आराम गर्ने नसोचेर पहिला बाल बच्चाको स्याहार मात्र नभएर सुकिला लुगा अनि पेट भरेर जतनसँग आरामले सुताएर बल्ल आफू खाने मान्छे हुन् आमा । खाने कुरा घरमा भएन भने पेटमा पटुकी बाँधेर पहिला बच्चालाई पेट भराएर बचे खुचेको नुन पानी मिसाएर आफूले आधा पेटमा चित्त बुझाउने पनि आमा नै हुन् ।

बच्चाको खुसीलाई आफ्नो खुसी मानेर स्वर्गको आनन्द लिने पनि आमा नै हुन् । यो 'आमा' शब्द अति सुन्दर मात्र नभएर अवर्णनीय छ । यो केवल मान्छेको लागि मात्र होइन संसारभरि जति पनि जीव जीवात्मा छन् तिनका सबै आमाहरूको गुण अपरम्पार छ । पशुपक्षीलाई हेरौँ ...

'वनका पशु
झुम्छन् त्यही मायामा
अलौकिक छ
चारा बोकेर
दौड्दै आउँछे ।
कस्तो आनन्द
भोक मेटाउन
मायालु पोल्टामा
खान्छन् बसेर ।'

# मृगतृष्णा



• गोविन्दबहादुर कुँवर

उमेर नमिल्ने विचार मिल्ने एक जना साथीको छोरीको बिहेको निम्तो मान्न म मध्य पहाडी लोकमार्गको बाटो हुँदै पोखरा जाँदै थिएँ, भोर्लेटार पुगेपछि बस सञ्चालकले भने- 'हजुरहरू यहीँ ओर्लनुस्, अब तपाईंहरू पोखराबाट आएको गाडीमा जानुपर्छ' अनि हामी पोखराबाट आएका यात्रुहरू लिएर बेसीसहर फर्कन्छौँ । हामीहरू बाह्रतेह्र जना रहेछौँ । हामी केही अप्ठ्यारो मान्दै ओर्लियौँ ।

नजिकै एउटा बसले हाम्रै प्रतीक्षा गरिरहेको रहेछ । हामी बसमा चढ्यौँ, अरू यात्री थिएनन् । बस पनि अघिल्लो भन्दा नयाँ र सुविधाजनक भएकाले गुनासो गर्न पर्ने अवस्था रहेन । अघिल्लो बसमा खुट्टा खुम्च्याएर बस्नुपर्दा असजिलो भएको थियो ।

ठिक सवा बाह्र बजे हाम्रो बसले आफ्नो यात्रा आरम्भ गऱ्यो । बसका चालक र सञ्चालकहरू पनि सहयोगी र फरासिला रहेछन् । भोर्लेटारमा दुईचार जना यात्रु थपिएका थिए । बसका आधाउधी सिटमा मात्र थियौँ, हामी यात्रुहरू । बसले दोहोरी गीत घन्काउन थाल्यो । नेत्र भण्डारी र रेजिना परियारले मुटु नै धर्किने मायाका गीत गाए । मादीको पुल तरेपछि पिप्लेमा एउटी महिलाले हात उठाएर बस रोकिन् । ढोकाको आडैको मेरो सिटमा तिनी बसिन् । उनले झ्यालपट्टि बस्छु भनेपछि मैले ठाउँ छोडिदिएको थिएँ ।

सडक सफा र चिल्लो थियो । गाउँघर र वन जङ्गलका सुन्दर दृश्यावली तथा उकाली, ओराली र सुन्दर नागबेली घुम्तीहरूमा हाम्रो मन रमाउँदै थियो । यस्ता यात्रामा म डेल कार्नेगीको एउटा उक्ति सम्झन्छु । आफ्नो पुस्तकमा उनले भनेका छन्, 'जबसम्म तपाईं अरूप्रति चासो राख्नुहुन्न, तबसम्म अरूले पनि तपाईंप्रति चासो राख्दैनन् ।' कस्तो घतलाग्दो सत्य कुरा छ यो ।

मलाई खस् खस् लागेकाले आडैमा बसेकी सहयात्री महिलालाई सोधेँ, 'बहिनी कहाँसम्म ?'

'हजुर, म नि पोखरासम्मै हो ।'

'पोखरा कहाँ नि ?'

'बिरौटा ।'

'ए ए म पनि बिरौटा जाने हो, मलाई सजिलो हुने भयो । मलाई त्यताको उति मेसो छैन ।'

'भइहाल्छ नि !'

'अनि बहिनीको नाम ! यता घर, माइती, मामाघर के नि ?'

'म शर्मिला पाण्डे ! माइती हो, चिसङ्कु, हिजो आएथेँ । हजुरको पनि परिचय पाऊँ न त ।'

'मेरो नाम गौरीशङ्कर, घर कुन्छा । म सेवा निवृत्त पूर्व कर्मचारी ।'

'कुन्छा नजिकै पुर्काङ मेरो मामाघर हो, सेढाईंहरू मेरो मावली हुनुहुन्छ ।'

'ए ए चेलीबेटी नै पो पर्नुभएछ अनि घरपरिवारमा को को छन् त ?'

'हामी दुई, हाम्रा दुई । एक नानी, एक बाबु ।'

'हुन त आइमाईको उमेर नसोध्नू, छोरा मान्छेको तलब नसोध्नू भन्छन् । मलाई त, तपाईं चालीसको वरिपरिजस्तो लाग्यो, कसो हो ?'

'ठिकै हो, हजुर । म त्रिचालीस भएँ अनि हजुर नि ?

'म त तीन बीस ।'

'बुझिनँ हजुर ।'

'पहिले गाउँघरमा सयलाई पाँच बीस भनिन्थ्यो, साठीलाई तीन बीस । उतिखेर पढेलेखेका मान्छे कम थिए । पचास भन्न परे दुई बीस र दश भन्थे । अचेल त त्यो चलन हराइसक्यो ।'

'हजुरको पिन्सिन नि धेरै नै होला, हाकिम हुनुहुन्थ्यो होला हैन, हजुर ? हुन त सोध्न नहुने हो कि मैले नि ?'

हाकिम भए पनि हाम्रो पेन्सन कति नै हुन्छ र ? हाम्रो भन्दा इन्डियाको बुढो सिपाहीको धेरै हुन्छ । मेरो त त्यही पुगनपुग तीस जति हुन्छ ।'

'त्यो पनि धेरै नै हो नि, हजुर, हाम्रो देशको अवस्थानुसार ।'

'आफै त अनि श्रीमान्को पेसा व्यवसाय के छ नि ?'

'उहाँ पूर्व सुरक्षाकर्मी हो, अहिले सेवा निवृत्त भएको तीन वर्ष भयो ।'

मैले प्रहरी कि सैनिक के हुन् भनेर सोधिनँ । प्रहरी भए जनपथ कि सशस्त्र र सैनिक भए नेपाल, भारत, बेलायत, सिङ्गापुर कता कुन देशको भनेर सोध्न पर्ने हुन्थ्यो- 'ए ए घरमै हुनुहुन्छ कि ?'

'नाइँ हुनुहुन्न अहिले त यु एस ए हो दुई वर्षदेखि ।'

'जङ्गलको बाटो हो कि ?'

'हैन हजुर ? वर्किङ भिसा हो ।'

'अनि पोखराजस्तो सुन्दर

ठाउँमा घर । पेन्सिन र घरभाडा पनि आउला । यतै केही सानोतिनो व्यवसाय गरे पनि हुन्थ्यो । चालीस काटेपछि रमाउँला भन्छन् । तपाईंले त श्रीमान्‌लाई विदेश पो पठाउनु भएछ त !'

तिनी गम्भीर भइन् । एकछिन् टोलाइन् । तिनको निधार खुम्चियो । केही बेरको मौनतापछि लामो सुस्केरा हाल्दै भनिन्- 'मैले पठाएको हैन हजुर । उहाँ आफैँले जिद्दी गरेर जानुभएको । पहिले जागिरको क्रममा पनि बाहिरै हुनुभयो

धेरै । यतै केही गरौँ, परिवार सँगै बसौँ । बाबु घर भएपछि छोराछोरीलाई पनि बलियो आधार हुन्छ भनेकी हुँ ।'

'त्यही त, बाहिर गएर सुख पाइन्छ भन्नु, त्यो सबै गलत हो । बाहिर बस्नेहरूलाई हामीले यहाँबाट सुखी देख्ने हो । उहीँ गएर हेर्ने हो भने, उनीहरू सुखी देखिनन्न् । तिनीहरू रात दिन काममा घोटिइराखेका हुन्छन् ।

त्यहाँ जति नै राम्रो काम गरे पनि आफ्नो पहिचान हुँदैन । विदेशमा जहाँ गए पनि दोस्रो दर्जाको नागरिक हुनु हो । आफ्नो माटोमा बगाउनुपर्ने रगत, पसिना पराइ माटोमा बगाएपछि राम्रै पैसा पाइएला त्यो बेग्लै कुरा हो । अरू उपाय नै नभए त त्यो पनि गर्नै पर्‍यो ।'

'हो, हजुर मैले पनि कति सम्झाएकी हुँ । धन सम्पति नै सबै कुरा होइन, परिवार सँगै बसौँ । बाबु नानीलाई राम्रो शिक्षा र संस्कार दिऊँ भनेकी हुँ, तर उहाँले सुन्नै चाहनु भएन ।'

कार्ड नबनेसम्म उहाँ आउन नपाउने, कथम्‌कदाचित आए पनि फेरि जान नपाउने । त्यो बेलासम्म हामी जान पाउने पनि कुरै भएन । कोही त दशपन्ध्र वर्ष बस्दा पनि कार्ड नबनेर फर्किए भन्छन् । आखिर अमेरिका पुगे पनि त्यही एक पेट खाने हो, एक हर लाउने हो । ... आखिर यो मृगतृष्णा किन ?'

बोल्दाबोल्दै तिनको गला अबरूद्ध भयो । त्यसपछि हाम्रो संवाद पनि रोकियो । मलाई उनको मन अरू दु:खाउन मन लागेन ।

बेहुलीको घर नपुगुन्जेल पनि तिनै महिलाको कुराले मन बोझिलो भई रह्‌यो मेरो ।

बिरौटाको राम मन्दिर पुगेपछि म नहरको बाटो लागेँ, उनी मन्दिरलाई देब्रे पारेर अगाडि बढिन् ।

नहरलाई देब्रे पारेर एक्लै लुखुर लुखुर हिँड्दा मेरो मनले भन्यो, 'यो संसारमा मृगतृष्णाको पछि नलाग्ने को पो होला र खै !'

— *भोटेओडार, लमजुङ*

# विदेश मोह



● जेबी खत्री

कुनै व्यापार व्यावसाय गर्न, राम्रो अवसरको खोजीमा लागेको पनि दुईचार वर्ष नै भयो । त्यसो त ऊ राम्रै पढेलेखेको बेरोजगार युवा हो । जागिरका लागि भौँतारिएको पनि त्यति नै भयो । के गर्ने भन्ने विषयलाई लिएर उसको मनस्थिति ढलपलढलपल भइरहन्थ्यो । कहिले सानोतिनो भए पनि जागिर नै खाने मनस्थितिमा पुग्थ्यो त कहिले कुनै व्यापार व्यावसाय गर्ने निर्णयमा पुग्थ्यो । अहिलेसम्म न त कुनै जागिर छ न कुनै व्यावसाय नै । फगत बेरोजगार छ ऊ । जागिरकै लागि कुनै पाटीको झोला बोकेर हिंडेन । चुनावमा भोट खसाल्न पनि गएन । कसैलाई भोट यता दिउँ भनेर पनि हिंडेन । राजनीतिमा देखिएको विकृति र विसङ्गतिले अवाक भएको थियो ऊ । राजनीतिका बारेमा अरूका कुरा बढी सुन्न रूचाउने आफू कम बोल्ने गर्थ्यो ।

बुवा गाउँको पुरानो हाइस्कुलका प्रधानाध्यापक परिवार ठुलो । बुवाको जागिर पछाडिको समय मैनावारी केही पेन्सन आउँथ्यो । त्यो यता र उता चुँड्दा केही घर खर्च धान्न पनि मुस्किल हुन्थ्यो । परिवारका अन्य सदस्यहरू पहाडमै बस्थे । तराईमा पनि सानो घर थियो । बुवाले जागिर खाँदा बचेखुचेको र आमाले खेती किसान गरेर जोरजाम गरेको पैसाले किनेको थियो । आमाको जागिर नभए पनि गाउँमै थोरै खेतीपाती थियो । खेतीपाती भए पनि विकट पहाडदेखि खानेकुरा ल्याउन सम्भव थिएन । मधेसमा बस्नेका लागि मधेसमै किन्नुपर्थ्यो । त्यसका लागि खटाएर पहाडबाटै खर्च आउँथ्यो । त्यसैले पुऱ्याउनुपर्थ्यो ।

आजको महँगी कहिले त तरकारी किन्ने पैसा नपुगेर श्रीमतीको भनाइ खप्नुपर्थ्यो । बुवा एक जनाको जागिर । दुईतिर परिवारको बसाइ । त्यो पनि आजको आकासिँदो महँगी । कहिले बुवा आमाको, कति पैसाले पनि पुऱ्याउँदैनौ किन ? भन्नेजस्ता खप्की खानुपर्ने । अब त आफूले पनि केही गर्न सक्नुपर्ने आदिजस्ता भनाइ सहनुपर्थ्यो । मैनावारी बिजुलीको

बिल आउँछ । खाने पानीको बिल आउँछ । मोबाइलमा रिचार्ज कार्ड हाल्नै पर्‍यो । दुवैको हातमा मोबाइल छ । नेटको पैसा महिनामा पाँचसात सय तिर्नै पर्‍यो । घरमा डिसहोम जोड्न मन छ तर सकेको हैन । ल्यान्डलाइन जोड्न बाँकी नै छ ।

कहिले खाना बनाउने बेलामा त कहिले खाने बेलामा बत्ती जान्छ । बत्ती आएपछि खाउँ भने तीनचार घन्टापछि आउँछ । एउटा सोलार, नभए इन्भटर राखौँ न त भन्दा तीसपैंतीस हजार लगानी लाग्छ । नराखौँ त अरू बेला त ल जसोतसो गरौँला । पाहुनापात आएको बेला पाहुनाले पनि एउटा इन्भटर त राख्नै पर्ने रहेछ भनेर जान्छन् । यी सब कुरा पूरा गर्न त गाह्रै छ । निकै हुने खानेको घरमा त कुनै न कुनै कुराको अभाव खड्किरहेको हुन्छ । उपयोग नगरौँ त समयको माग आजको अति आवश्यकता नै भइसक्यो । नहुनेले पनि जसरी तसरी जोडजाम गरेर भए पनि घरमा बत्ती, पानी, फोन जोडेकै छन्, टि.भी. हेरेकै छन् । एउटा कम्प्यूटर नभए ल्यापटप चलाएकै छन् ।

कुनै न कुनै सवारी साधन घरमा हुनै पर्‍यो । प्रायः हरेक सदस्यले मोबाइल बोकेकै छन् । मिठो खाएका छन् । राम्रो लाएकै छन् । सबैलाई पुगेकै छ । समयले ल्याएको आवश्यकता समयले नै पूरा गर्दो रहेछ कि क्या हो कुन्नि ! पहिले यी कुनै कुरा नहुँदा पनि जीविका चलेकै थियो । हुन त आज पनि आफ्नो औकातले नभ्याए पनि जसरी तसरी चलेकै छन् । धेरै जसोको त घरको एकदुई जना नै विदेश कमाउन गएका छन् । उताबाट दाम आउँछ । विदेश पनि नजाने र काम पनि नपाएका, घरको आर्थिक अवस्था पनि कमजोर हुनेहरूका लागि त कति अत्यास लाग्दो छ जिन्दगी ।

पश्चिमबाट कमाएर ल्याएको पैसा पश्चिमतिरै जाँदो रहेछ कि क्या हो ? विदेशीले पनि नेपालीहरू कमाउन विदेश जान थालेपछि नै विद्युतीय उपकरण दिन थालेका हुन् । यो उनीहरूको व्यापारिक उद्देश्य नै हो कि वा मानवीय उपकरणहरूको उपयोग होस् वा सहजता । बामे सर्न थालेको बच्चा पनि मोबाइल हातमा लिएर मुस्कुराउँछ । टुकुटुकु हिंड्न थालेपछि फोन, कम्प्युटर चाहिन्छ । अझ धेरै बच्चाहरू भएको घरमा त कलहको बिउ नै हुन्छ । त्यति मात्र कहाँ हो र बच्चा जन्मने बेला भो राम्रो हस्पिटल लानुपर्‍यो । त्यो पनि सरकारी होइन । निजी हस्पिटल त्यहाँ मात्र राम्रोसँग उपचार र रेखदेख हुन्छ । बच्चालाई स्कुल लगाउने बेला भयो । सरकारी स्कुलमा राम्ररी पढाइ हुन्न । निजी विद्यालय त्यो पनि नाम चलेको स्कुलमा पढाउनुपर्‍यो । त्यहाँ मात्र

पढाइ राम्रो हुन्छ रे !

छोराछोरी बढ्दै गए । गुड्ने साधन चाहियो । कलेज जाँदाआउँदा अरूका जसरी आउनेजाने सुविधा हुनुपर्‍यो । निम्न स्तरको जीवनशैली कसैलाई पनि मनै पर्दैन । उता श्रीमतीलाई सपिङमा जानुपर्‍यो सुपर मार्केट । सोहीअनुसारको फेसन, भन्न नसकेको मात्र हो । एउटा गाडी भए सररर आफ्नै गाडीमा चढेर जान पाए कति आनन्द । धन्य आजको समय । पुगिसरी आउँदा त ठिकै हो तर पुगिसरी नआउँदा त जिउन धेरै कठिन पो हुने भो त । विदेशबाट कमाएर ल्याएको पैसाले कतिन्जेल चल्नु ? आएको केही महिना वा वर्ष त ल मोज गर्न पुग्ला । विदेशबाट ल्याएको थैली रित्तिएपछि त चुच्चे ढुङ्गो उही टुङ्गो त हो ।

विदेशमा बाबु छ । आफ्ना छोराछोरी र परिवारको दुःख सम्झेर पसिना बगाएर दुई पैसा जोडजाम गरेर घर पठाउँछ, यहाँ श्रीमती ब्वाइफ्रेन्डसँग होटल र रेस्टुरेन्टमा । विदेशमा श्रीमती दुःख गरेर दुई पैसा जोडजाम गरेर घर पठाउँछे, यहाँ श्रीमान् गर्लफ्रेन्डसँग होटल र रेस्टुरेन्टमा । विदेशमा बाबुआमा दुःख गरेर आफ्ना सन्तानको भविष्यका लागि पसिना र रगत बगाएर दुई पैसा जोडजाम गर्छन् । यहाँ छोराछोरी लागु औषधको अम्मलीमा चुर्लुम्म डुब्छन् । हेर विदेशी मोहले ल्याएको पैसा भन्दा ठुलो विकृति ।

हत्तेरी म त उसको कथा लेख्न पो बसेको थिएँ । आजको समयले ल्याएको सङ्गतिभन्दा विसङ्गति र विकृति ठुलो छ । आजको युवा पुस्ता स्वदेशमै केही गरौँ भन्दा पनि विदेश जान नै खुट्टा तानिरहेको पाइन्छ । विदेशमा पनि पैसाको बोट त हुँदैन । त्यहाँ गएर पनि दुःख नै गर्ने त हो । पसिना र रगत बराबरी बगाउनुपर्छ । काम नगरी पैसा पाउने ठाउँ कहाँ छ ? त्यति मात्र कहाँ हो र कतिले त ज्यानै पनि गुमाउनुपर्छ । कहीँ काम गरेको तलब नदिने । कहीँ कम दिने । ठग्ने, लुटपाट आदि थुप्रै घटनाहरू सुन्न देख्नमा आएको पाइन्छ । यहाँ पनि अहिले पहिलेको भन्दा धेरै अवसरहरू छन् । विडम्बना आजका युवा स्वदेशमा भन्दा विदेशमै आफ्नो भविष्य देख्छन् । त्यहाँको कमाई, रहनसहन, स्वदेशको राजनीतिक अस्थिरता यहीँ केही गर्छु भन्दा थोरै लगानी पनि निकाल्न नसक्नु । राज्यले दिनानुदिन विदेसिइरहेको युवा शक्तिलाई स्वदेशमै लगाउने आकर्षक कार्यक्रम नल्याउनु वा प्रोत्साहन गर्न नसक्नु । हरेक नेपालीको जीवन स्तर माथि उठ्न नसक्नु । छरछिमेक तल्लाघर माथ्लाघर, आफूभन्दा अगाडि पछाडिका साथी सङ्गीले विदेश गएर फर्केपछि गरेको उन्नति, प्रगति र चमत्कारप्रति आँखा गढ्छन् सबैका । विदेशले ल्याएको विकृति

र विसङ्गतिप्रति चाहिँ कसैको ध्यान जाँदैन । राम्रो सोच, राम्रो विचार र राम्रा पक्षहरूलाई मात्र लिने हो र नराम्रा पक्षहरूलाई नलिने हो भने कति राम्रो हुने थियो ।

ऊ सधैँ धुम्धुमती घरमा बसिरहेको हुन्थ्यो । कहिले छत् माथि उभिएर टाढा कतै हेरिरहेको हुन्थ्यो । कहिले नव दुलहीसँग जोरै बसेर कुराकानी गरे झैँ गरिरहेको हुन्थ्यो । म अनुमान गर्थे । सायद आजको महँगी र मानवीय आवश्यकतासँग कसरी जुँध्ने र त्यसलाई कसरी परास्त गरेर जिउँने आदि कुरा सोच्दा हुन् । त्यही कुराले पिरोल्दो हो र खट्पटी सहन नसकेर योजना बनाउँदा हुन् । मन भुलाउन यताउता बाहिर, भित्र टाँटढुँट गरेका हुँदा हुन् । मलाई यो कुरा अनुमान गर्न गाह्रो थिएन किनभने मलाई पनि पहिले यस्ता कुराले कम सताएको हैन । यदाकदा कहिलेकाहीँ ड्वास्स अगाडि भेट हुँदा प्रसङ्ग मिलाएर सोधी पनि हाल्थैँ-भाइ पनि विदेश जाने हो ? ऊ मुसुक्क हाँसेर जवाफ दिन्थ्यो-होइन नजाने दाइ भनेर तर म पत्याउँदैनथैँ । त्यसपछि हामी आफ्नो आफ्नो धुनमा लाग्थ्यौँ । म उसलाई जिउनुका कुरा उप्काएर झन् बढी चिन्ता थपिदिन चाहन्नथैँ । जीवन सङ्घर्षमय छ भन्ने कुरा उसले पनि बुझेकै हुनुपर्छ । केही त गर्लान् । बाँच्नु त पऱ्यो । भोलि बालबच्चा हुन्छन् । जिम्मेवारी अझ बढ्छ । खान, लाउन, पढाउन बढाउन आदि पऱ्यो । केही सोच त अवश्य बनाएका होलान् भन्ठान्थैँ । दुवै जना पढे लेख्या छन् । सानोतिनो भए पनि दुवैले काम खोजे, भेट्टाएर गरे भने जिनतिन जीवन गुजारा चलाउँछन् ।

एक्कासि ऊ घरमा देखिन छाड्यो । कुनै न कुनै बेला कहिले भित्र, कहिले बाहिर, कहिले करेसाबारी, कहिले छतमा देखिने ऊ देखिन छाड्यो । सधैँ झैँ मैले ठानेँ कतै काम पायो होला । अब काममा लागेछ क्यार राम्रै भयो । विचरा बेरोजगार भएर भौँतारिइरहेको थियो भनी ठानेँ । श्रीमती चाहिँको चुरफुरी देख्दा नेपालको जागिर जस्तो लाग्ने थिएन । यसो छरछिमेकबाट बुझ्दा त अस्ति विदेश पो गइसकेछ ।

**बाराली स्रष्टा**
**ईशहाक हुसेनको नयाँ कृति**
**लिस्नु (गजलसङ्ग्रह)**
**बजारमा**



# आँखाहरू



● टीकाराम वाग्ले

नगरपालिका हुनासाथ रातेपौवाको चहलपहल पनि बढ्न थाल्यो । च्याउ उम्रे झैँ पसलहरू र बोर्डिङ स्कुलहरू पनि खुल्न थाले । जग्गा धनी झन् धनी भए, खेतबारी घडेरीको हिसाबले बिक्न थाले । सहकारीहरू त थिए तर बैंक खुल्या थिएनन् । बैंक खुल्नासाथ मेरो पहिलो नियुक्ति थियो त्यो ।

रातेपौवाको मेरो त्यो बसाई लगभग डेढ वर्षको थियो । आज पनि म झलझलती सम्झन्छु किनभने त्यो डेढवर्ष मेरो जीवनको अविस्मरणीय र महत्त्वपूर्ण समय थियो । आज पन्ध्र वर्ष बितिसक्दा पनि मैले त्यहाँ बिताएका दिनहरू बिर्सन सकेको छैन । सुरू सुरूका केही महिनासम्म त मीनाले बैंकका कर्मचारीहरूसँग मेरो विषयमा सोधपुछ गरिरहन्थी रे ! तर पछि पछि सम्पर्क टुट्दै गयो । उसको बुवाको रहलपहल मैले रातेपौवा छोडेको तीन महिनाभित्रै उसै बैंकमा आएको खबर भनी मैले पाएको थिएँ । मीनाकी आमाले बैंककै पिउनमार्फत पढाएको चिठ्ठीबाट मैले यो जानकारी पाएँ । बैंकको मेनेजरको हैसियतले भन्दा बढी चाख लिएर मैले मीनाको बुवाको रहलपहल झिकाउन मगमग्दुर कोसिस गरेको हुँदा यस खबरले म निकै खुसी थिएँ । त्यतिखेर मेरी श्रीमतीले मतिर पुनः त्यही रातेपौवामा हेरे झैँ शङ्काको दृष्टिले हेरेकी थिई ।

दिन, महिना, वर्ष नाप्दै समय धेरै अगाडि निस्कियो । समुद्री तुफानले किनारका गाउँबस्ती सखाप पारे झैँ समयको आँधीले मेरो घरपरिवार पनि छिन्नभिन्न पारिदियो । आज मीना कहाँ छे ? मलाई थाहा छैन । मैले सुने अनुसार उसकी आमा चाहिँ लडाइँमा मरेको आफ्नो लोग्नेको रहलपहल पाएपछि त्यसै बैंकको पिउनसँग पोइला गई रे ! मीना पनि आफ्नी आमा पोइला गएको केही महिनापछि कुनै लाहुरेसित बिहे गरेर मुग्लान पसी रे

! आज पनि मेरो सम्झना उसलाई होला र ? रातेपौवामा जसरी उसले आफूलाई एक्लो, असहाय लाचार र दुःखी ठान्दथी आज मैले पनि त्यस्तै अनुभव गर्दै छु। यत्रो वर्षको दाम्पत्य जीवन बिताइसकेपछि सानो कुरामा शङ्कैशङ्काले गर्दा श्रीमतीले घर छोडेर आफूभन्दा दश वर्ष कान्छो र तल्लो जातको ड्राइभर केटोसँग सम्बन्ध गाँस्न पुगी । छोरो पनि विरक्त भई मामाघर बस्न लाग्यो । समयका साथै परिवर्तित हुने यो कस्तो सम्बन्ध ? बाहिरी वातावरण, छिटपुट पारिवारिक झै-झगडा र भनसुनले प्रभावित हुने यो मानिसको मन कति अस्थायी र चञ्चल हो ? बीस वर्षको पतिपत्नीको सम्बन्ध एक झट्कामा कसरी टुट्न सकेको ? मैले श्रीमतीलाई लाख कोसिस गरेँ सम्झाउने। यदि विवाह सम्झौता नै हो भने यत्रो वर्ष बिताइसक्दा बचेका केही वर्ष बिताउन किन नसकेको ? यदि यो सात जन्मको पवित्र बन्धन हो भने किन धुमिल्याउने, किन तोड्ने ? कि त भन्नुपर्‍यो- स्त्री र पुरूषको सम्बन्ध मात्र शारीरिक आवश्यकताबाहेक केही होइन र यो आवश्यकता आफ्नो इच्छा र सुविधाअनुसार पूरा गर्ने अधिकार सबैलाई छ तर यौटा कुरा मलाई अचम्म के लाग्छ भने- जन्मदेखि लिएर जवान हुँदासम्म माया गरेर पाल्ने बाबुआमासमेतलाई छोडेर, त्यागेर झुठ बोलेर वा सरसल्लाह नलिईकन कुनै केटीले तथाकथित प्रेम विवाह गर्छे वा थोरै समयको परिचयको आधारमा कुनै केटोसँग घर छोडेर भाग्छे भने त्यसलाई माया प्रेम भन्ने कि अचेतन मनमा रहेको वासनाको आकर्षण भन्ने ? रगतको नाताभन्दा ठुलो नाता, यो कस्तो नाता हो ? माया भनेको यही हो त ?

प्रेम विवाह सफल भएका पनि र नभएका पनि कैयौँ उदाहरण छन् । सफल भनिएका प्रेम विवाहका कुरा गर्ने हो भने यस विषयमा के पनि भन्न सकिन्छ भने, परिवार, परम्परा, धर्म र समाजसमेतको अवहेलना वा विद्रोह गरेर गरेको प्रेम विवाह बाध्यता लाज, सर्म र दम्भको हिसाबले पनि निभाउनु परेको हुन्छ । 'गइथिस खाइस्' भन्लान् भन्ने डर पनि हुन्छ नै। साथै धेरै समयसम्ममा सन्तान पनि हुने नै भए अनि परिवारको माकुरे जालमा फसेपछि आजित होइन अभ्यस्त भएका हुन्छन्। सनातन धर्ममा हाम्रा ऋषिमुनिहरूले वैवाहिक परम्पराको वैज्ञानिक, सामाजिक र आर्थिक दृष्टिले मात्र न भएर स्वास्थ्यको हिसाबले पनि बडो सोच पुर्‍याएर स्थापित गरेको परम्परा हो। इस्लाम र क्रिस्चियन धर्ममा विवाह एक सम्झौता हो, जसलाई बाध्यात्मक मानिँदैन पनि। मैले पढेको, सुनेको र बुझेको हिसाबले रातभरि यस्तै

यस्तै कुराहरू मनमा खेलिरहे ।

आज मलाई मीनाको सम्झना आयो । रातेपौवा हुँदासम्म त्यो एघार वर्षकी बालिकाले परिपक्व आइमाईले झैँ कसरी मेरो कोठाको सरसफाइ र देखरेख गर्थी । फुर्सतको बेला आफ्नो बुवाको कुरा गर्थी, 'बुबा रज आउँदा मलाई राम्रा राम्रा लुगा, जुत्ता, मिठा मिठा खानेकुरा ल्याइदिनुहुन्थ्यो, पल्टनको लाहुरेहरू आउँदा पनि ...! भन्दाभन्दै उसका आँखा रसाएका हुन्थे । चिया बनाएर दिन्थी र भन्थी मेरो बुवाले पनि कडा चिया खानुहुन्थ्यो । भात पनि हजुरले झैँ थोरै नै खानुहुन्थ्यो भन्दाभन्दै फुत्त बाहिर निस्कन्थी । पक्कै पनि बाहिर गएर पछेउराले आँखा पुछ्दी होली । बुवाको मृत्युपरान्त उसको जीवन नै निरर्थक र भावशून्य भइदिएको थियो । उसको र मेरो सम्बन्धलाई मेरी श्रीमतीलगायत बैंकका कर्मचारी र गाउँघरका समेतले कस्तो ईर्ष्यालु र शङ्कालु आँखाले हेर्थे तर कसले बुझोस्- उसले मभित्र आफ्नो बुवाको अनुहार खोजेकी हुन्थी ।

कति कुरा मसँग गर्थी ... पछि पछि उसले बुवाको सम्झना छोडेर आफ्नो पूरा ध्यान ममाथि नै पोखेकी थिई । एक दिन पनि हामीले एक अर्कालाई नदेखे, नभेटे के बिर्से के बिर्से जस्तो लाग्थ्यो । आज ऊ भएकी भए उसको काँधमा आफ्नो शिर राखेर भन्ने थिए 'मीना आज म पनि एक्लो भएँ । मेरो जीवन पनि कपुर झैँ तरल नभई ग्याँस बनी वायुमा विलीन भयो । म आज असान्दर्भिक भएरू, अर्थहीन भएँ ।

बाले भन्नुहुन्थ्यो, 'हेर छोरा, एकपटक खुट्टा छोडेकी आइमाईसँग बिहे गर्न हुँदैन । उसले जहिल्यै पनि धोका दिन सक्छे,' अबुझपनाले बाटो बिराएकी केटी हो, मैले बिहे गरेँ भलो नै होला तर होइन रहेछ, आज आएर मलाई लाग्छ, म नै गलत थिएँ, बा नै सही हुनुहुन्थ्यो ।

समय मात्र बदलिएन, मेरो दिनचर्या नै बदलिसक्यो । बिहान उठेर तयार भयो अनि अफिसतिर लाग्यो अनि बेलुकी भट्टीतिर आफ्नै खुट्टाले हिँडेर गयो । हुन त हिजोआज भट्टीलाई भट्टी भन्न छोडिसके । बाउआमालाई मम्मी डेडी भने झैँ होटल, थकाली भान्सा वा रेस्टुरेन्ट भन्न थाले । जे होस्, मेरो दैनिकीमा भट्टी बन्द भएपछि कुनै विश्व विजेता वीर नेपालीले लडाइँमा घाइते भएको साथी सिपाहीलाई झैँ मलाई मेरो डेरासम्म पुऱ्याइदिन्थ्यो । यही दिनचर्या थियो मेरो । अफिसमा केही समय फुर्सद हुँदा कि त मीनाको मीठो सम्झनामा डुबेको हुन्थेँ कि त श्रीमतीको तीतो सम्झना हुन्थ्यो मलाई । छोरा चाहिँ महिनामा एक दुईपटक हात थाप्न आइपुग्थ्यो र मैले खल्तीमा हात हालेर जे जति

हुन्थ्यो, उसको हातमा राखिदिन्थे तर राती कहिलेकाहीँ नशा टुटेर बिउँझिँदा बिहानी हुन्जेल छट्पटिनु पर्दा समय थामिएजस्तो लाग्थ्यो । समय काट्न गाह्रो हुन्थ्यो ।

आज सम्झन्छु ती विगतका दिनहरू पनि रातेपौवामा बिताएका केही समय र त्यसपछिको यो पन्ध्र वर्षको लामो अवधि । भन्ज्याङ्को डाँडामा घाम अस्ताउन लाग्दा मीना र मीनाकी आमा सिस्ने डाँडाको उकालो लाग्थे र भोलिपल्ट बिहानै सालडाँडाको टुप्पोबाट घाम उदाउँदा कि त मीना, कि त दुवै आमाछोरी रातेपौवा आइपुगेका हुन्थे । मेरो डेराको सरसफाइ र खाना बनाउने काम मीनाले गर्थी तर पहिला चिया बसाल्थी । आमाचाहिँ चिया खाएर कित गाउँ चाहर्न जान्थी कि त पिउन आइसक्याछ भने उसित बात मारेर बस्थी । कहिलेकाहीँ खित्का छोडेर हाँसेको पनि सुन्दथे म ।

त्यहाँ हुँदा मलाई रक्सी खान पनि त्यति मन लाग्दैनथ्यो । कहिलेकाहीँ विदा हुँदा पाल्पाली गाउँकी ती बुढी आमाले घरैमा पारेको कोदाको रक्सी खान दिनुहुन्थ्यो तर आउँदा मीनाको डर भने हुन्थ्यो मलाई । डरमा पनि कति अन्तर ? श्रीमतीसितको डर कति पराया डर र मीनासितको डर कति आत्मीय डर ... तर अब मलाई कसैको डर छैन । बरू रक्स्याहा भनेर मानिसहरू मसितै डराउँछन् ।

कहिलेकाहीँ सोच्छु- मीनाकी आमा पोइल किन गई होली ? लोग्ने हुँदासम्म लोग्नेको आशमा वर्षौंवर्ष पनि पर्खिन सक्नेले लोग्ने मरेपछि उसैको सत्मा किन बस्न नसकेकी ? कलिलै उमेरकी आफ्नै एक्ली छोरीलाई छोडेर कसरी जान सकेकी ? त्यो परपुरूषमा उसले के देखेकी होली ? लोग्ने फौजमा हुँदा आफू घर कुरेर किन बसेकी त ? के माया परिवर्तनशील हो र ? मानिसले एकभन्दा बढी मानिसहरूसँग एकै किसिमको माया गर्न सक्छ र ? एकपटक आफ्नो लोग्नेलाई दिइसकेको माया फेरि त्यस पिउनलाई कसरी दिन सकी होली ? आइमाई जातको आफ्नो थर पनि हुँदैन, घर पनि हुँदैन भन्थे, साँच्चै हो रहेछ, जुन मानिससँग बिहे गऱ्यो घर पनि उसैको थर पनि उसैको । छोडेर जाँदा घर पनि छुट्यो थर पनि रहेन । लोग्ने मान्छे जहाँ गए पनि जसलाई ल्याए पनि आफ्नै घर र आफ्नै थरमा रहिरहने तर आइमाई जातले घर छोडेर गइदिए पूरा परिवार नै छिन्नभिन्न हुने । म सरूवा वा बढुवा भएर दुई दुई तीन तीन वर्ष बाहिरै रहे पनि घर त घरै थियो । यौटा छोरो र श्रीमतीसहितको सानो संसार । ऊ गई अनि त्यो सानो सुखी संसार पनि भताभुङ्ग भयो । काँचो माटाको घैंटो सरह रहेछ घर परिवार ।

एकपटक टुक्रियो भने जोड्नै गाह्रो हुने ।

आज पनि म मीनाका ती रसिला आँखाहरू सम्झन्छु । कस्तो निश्चल, निष्कपट, सरल ! आँखा कै बोलीले उसका मनका कुराहरू बुझ्न सकिने । अनि श्रीमतीका आँखा सम्झन्छु । घर छोडेर जाने दिनभन्दा एकदिन पहिला उसले मलाई हेरेका ती आँखाहरू । कति कुटिल, कति निष्ठुरी, स्वार्थी र धोकेबाज थिए ती आँखा । छोरो, लोग्ने, घर परिवारको माया, कर्तव्य र आकर्षण पखालिएका ती लज्जाहीन आँखा ।

अचेल छोरो पैसा माग्न घरै आउन थाल्यो । अब जति दियो त्यति लिएर जान्थेन- यदि उसको हिसाबले नपुग्ने भए । कहिलेकाहीँ उसँगै एउटी केटी पनि आउँथी । पहिलोपल्टको परिचयमा उसले 'सरिता' भनेर परिचय गराएको थियो । अङ्कलको सम्बोधनका साथ सरिताले मलाई नमस्कार गरेकी थिई ।

आज छोरो पैसा लिन अफिसमैं आयो । मैले सोधैँ, 'सरिता आइन ?' 'उसकी आमाले हजुरसँग भेट गर्न भन्नुभएको छ ।' उसका यी वाक्यका साथ उसको अनुहार अलि लजालु भएको मैले अनुभव गरैँ । आज उसले घरको साँचो पनि मागेर लग्यो । आज किन हो किन मलाई पनि कस्तो कस्तो लाग्यो । हुन त यो 'कस्तो कस्तो' निश्चय नै खुसियालीको कित्तामा पर्छ । आज अफिसबाट समयमै निस्किएँ म पनि..... तर सधैँ झैँ खुट्टा त यन्त्रवत् उतैतिर लम्कियो बा ! ..... आज घरमा पक्कै पनि सरिता आएकी होली । उसकी आमा पनि आएकी हुन सक्छे । भो आज भट्टीतिर नलागुँ भन्दाभन्दै खुट्टा त भट्टीको दैलोसम्म पुगिसक्या रहेछ । लगभग सबै परिचित अनुहारहरू । परिचित वातावरण, परिचित गन्ध । आज मनमा आफ्नै किसिमको सङ्कोच मैले अनुभव गर्दै थिएँ । दिमागले 'हुन्न...आज घर फर्की' भन्थ्यो भने मनले 'आइहालिस् अलिकतिले के पो होला र ?' भन्थ्यो । अन्तत : मनकै जित भयो । सधैँ झैँ ... जे होस् । आफैंले आफैलाई अर्ती पनि दिएँ- 'आज मलाई आफ्नै खुट्टाले हिँडेर घर पुग्नुपर्छ ।' सरिता आएकी होली ... उसकी आमा पनि आएकी हुनसक्छे अनि म केटाको बाबु ! .... एकपटक नहल्लीकन ठिङ्ग उभिएर हेर्छु । केटाको बाबु रक्स्याहा रहेछ भन्ने नपरोस् । उभिन त उभिएँ तर नहल्लीकन उभिन भने पक्कै नसक्ने भएँ । ... थचक्कै बसैँ फेरि । सिसाको गिलासलाई टेबुलको खुट्टामा ठ्याक्क ठ्याक्क गरेसम्म त सम्झना छ तर त्यसपछि के भयो, मलाई याद छैन । ... भोलिपल्ट उठ्दा आफ्नै खाटमा आफ्नै कोठामा थिएँ, ढोका खुल्लै थियो, अरू कोही थिएनन् ।

# सम्बन्ध



● बद्रीप्रसाद ढकाल

न्वारनको नाम मिनाकुमारी भए पनि कसले मिनाकुमारी भनेर कसले चिन्थ्यो र उनलाई ? घरकी सानीकान्छी छोरी, प्रमाणपत्रको नाम उमा भए पनि साह्रै राम्री तर चञ्चले स्वभाव, जो कसैलाई लठ्याउन सक्ने भएकीले उनलाई माया गरेर मोहिनी नै भन्थे सबैले ।

बालककालको साथी रमेश एकै उमेरका, त्यसैले रमेशले पनि उसलाई उमाको सट्टा मोहिनी नै भन्थ्यो । गाउँ छोडेर आएको दश वर्षपछि मोहिनी र रमेशको भेट ओपियम क्याफे दरबारमार्गमा भएको हो । दुवै उमेर चढेको, रूपैले त हो कि वासनाले फेरि घनिष्टता बढेको हो । मस्त यौवनका दुई विपरीत लिङ्गी एकापसमा नजिकिनु खासै अनौठो पनि होइन त्यसमाथि आजकल प्रेमको परिभाषा निकै कमजोर भएको बेला हृष्टपुष्ट शरीरप्रतिको मोह त बढ्ने नै भयो ।

शहरमा प्रेम फेरिएको छ फेशनजस्तै, केटाकेटी एउटै कोठामा बस्छन् लिभिङ टुगेदरमा, एउटै ओछ्यानमा सुत्छन् तर सम्बन्ध...। कसैले मसैलाई सोध्दैनन् । कसैले कसैको वास्ता गर्दैनन् किनकी सबै व्यस्त छन् । अनि अस्तव्यस्त छ शहर र संस्कृति पनि ।

आजकल नवधनाढ्यहरूको आफ्नै रहनसहन छ, भनौँ न आधुनिक कल्चर छ । प्रेमका नाममा जो कसैसँग सम्बन्ध बनाउनु, डान्सबार जानु, वाइन पिउनुमा गर्वबोध छ । उनीहरूसँग आधुनिक बन्नु र धनी हुनुको आत्मगौरव छ । ओपियममा आउँदा बुट्टे टिसर्ट, कालो पेन्ट र कालो गगल्स लगाएर आएकी थिई, मोहिनीले । त्यतिबेला रमेशले उसलाई माइ लभ नै भनेर सम्बोधन गरेका थियो उसले चाहिँ माइ ह्यान्डसम ब्वाई भनेकी थिई ।

समय बित्दै जाँदा उनीहरूका बिच शरीरको सामिप्यता बढ्दै गयो । रमेशको अरूलाई जिस्क्याउने बानीका कारण मोहिनीलाई कहिले डल्ली, कहिले ड्रिम गल, कहिल डियर जिन्दगी भन्न थाल्यो । त्यो भन्दा अगाडिका कुरागर्नु पर्दा दुवैले एक अर्कालाई मेसेजमा माइ हर्ट बाट पनि सम्बोधन गर्थे । छोटै

समयमा मोहिनीले रमेशलाई निकै मन पराउन थाली र उनीहरूको प्रेम ओठ हुँदै शरीरका विभिन्न अंगसम्म पुग्न थाल्यो ।

दुवैले भर्खर व्याचलर सकाएका थिए । मास्टर ज्वाइन नगर्दै आफूलाई परिपक्व ठानेका उनीहरूले यसपछिका दिनमा बेलाबेलामा विभिन्न पार्क हुँदै बबरमहल, बागबजार, पुतलीसडक, नयाँ सडकतिरका क्याफेमा घन्टौ बिताइसकेका थिए । सुरू सुरूमा त भेट गर्ने कफी पिउने गरे । पछि यो क्रम एकान्त कोठासम्म पुग्यो । सुरू सुरूमा त मोहिनीले रमेशलाई आफ्नो कोठामा लैजान्नथी । तर सबै गोप्यता खुलिसकेपछि केही सङ्कोच भएन । प्रेम झ्याङ्गिएर मन, मुटुमै पुगिसकेको थियो । हुन त दुवैको यो पहिलो प्रेम थिएन । प्रेमको मामलामा उनीहरू निकै अनुभवी थिए ।

सोच्न त मान्छेले सुखद पलमा प्रेम जिन्दगीभरलाई नै सोच्छ तर आकाङ्क्षा पूरा नहुँदा विवाह पछिको प्रेम त भत्केको छ भने यो त आकषर्णमा सामाजिक सञ्जालले जुराएको प्रेम अझ प्रेमलाई व्यवसाय बनाएर इच्छा पुऱ्याएका कहानी कति छन् कति । मानिसको बानी नै हो शङ्का गर्ने वा सशंकित हुने । मोहिनीले कुनैबेला आफैँले विश्वास गरेका मान्छेबाट धोका खाएकी रहिछ । कुनै समय समस्या वा अन्यायमा परेर न्याय माग्न जाँदा न्यायकर्मीका आँखाले नै वासनाका दृष्टिल हेरेको स्पष्ट आभाष पाएकी रहिछ ।

विद्यार्थी संगठनमा लाग्दा आफ्नै पार्टीका साथीहरू समूहद्वारा नै सम्बन्ध राखेका रहेछन । त्यसैले ऊ अगुल्टोले हानेको कुकुर बिजुलीदेखि तर्सिन्छ भनेझैँ ..सशंकित भएकी रहिछ । पढनका लागि सहर पसेपछि सुरूसुरूमा होस्टेल खोजेर बसेकी उसले पछि होस्टेलको अनुशासन ठिक ठिक समयको पालना, कुनै साथीलाई कोठामा लान नपाउँने भएपछि कोठा खोजेरै बसेकी हो ।

प्लस टु पढ्दा देखि नै केटासाथी बनाएकी मोहिनीले आधुनिक भाषामा निकै ब्वाइफ्रेन्ड बनाइसकेकी छ । तर उसको चाहना अब मन मिल्ने अलि हुने खाने वर्गको जीवनसाथी खोज्ने नै हो । तर आजकलको प्रेमले त्यति लामो बारेमा सोच्दै सोच्दैन । घरभेटीले फरक दृष्टिले हेर्ने भएका कारणले सुरूसुरूमा उसले कसैलाई आफ्नो कोठा देखाइन र कसैलाई नलाने निर्णय पनि गरेकी थिइ ।

तर पूर्वपरिचित बालसँगी लक्का जवान रमेशसँगको घनिष्टताले उसको पूर्वनिर्णयलाई

उल्टाइ दियो । प्रथमपटक रमेश मोहिनीको कोठामा जाँदा उसले सैण्डो गन्जी र हाफ पाइन्ट मात्रै लगाएर बसेकी थिई । गन्जी बाहिरबाटै उसका बैंसले बाहिर चियाइरहेका थिए । त्यो दिनको उसका पोसाक देख्दा मोहिनीलाइे भन्दा रमशलाई असजिलो लागेर कपडा बदल्न लगाएको थियो । त्यस पछिका दिनमा उनीहरू मोहिनीको डेरामा बस्ने खाने मात्र हैन काठमाडौँ बाहिर पनि घुम्न जान

पनि गर्न थाले ।

घुम्ने सिलसिलामा उनीहरू पहिलो पटक टौदह गए । टौदह घुम्न जाने प्रस्ताव पनि रमेशले नै राखेको थियो । उनीहरू त्यहाँ रात बस्दै गए । मोहिनीले रमेशको प्रस्तावलाई कति पनि नहिचकिचाइकन सहज रूपमा स्वीकार गरेकी थिई, लाग्छ चाहना दुवैमा थियो ।

यसभन्दा पहिले रमेश र मोहिनीले पालुङको मनोरमा रिसोर्टमा दुई रात बिताएका थिए तर त्यतिबेला कोठा फरक फरक लिएका थिए । रमेश र मोहिनी दुवैका लागि पालुङ नयाँ ठाउँ थियो । निर्धारित दिन र समयमा उनीहरू बसमा गए । बसबाट ओर्लेर बस्ने चौतारो खोजेपछि मोहिनीले आफ्नो हात देखाउँदै भनी -छाम्नुस त मेरा हात कति नरम छन्, हात मात्रै उसले जिस्किएर भन्यो ।

रमेशले हात छाम्यो । अर्को हात दिई त्यो पनि छाम्यो, छाम्ने जति छामी सकेपछि पूर्वप्रेमी ललितालाई सम्झियो । आफ्नी प्यारी ललितालाई मनमनै उसैलाई कल्पना गऱ्यो ।

अनि बस्ने कोठाको कुरा गर्नु भाछ : मोहिनीले सोधी ।

साथीलाई एउटा कोठा बुक गर्न भनेको छु । गरे होला एउटा कोठा भए त पुग्ला नि हैन र ?

मोहिनीले कत्ति पनि अप्ठयारो नमानी जवाफ दिई- भइहाल्छ नि । किन नहनु ।

अलिकति हिँडेर रिसोर्ट पुगेपछि एउटा केटोले होटलको कोठा देखायो । साथीले अटैच वाथरूमसहितको डबल बेडवाला कोठा बुक गरिदिएको रहेछ । मोहिनी र रमेश दुवैले कोठा मन

पराए । त्यहाँ पनि मोहिनीले बेड अलगअलग हुनुपर्छ भनिनँ । एउट बेडमा सुत्न सहजै स्वीकार

गरी । रमेशको मन मोहिनीप्रति झनै पग्लियौ । उसको अनुहार देखेर उसलाई दया लाग्यो । बाटाभरि मनमनै यौनका कुरा खेलाउँदै गए पनि त्यहाँ पुगेपछि भने उसले मोहिनीलाई नितान्त एक साथी, असल साथीका रूपमा देख्न थाल्यो ।

मोहिनीर रमेशले कोठामा झोला राखे । वाथरूममा पसेर पालैपालो दुवै जना फ्रेस भए र एकछिनका लागि बजार घुम्न निस्के । बजारबाट फर्किदा खाना तयार भइसकेका थियो । रमेशलाई हल्काफुल्का ड्रिंक्स गर्ने इच्छा जाग्यो र होटेलवालालाई भन्यो- 'एकाध घण्टा पर्खिनुस । पहिले ड्रिंक्स गरौँ अनि मात्र डिनर ।'

मोहिनीले डिक्स नगरौँ भनी तर रमेश भने ड्रिंक्सकै मुडमा थियो । कति गर्दा पनि मोहिनीड्रिंक्सप्रति आकर्षित हुन सकिन । त्यसैल रमेशले एउटा बियर मात्रै भए पनि पिउन त भन्यो । मोहिनी त्यसमा पनि सहमत भइन । अन्तमा रमेशले भन्यो - 'म एउटा बियर मात्रै पिउँछु । डोन्ट माइन्ड डियर ।'

मोहिनीले त्यसमा पनि असहमति जनाइ तर रमेश भन पिउने नै निष्कर्षमा पुग्यो र एउटा बियर मगाएर पिउन थाल्यो । त्यो भन्दा बढी पिएन । तर पनि बाहुनको

छोराको पेटमा अल्कोहल पुगेपछि बहकिन थालिहाल्यो ।

खाना खान जानुअघि मोहिनीफ्रेस हुन्छु है  भन्दै वाथरूम छिर्छे । एकएक गर्दै आफ्ना वस्त्र उतार्दै जान्छे, उर्फ छोडाउँदै जान्छे र आफैंलाई नियाल्न थाल्छे । एक्कासि उसका आँखा आफ्ना दुई स्तनमा पर्छन । ऊ स्तनका मुन्टा चलाउँछे । त्यसपछि नाङ्गो भागतर्फ हात लगेर जताततै मसार्छे । उसलाइ शरीरका नरमपनको अनुभव हुन्छ र रङ्गीन रातको मनमनै कल्पना गर्छे । पूर्व प्रेमीलाई सम्झिन्छे, उसको नामर्दपन,उसको उत्तेजनालाई मत्थर गर्न नसकेको अवस्थाको स्मृति दिमागमा आउँछ । आँखाबाट बरर आँसु झार्छे । अनि फेरि रमेशको बलिष्ट शरीर  सम्झिन्छे तर कसरी सुरू गर्ने ? आफैंसँग प्रश्न गर्छे अनि आफैं जवाफ दिन्छे र खुसी हुन्छे -ऊ त मर्द हो । उसैले काम गरी हाल्छ नि । त्यसको लागि त मलाइ यहाँ ल्याएका हो । ऊ मनमनै खुसी हुन्छे,र फेरि शङ्का गर्छे-यदि गरन भने ? गरेन भने खल्लो होला भन्दै जवाफ फर्काउँछे पुनः कपडा लगाउँछे तर मनभित्रको आँधीबेरी चाहिँ चलिनै रहन्छ ।

मान्छेको मनभित्र वासना अपार छ जो एक रबर समान छ । ताने बढछ् । छोडे आफ्नै स्थानमा खुम्चिएर बस्छ । मोहिनीले वासनालाइ तन्काउँदै लगी । उसकौ मनले हरदम रमेशको स्पर्शको माग गर्न थाल्यो तर मुखबाट ओकल्न भने सकिनँ ।

यत्तिकैमा ढोका कसैले ढक्ढकायो । रमेश उठेर ढोका खोल्न गयो । होटल मालिक रहेछ ।

खाना तयार भइसकेकै थियो, त्यसैले बोलाउन आयो । खाना खाईवरी उनीहरू कोठामा फर्के ।

त्यसपछि रमेशले मोहिनीसँग सोध्यो-'अब के गर्ने त मैयाँ ? कुनै प्लान छ कि ? यसो रोमान्स पनि गर्ने कि ? मोहिनीको अनुहार रक्तिम थियो । उसको श्वासप्रश्वास बढेको थिया । केही भन्न खोजेकी जस्ती अनि लजाएकी जस्ती थिई । रमेशले उसको आँखामा माया देख्यो । थाहा छैन उसले देखेको माया, माया मात्र थियो वा यौनवासना ?

मोहिनीले भनी- 'अरू के गर्नु नि । केही गफगाफ गर्नु छ भने गरौं नत्र सुतौं ।'अघि चाहेको कुरा गर्न सकिनँ, उसले । लोग्नेमानछे हो, एउटै ओछ्यानमा सुतेपछि....उसले सोच्न पुगी । शरीरको कामोत्तेजनालाई ओछ्यानमै राखिदिई । बिहान ब्युँझदा दुवै निर्वस्त्र थिए, तर अनुहार दुवैको मलिन थियो । भित्रीवस्त्र पूरै भिजेको थियो तर शरीरबाट निकालिएको भने थिएन । आखिर एउटै ओछ्यानमा सुतेका उनीहरूको सम्बन्ध के थियो....होटलवाला सोच्दै थियो । यो समयमा कसैको पनि परिचय स्पष्ट छैन । आगन्तुक पुस्तिकामा नाम रमेश पौडेल र मोहिनी के.सी लेखिएको थियो, ठेगाना भने चावहिल र चुच्चेपाटी ।

*– चन्द्रागिरि-०२, काठमाडौं*



# जीवनदान

• म्यामराज राई

'सेवा ! सन्चै हुनुहुन्छ ? बाइकबाट वसन्त लड्नुभो। धेरै रगत बगेकोले उहाँलाई रगत चाहिएको छ। 'ओ पोजेटिभ' अस्पतालको ब्लड बैंकमा रहेनछ । चारैतिर सम्पर्क गरेँ। रगत दिन तयार व्यक्ति भेटेँ पनि तर मिल्ने रगत समूहको कतै भेटिएन । सम्झेँ क्याम्पस पढ्दा रक्तदान गरेका थियौँ। तपाईंको रगत समूहको याद आयो । यही सहरमा हुनुहुन्छ भन्ने विशेष स्रोतबाट थाहा पाएँ । हामी जिल्ला अस्पतालमा छौँ । मेरो वसन्तलाई पुनर्जीवन दिन विनम्रतापूर्वक अनुरोध गर्दछु।' शनिबारको बिहानी थियो । श्रीमान् र छोरोसँग दिउँसो बाहिर निस्कने योजनाका साथ भान्साकोठामा छोकुबुङ व्यस्त थिइन् । त्यही बेला औपचारिक भाषामा लेखिएको उनको मोबाइलमा अचानक एउटा मेसेज आयो । पुरानो साथीको मेसेजले उनी दश छक्क भइन् । विगत सम्झिन् र रिसले चुर भइन्। हत्तपत्त मोबाइल स्वीच अफ् गरिन्।' तँलाई यो दुनियाँमा अरू मान्छे पाइनस् र उसैलाई आफ्नो बनाइस् हैन ?' उनी भुतभुतिइन् । फेरि सोचिन्, वसन्तलाई प्रेम गरेँ । बदलामा मेरै साथीसित बिहे गऱ्यो। अहँ, त्योभन्दा बढ्ता त आफ्नै साथीले चाहिँ धोका दिएको हो । जुनीभरि सँगसँगै हुने छौँ भनी सुम्निमा र पारूहाङसँग मनमनै कसम खाएका थियौँ । मैले मन पराउने सङ्केत उनलाई दिएकी थिएँ । वसन्तले पनि मलाई माया देखाएको समेत उनलाई थाहा थियो। बरू उनले चाहिँ एक शब्द नबोली मुसुमुसु मुस्कान मात्र फिँजाएकी थिइन् । बुढापाका भन्थे 'मन्द हाँसो गालाको पासो' हो रहेछ । झसङ्ग भइन् । धोकेबाजलाई धोकै दिने मन लाग्यो तर एक मनले सोच्यो । माया पाउनु मात्र हैन, त्याग पनि त माया नै हो। श्रीमान्लाई मेसेज बारे सारमा बताइन् । सरासर अस्पताल गइन् । विगत कोट्याउन चाहिनन् । सो उनीहरूसित बोल्न रूचि राखिनन् । आफूलाई कुनै बखत असाध्यै मन परेको मान्छेलाई जीवनदान दिएर फर्किन् ।

'आधा दशक अगाडि । छोकुबुङ राईको घर लालीगुराँस घारी नजिकै

थियो । प्रकृतिले सजिएको उनको गाउँ । गुराँसको लाली उनको गालामा पनि चढिसकेको थियो । त्यही साल एसएलसी उत्तीर्ण गरिन् । परिवारमा उनको उच्च शिक्षाको लागि भाइको साथमा उनलाई स्हर पठाउने निधो भयो । शिक्षा शास्त्रसङ्काय प्रवीणता प्रमाणपत्र तहमा भर्ना भइन् । परिचयात्मक कार्यक्रममा जाने अघिल्लो साँझ एक झोला सुनौलो सपना बोकेर सहर पुगिन् । महिना दिन अघि बुवाले दिदी र भाइ दुवैको भर्ना गरिदिनुभएको थियो । भोक र थकाइले लखतरान भए । खानाको बन्दोबस्ततिर उनी लागिन् । डेराको साथी भाइ कबिन थियो । उसलाई नजिकैको माध्यमिक विद्यालयमा पढाउने परिवारको सल्लाह थियो । दुवै जना खाना खाए । दिनभरिको हिँडाइको थकानले रात गएको पत्तै भएन । दिदी भाइले सपना देख्न भ्याएनन् । एकैचोटी बिहान सूर्यनारायणको दशर्नले ओछ्यान छोडे । ओहो ! आज क्याम्पस जाने पहिलो दिन । कस्तो साथी भेटिने हो ? कहाँ-कहाँका साथीहरूसँग भेट भइने हो ? मन मिल्ने साथी भेटिए त पढाइमा पनि सहयोग पुग्ने थियो । अनेक सोच्दै छोकुबुङले चिया बनाइन् ।

'कान्छा, पानी थापेर ले है ।' भाइलाई पानी ल्याउन अह्राइन् ।

'ओके छ त, नाना ।' आज्ञाकारी भाइले जर्किन हातले बजाउँदै भुइँतलामा पानी थाप्न ओर्लियो । कोठा दोस्रो तलामा । दुईचुले स्टोभ थियो । एउटामा चिया, अर्कोमा दाल पाक्दै थियो । उनीहरूले चिया खाइसक्दा दाल पनि पाक्यो । घरबाट साँधेको आँपको अचार ल्याएका थिए मानौँ आमाको माया बट्टाबाट आएको थियो । आजको खानामा अचार पनि त्यही बनाउने सोचे । प्रेसर कुकरमा दिदीले खाना बसाइन् । तीन सिट्टीमा खाना पाक्यो । दुवै जना साँघुरो कोठामा आमुने-सामुने बसेर खाना खाए । 'नाना, ममीले पकाउनुभएको खाना जत्तिकै मिठो भयो ।' भाइले तुरून्त प्रतिक्रिया जनायो । 'हो र ?' उनी मुस्कुराइन् । कहिल्यै घर नछोडेको भाइलाई सँगै राख्न सक्ने रहेछु भनेर उनी ढुक्क भइन् ।

पहिलो दिन । छोकुबुङ क्याम्पस जान तयार भइन् । भाइ दिदीले भनेजस्तै गरी कोठामा भित्रबाट चुकुल लगाएर बस्यो । दिसापिसाप लागेको बेलाबाहेक ऊ बाहिर निस्केन । मोबाइल भने उनको हातबाट क्षणभर फुत्किएन । बरू ब्याट्री सकिन लागेपछि चार्ज घरकै छेउमा उसको पिरा सऱ्यो । आँखा झिमिक्कै नपारी मोबाइल-गेममा व्यस्त भइरह्यो । हिजो गाउँबाट आउँदा सँगै आएका किताबहरू झोलाबाट खटियासम्म सरे । त्यहाँदेखि भने कतै चलेनन् ।

क्याम्पस पोसाकमा गाढा बैजनी रङ्मा कुर्तासुरूवाल छात्राहरूको लागि तोकिएको थियो । छात्रको

सेतो सर्ट र कालो पाइन्ट थियो । विकल्पमा छात्राहरूले समेत लगाउन पाउने थियो । छोकुबुङको रोजाइमा वैकल्पिक पोसाकचाहिँ पऱ्यो । ठाँटिएर क्याम्पस गेट छेउ पुगिन् । उनी जस्तै नौतुनहरू थुप्रै भेटिन् । आफ्ना दाइ, दिदी या चिनेको दाइ-दिदीको फेरो समाउँदै आउनेहरू थुप्रै थिए । देब्रे हातले जेल लगाएको कपाल सम्याउँदै उनी गेटबाट प्रवेश गरिन् ।

'उज्ज्वल भविष्यको कामनासहित यहाँहरूलाई हार्दिक स्वागत छ ।' करिब छ फिट अग्लो पालेदाइले प्रत्येकलाई स्वागत गरिरहेको थियो । क्याम्पस हाताभित्र के-के ? कहाँ-कहाँ छन् ? कण्ठस्थ हुने गरी बताइरहेको थियो । साथमा क्याम्पसको परिचय पुस्तिका एक-एक थान प्रत्येकलाई बाँडिरहेको थियो । मानौँ, ऊ रोबोट हो । मुख र हात बराबर चल्ने । रिमोर्ट थिच्ने बित्तिकै निरन्तर चल्न सक्ने यन्त्र । उनले राम्ररी परिचय पुस्तिका हेर्न जानिनन् । ठ्याक्कै उनी जस्तै विना साथीको एक जना विद्यार्थीसँग भेट भयो । अलमलमा परेर गेटको अलिक मन्तिर ठिङ्ग उभिरहेकी थिइन् । पालेदाईको मौखिक गाइड लाइन अनुसार कोठा नं १७ अर्थात् शहीद रामप्रसाद राई स्मृति हल खोज्दै गइन् । उनले पनि छोकुबुङलाई पछ्याइन् । बाटो भेडेटार- धरानको नागबेली घुम्ती जस्तै घुमाउरो थियो । वरिपरि थरिथरिका फूलहरू रोपिएको थियो । ऋतुराज वसन्तको हालीमुहाली चल्दै थियो । सुगन्धित बासनासहित ढकमक्क फुलेका थिए । आहानमा सुनेको आधारमा इन्द्रको बगैँचा भैँ लाग्थ्यो । दुवैले आँखाको क्यामेराले हतार हतार भए पनि दृश्य कैद गर्दै गए । हल खोज्दै जाने क्रममा बाटो भुलेर अर्कै दिशामा लागेका रहेछन् । चमेना गृह सञ्चालकले सिधा बाटो देखाएपछि फर्केर आए । परिचयात्मक कार्यक्रम भेट्न रफ्तारमा कुदे । केही मिनेट ढिलो पुगे । अन्तिम बेन्चमा ठाउँ भेटे ।

'हाइ ! म वसन्त । म आर्ट्स पढ्छु ।' हलबाट बाहिरिएपछि चउरमा वसन्तले परिचयको हात बढायो ।

'नमस्ते ! म छोकुबुङ । हामी एजुकेसन ।'

'नमस्ते ! म युमबुङ ।'

पालैपालो उनीहरूले पनि आआफ्नो परिचय दिए । हातको साटो नमस्ते गरे । नौतुनबिच परिचय भए । थुप्रै केटीहरू थिए । तर सुरूमा संयोगले भेट भएर त्यही विन्दुमा नै एकअर्का साथीको रूपमा स्विकारेकाले होला अरूसित त्यति झ्यामिएनन् ।

'हेर न त्यहाँ । केटा भएर केटीसँग हात मिलाउन खोज्छ । कति छिल्लिएको ?' छोकुबुङले युमबुङसँग कानेखुसी गरिन् ।

'अँ त नि ।' युमबुङले पनि सहमति जनाइन् । सरासर डेरा

फर्के । बाटोमा विस्तृतमा गफिए ।

'युमबुङ अर्थात् बुकीको याममा म जन्मेको रे ! त्यही भएर होला हजुरबाले मेरो नाम पनि युमबुङ राखिदिनुभयो ।' आफ्नो नाम रहनुको रहस्य युमबुङले खोलिन् ।

'मेरो नाम चाहिँ बोजुले राखिदिनुभएको रे ! कुन अर्थमा हो ? सोधेकै छुइन ।' छोकुबुङले पनि आफ्नो नाम बारे बोलिन् । थप सोधिन्, डेरा कहाँ लिएका छौ ?

'बालमन्दिर । अनि तिम्रो नि ?

'टुँडिखेल छेउ ।'

समय र परिस्थितिले चाँडै नजिकको साथी बने । तँ भनेर एकअर्कामा सम्बोधन गर्ने सल्लाह गरे ।

'आइज, चिया खाएर जा ।' छोकुबुङले आफ्नो कोठा बाटैमा परेकोले निम्तो दिइन् ।

'हैन, जान्छु । भाइ एक्लै छोडेको छु, निस्ताउँछ । बरू समय मिलाएर भोलि पर्सी खाम्ला नि । अब साथी भइहालियो क्यारे ।' युमबुङ सरासर आफ्नो डेरातिर लागिन् । उनको पनि एकजना भाइसित बसाइ । भाइ मा.वि. तह । संयोगले कबिनसँग एउटै विद्यालय परेछ । भाइहरू पनि साथी हुने भए ।

'नाना, भोक लाग्यो ।' कबिनले उसको दिदीसित खाजा माग्यो । 'ल, ल । एकछिन पख है । यी पाउरोटी ल्याएको छु । अब चिया पकाउँछु र खाम्ला है ।' भाइलाई आश्वस्त पारिन् । पुनः बोलिन्, 'मैले एक जना राम्रो साथी भेटेँ नि, उनको पनि भाइ रहेछ । जो तँ पढ्ने विद्यालयमै भर्ना भएको रहेछ । तैँले पनि साथी पाइस् ।'

'ओहो ! हो र ? कस्तो राम्रो हुने भो ।' कबिन खुसीले एकछिन उफ्र्यो ।

अग्लो कद र बलिष्ठ शरीर । मानौँ, भगवान्ले फुर्सदमा बनाए झैँ देखिन्थ्यो । पहिलो दिन, सुरूमा उसैले परिचय माग्यो । आहा ! कस्तो राम्रो व्यक्तित्व । चैत-वैशाखमा वसन्त ऋतुले पृथ्वीलोकमा छाए जस्तै उनको आँखामा ती वसन्त नाच्न थाल्यो । पहिलो भेटमा छिल्लिएको भनेकोमा मनमनै माफीसमेत मागिन् ।

'नाना, किन टोलाउनुभएको ?' भाइले हठात् सोध्यो ।

'हँ, ए ! केही पनि हैन, कान्छा ।' तन्द्राबाट ब्युँझिन् र बेलुकी खाना बनाउनतिर लागिन् ।

भोलिपल्टबाट क्याम्पस आउने-जाने बाटो मिल्यो । छोकुबुङ र युमबुङ सँगैसँगै क्याम्पस धाउन थाले । कतै एक जनाको काम परे दुवै जना पुग्थे । दिदीहरू जस्तै भाइहरू पनि साथी बने । धेरै कुराहरूमा समान देखिए । दुवै जना घरका एक बहिनी मात्र, घर विकट गाउँ, उमेर पनि एकै साल रहेछ । दुवैका आमाबाहरू कृषक र सहोदर दाइ शिक्षक । उनीहरूको शारीरिक बनौट पनि झट्ट हेर्दा उस्तैउस्तै देखिन्थे । हदै मिल्न थाले । यतिसम्म कि उनीहरूका भित्री वस्त्रसमेत

आपत् पर्दा एकअर्काले प्रयोग गर्थे । अलग परिवेश, स्थान, पारिवारिक माहोलमा हुर्केका हुन् । यद्यपि एउटै आमाले जन्माएका जुम्ल्याहाभन्दा उनीहरूमा तादात्मीयता कम थिएन । एउटालाई दुख्दा अर्कोले रोइदिन्थे । कसैले एक जनालाई जिस्कायो भने दुहुरिएर सामना गर्थे । यी दुईको समीपता हेर्दा कक्षाका साथीहरू र अरू कक्षाकाले अघिल्लो जुनीमा शतप्रतिशत जुम्ल्याहा दिदीबहिनी हुनुपर्छ भनेर ठोकुवा गर्थे ।

'हामीसँग बोल्दा पैसा लाग्छ, क्यारे ।' छोकुबुङले वसन्ततिर व्यङ्ग्य गरिन् ।

'किन पैसा लाग्नु ? म्याथको अभ्यास गर्दै छु ।' उसले जवाफमा बोल्यो । 'क्यान्टिनमा चिया खाऔँ न ।'

'हैन, हाम्रो कक्षा छ । हामी जान्छौँ ।' युमबुङले छोकुबुङलाई जाऔँ भन्ने सङ्केत गरिन् । युमबङ्को मनमा आह्विसको टुसो पलायो । छोकुबुङ भने वसन्तको मेहनत देखेर निकै लोभिइन् ।

दिनहरू बित्दै गए । ती दुई पनि मेधावी छात्रा भएकाले नियमित कक्षाहरूमा उत्तीर्ण हुँदै गए । पितृसत्तात्मक देशमा छोकुबुङले एउटा आँट गरिन्, 'यदि तिम्रो कुनै गर्ल फ्रेन्ड छैन भने हामी एक हुन सक्छौँ ?'

'बत्तीस लक्षणयुक्त तिमीलाई पाउनु मेरो अहोभाग्य हो नि ।' वसन्तले गमेर जवाफ दियो । सकारात्मक जवाफ पाउँदा छोकुबुङको आँखा रसायो । खुसीले एक अर्काको अँगालोमा बाँधिए ।

'हाम्रो सम्बन्धबारे एक कान, दुई कान मैदान होला । घोर कलियुग आयो भन्लान् । नारीले पुरूषलाई प्रेमविवाह प्रस्ताव राखिन् भन्लान् तर पहिलो घटना हैन यो । डाँडाघरेकी भद्रमाया दिदीले आफ्नै जातको केटालाई प्रस्ताव गरी विवाह गरेको कुरा गाउँमा सेलाएको छैन । अन्तर्जातीय प्रस्ताव गरेको भने पहिलो घटना हो यो ।' उनी समाजसँग चाहिँ थोरै सशङ्कित भइन् ।

त्यही बिचमा उनीहरू दुवैले एउटा साझा सर्त राखे । 'कसैलाई हाम्रो सम्बन्धबारे थाहा नहोस् ।' करिब आधा वर्ष पहिले वसन्तले युमबुङसँगको लुकीछिपी सम्बन्ध सुरूवात् गर्दा यसै गरी बोलेका थिए । एक अर्कामा कसम खाएका थिए । जसरी अहिले छोकुबुङले वसन्तसित सम्बन्ध सुरूवात् गर्न खोज्दै छ । त्रिभुजाकारमा समनान्तर सम्बन्ध तीनै जनाबिच अगाडि बढिरह्यो । गणित विषयमा स्नातक गरेको वसन्तले सहरमा शिक्षण पेसामा लाग्यो । उसले दुवैलाई पालैपालो भेटिरह्यो । पटक-पटक तराजुमा जोखिरह्यो । जसरी सुनारले सुन, चाँदी जोख्छन् । उनीहरूमा कमजोर पक्ष त्यति थिएन । जो आए पनि उसको जीवनलाई फरक पर्ने थिएन । अन्ततः युमबुङ्तिर पल्ला भारी भयो । उनीसँगै लगनगाँठो

कस्ने निर्णयमा पुग्यो ।'

माघको दोस्रो साता चल्दै थियो । समयान्तरको भेटमा उनीहरू जाडो छल्न चिया पसल पसेका थिए । 'वसन्तसँग यही २९ गते मेरो बिहे हुँदै छ । चुलैनिम्तो छ है ।' युमबुङले आफ्नी साथीलाई निमन्त्रणा दिइन् ।

छोकुबुङ छाँगोबाट खसे जस्तै भइन् । निम्तोको लागि धन्यवाद भन्न सक्नु त परको कुरो । हो र सम्म पनि प्रतिक्रिया जनाउन सकिनन् ।

'हुन्छ ।' जवाफमा उनी बाध्यात्मक बोली बोलिन् ।

युमबुङ मुरमुरिइन्, 'हामीबिच माया बसेको पूरापूर वर्षदिन पुग्यो । तैँले वसन्तलाई छ महिनादेखि खेदो लाउँदै गरेको मलाई थाहा छैन र ?'

छोकुबुङ आफ्नो पेट काटेको सङ्केत गर्दै शौचालयको बहानामा उठेपछि दुवै जना उठे ।

छोकुबुङको आँखामा आक्रोशसँगै बादल मडारियो । पहिले नै हामी सम्बन्धमा छौँ भनेर सुनाएको भए म किन सौता लाग्न जान्थेँ ? न युमबुङले सुनाउँछे न त वसन्तले । आफ्नो भाग्यलाई दोषी करार गरिन् । मूलहरू फुटे । अनायसै आँखाबाट पिखुवा बग्न थाल्यो । नङ् र मासु झैँ भइसकेको उनीहरूको सम्बन्धमा दरार आयो ।

*– होम्ताङ्, भोजपुर, हाल : जापान*



## शंखरापुर नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय, साँखु, काठमाडौं**

## सम्पूर्ण नगरवासी महानुभावहरूमा अपिल

- जन्म, मृत्यु, विवाह, बसाईं-सराई तथा अन्य सामाजिक घटनाहरू यथा समयमै नगरपालिकामा दर्ता गरौं, गराऔं ।
- घर–घरमा चर्पी बनाऔं, चर्पी प्रयोग गरी दिसा-पिसावको सुरक्षित विसर्जन गरौं, सामाजिक प्रतिष्ठा कायम गरी स्वच्छ वातावरणमा स्वस्थ भई बाँचौं र बाँच्न दिऔं !
- गरिबी, अन्याय, अत्याचार, भ्रष्टाचार, अशिक्षा, जातीय भेदभाव हाम्रा शत्रु हुन् । यसका विरूद्ध सबै सचेत, सजग र क्रियाशील रहौँ ।
- बाटो, नाला, चोक, गल्ली जताततै फोहोर हुँदा घरको सुन्दरता, पानीको निकास र घुमफिर गर्ने ठाउँसमेत दुर्गन्धित हुने हुनाले सरसफाईमा सचेतता अपनाऔं । सभ्य बनौं । सभ्यताको परिचय दिऔं ।
- भान्छाबाट निस्कने कुहिने खालका वस्तुहरू घरको एउटा कुनामा खाल्डो खनेर राखौं । नकुहिने वस्तुहरू मात्र फोहोरको रूपमा घरभित्रै संकलन गर्ने बानी बसालौं ।
- सार्वजनिक स्थल, धार्मिक स्थल तथा मन्दिर पोखरी, पर्यटकस्थलको सरसफाइका लागि सामूहिक रूपले हप्तामा एक दिन स्वयंसेवकको रूपमा सरसफाइमा समय दिऔं । यी सामूहिक धरोहर हामी सबैको हो । यसको मर्यादा हामी आफैले सामूहिक रूपले गरौं ।

# महँगो चिया



● राजेन्द्रकुमार आचार्य

'ज्यू, को बोल्नुभयो ? मैले चिन्न सकिनँ ? क्षमा गर्नुहोला !'

'नमस्कार, म खाटीराम हाकिम बोलेको, सन्चै हुनुहुन्छ सर ?'

'नमस्कार, म सन्चै छु । तपाईंलाई सपरिवार सन्चै छ ?'

'सन्चै छ, सर अहिले कता हुनुहुन्छ ?'

'अहिले यहीँ घरमै छु ।'

'यसो यता माथितिर निस्कने काम केही छ कि ? भएमा यसो भेटौँ न सर ?'

'काम त परिरहन्छ, भेटौँला । त्यस्तो केही छ र ?'

'अँ पर्सि शुक्रबार यहाँ नसबन्दी सभाकक्षमा ठुला बेसीमा विकास गर्ने विषयको छलफलका लागि एउटा अन्तरक्रिया कार्यक्रम राखिएको छ । त्यसमा सर आइदिनुपर्ने भयो । समय मिल्ला ?'

'हुन्छ सकेसम्म आउने प्रयास गरूँला नि ! कति बजे होला ?'

'एक बजे हो । बरू फलाना फलाना दुई गाविसका १० जनाजति प्रतिष्ठित व्यक्तिहरूको नाम र फोन नम्बर टिपाइदिनुस् है सर ?'

'कुन क्षेत्रमा संलग्न मानिसहरूको नाउँ टिपाउने ? उद्योग-व्यापार, शिक्षा, स्वास्थ्य, लेखन, पत्रकारिता, कानुन-व्यवसाय, मानव अधिकार, धर्म-संस्कृति, मानव सेवा ?'

'हैन जुन क्षेत्रका भए पनि हुन्छ । यसो यहाँ आइदिने जाँगरिला तथा अलि चर्चित व्यक्तित्वहरू भनेको । भोलिसम्म दिनुभए हुन्छ सर ।'

'हस्, म सूची बनाएर राख्छु त्यस्ता मानिसहरूको र तपाईंले फोन गर्दा ती नामहरू टिपाउने छु ।'

मैले कनीकुथी दश जना मानिसहरूको सूची बनाएँ । भोलिपल्ट उनले पुनः अफिसको सेटबाट फोन गरे । मैले ती दश जना मानिसका नामहरू टिपाएँ । उनले धन्यवाद दिए ।

मैले यी बैगुनीलाई गुनले मार्नु थियो । उनको कार्यालयको आकर्षक भित्तेपात्रो माग्दा उनले 'गोजीपात्रो आएपछि टकराउँला' भनेका थिए । त्योभन्दा अघि पनि त्यहाँ पस्दा फुक्ला गफ चुट्थे तर कहिले एक कप चियासम्म ख्वाएका थिएनन् । हुन् फेरि त्यति ठुलो कार्यालयको हाकिम । अझ हानखर्कमा छँदा त उनले एकपल्ट मलाई आफ्नो कार्यकक्षमा गोप्य बैठक छ भनेर

धपाएका थिए । त्यस घटनाका कारण पुराना मित्र भनी म यसो छिर्ने क्रम टुटेको थियो ।

उनी पहिले पातला थिए । पछि मोटाए । फेरि पिपलका रूखमुनि घरबार गरी बसे । पछि केही समय नरमेध यज्ञशाला नजिक घर तुल्याएर पनि सरे । अहिले भने साबिक पिपलकै रूखमुनिको घरमा बसेका छन् । बैठकको दिनमा म १२ बजे नै उनको कार्यालयमा छिरैं । उनका स्टाफलाई चिया बाँडिँदै थियो । उनले खाइसकेका रहेछन् क्यार । मैले आशा गर्नु मात्र भयो । किन यो मन एक कप चियाका लागि लोभिएको होला ? धिक्कार छ लोभी मन तँलाई ।

टेबलमा छरिएका नागरिक र कान्तिपुर पत्रिकाहरू तानेर पढ्न लागैँ । उनी भने 'अब हिडौं सर' भनेर गोरखापत्रलगायत कान्तिपुर, नागरिक आदि पत्रिकाहरू घरमा लानका लागि पोको पारीवरी निस्के ।

म पनि पछि लागैँ । को कसलाई फोन गर्दा आधा घण्टा खर्चे । त्यहाँ पत्रु भेटिए एक जना । उनी पनि माथि नसबन्दीतिर जानेवाला रहेछन् । त्यसपछि उनी पत्रु र म हाकिमको सरकारी गाडी चढेर बैठक कक्षको बाहिर पुग्यौँ । आधा घण्टापछि कार्यक्रम सुरू भयो । फलाना चुनाव जितेका, फलाना हारेका र अन्य फलाना-फलानाहरूको जमघट भएको अवस्था । मसित पढेका फलाना सहपाठीहरू पनि जुटेकाले पुनर्मिलनमा मौखिक खुसी मनायौँ ।

अभियानका अध्यक्ष मेरो अगाडि मलाई पुरै ढाकिने गरी कुर्सी राखेर बसी साथीहरूसित गफ गर्न थाले । मेरो जम्ले हातको प्रत्युत्तरमा आफ्नो बायाँ हात आधा उठाइदिए, मेरो अहोभाग्य ! हात मिलाउनलाई मैले जमर्को गरिनँ । उनले ओहदा नमिल्नेसँग झन् किन टन्टा गरून् र ? पछाडि मधुरो तर न्यानो घाम परेको थियो । हिउँदको पहारिलो घाम छोडिसक्नु थिएन ।' बरू दोस्रो दर्जाको मानिस भएर पछाडि बस् तर घाम नछोड्' भन्यो अन्तरमनले र टाँसिइरहेँ कुर्सीमा ।

पछि भित्र गएपछि लहरे बस्न पाएकोमा केही हात लागे जस्तो, केही जिते जस्तो लाग्यो । अध्यक्षविनाको अध्यक्ष मण्डल सोफामा बस्यो । झन्डावाल गाडी चढ्न पाएका, चढेर आउन भ्याएका एक जना कोखामा थिए अनौपचारिक प्रमुख अतिथि । अर्का एक जना मान खोज्ने नक्कले व्यक्ति कोखैमा आई टाँसिएर बसे सोफामा । साँझसम्म ठुलो बेसी विकास विषयमा गनथन भए । कार्यक्रम आंशिक रूपमा उपलब्धिमूलक नै रह्यो ।

के के न नास्ता-अर्नी पाइएला भनेको त एक कप चिया मात्र । एक कप चियाले अस्ति, हिजो र आज पनि तीन दिनसम्म यतिका काम गराए । भोकले आन्द्रा छुत्ती खेल्न थालेका थिए । बल्ल चियाको मूल्य र महत्त्व बुझेँ । कति बाठा ती हाकिम, पैसा कुम्ल्याएर नाति-नातिनाहरूलाई पनि थुपारिदिएका छन् ।

# सपनाहरू खोज्दा ...



● रामचन्द्र नेपाल

दुईवर्ष भएको थियो आयुषले + २ सकेको । विज्ञान विषयमा निकै राम्रो अङ्कसहित पास भएको उसलाई आफ्ना के के कुरा नमिलेकोमा भित्री मनमा सन्तुष्टि पटक्कै थिएन । आमासँग राम्रै गरी बोले पनि बुवासँग अत्यावश्यक हुँदा मात्र बोलचाल हुन्थ्यो । त्यो पनि वस्तुगत प्रश्नोत्तर शैलीमा । अरूबेला घरमा भए नभएको थाहा हुँदैनथ्यो । यसबारेमा घरकाहरू चिन्तित थिए । तर दुईतीन वर्षदेखि परिस्थिति यस्तै थियो ।

आज पनि ऊ आफ्नो कोठामैं केही गर्दै थियो । धेरैजसो समय ल्यापटपमैं हुन्थ्यो । एयरफोन कानमा हालेका बाहिरको आवाज पटक्कै सुन्दैनथ्यो । उसले त्यसरी नसुन्दा घरकाहरू ऊदेखि चिढिन्थे ।

आज पनि तीनपटक कराउँदासमेत नसुनेका कारण आमा अन्जना रिसाउँदै कोठामैं आइन् ।

"होइन के सारो एकोहोरिएको हो यो केटो ? कति बोलायो सुन्दै सुन्दैन !, उता खाना सेलायो भन्या !" फर्किएको थियो उनको आवाज ।

आयुषले नरमाइलो मानेर बसेकै अवस्थामा जवाफ फर्कायो -" मैंले भनेको चाहिँ कल्ले सुन्ने गर्‍या छ र यो घरमा, अनि मैले सुन्नुपर्ने ? सँगैका साथी सबै आआफ्ना बाटो लागिसके । कति के के गरिसके । म चाहिँ कोठामा कोच्च्या कोच्च्यै छु !" उदाउँदो किशोर आकांक्षा अवरूद्ध भएकोमा आक्रोश थियो उसको अभिव्यक्तिभरि ।

अन्जनाले छोरालाई खाना ख्वाउन सधैंझैँ आज पनि परिश्रम गर्नुपरेको थियो । उनले भनेकी थिइन्- "बुवा त्यही कुरा मिलाउन जानुभएको छ । हामी पनि त गर्दैछौँ नि । आत्तिएर मात्र हुँदैन । तँ ठूलो भैसकिस् । अब त बुझ्नुपर्‍यो नि, कति गाह्रो छ !" नजिकै बसेकी उनले घरको बेलीबिस्तार लाएर सम्झाउने प्रयत्न गरेकी थिइन् ।

आमाको लागि खाइदिए झैँ गरी भातको गाँस हाल्दै उसले भनेको थियो- "त्यसो भए त्यो जग्गा किन राख्नु त ? बेचे भै हाल्यो नि !, अनि

त मेरो समस्या समाधान हुन्छ ।"

"जग्गा त्यत्ति मात्र त छ अब । धेरै पनि त छैन । त्यो बेचेर हामीहरूले चाहिँ के खानु ? बन्द बेपारको अवस्था यस्तो छ । कैलेकाहीँ त बोहनी नै हुँदैन ।" आमाले भनेकी थिइन् ।

"के त्यसो भए मैलेचाहिँ यहीँ आत्महत्या गर्नु त ?, एउटा कुरा हुन्छ नि" अनुहार खुम्च्याएर रन्थनिएझैँ देखिने छोराको यस प्रश्नले अन्जनालाई निकै झस्कायो ।

"आत्महत्या" भन्ने शब्दले निकै चिसी भइन् उनी । यस्तो कडा शब्द ? तर संयमित हुँदै उनले भनिन् - "के भनेको बाबू त्यस्तो ? हामीले तिमीहरूलाई नहोस्, बाटै छेकौँ, यहीँ कोचारौं भनेका छौं र ? बाबुआमाका प्रयत्नलाई पनि त बुझ्ने प्रयास गर ।"

आमाको भनाइमा गहिरो अविश्वास मिसाएर आयुष भुत्भुतायो "हामीलाई के थाहा त ?" टोल्हिएर बाहिरतिर हेर्दै उसले गाँस चपाइरह्यो ।

एउटा परिस्थिति हुर्किरहेथ्यो त्यहाँ । विश्वास टाढा टाढा हुँदै थियो ।

,,,,,,,,,,,,,,,,

गाउँघरमा सामान्य पसल, बजारमा एउटा घरेडी र १० कट्ठा जग्गा भएका अन्जना-अर्जुनको परिवारमा आयुष आमा बा र उनीसमेत ५ जना थिए । प्राइभेट स्कुलमा छोरा छोरी पढाउँदैदेखि र गतवर्ष छोरी आयुष्माको विवाहमा थपिएको ऋण तिर्न बाँकी थियो । त्यही जग्गा पनि लीलाम हुनबाट कसो बचेको अवस्था र व्यापार ठप्प भएको व्यथाका कारण मन भौँतारिएको थियो । जे गरे पनि असफलता मात्र प्राप्त भएको अनुभव थपिँदै थियो ।

गतवर्ष नै क्ष्भ्त्कि गरिसकेर अष्ट्रेलिया ताकेकोमा भिसा नलागेपछि आयुषको मानसिकतामा चोट पुगेको थियो । उसको किशोर स्वभावमा हल्का परिवर्तन ल्याएको थियो । कन्सल्टेन्सीको सहयोगमा देखाइएको ब्यांक ब्यालेन्सको चर्को ब्याज, अन्य खर्च, वार्षिक आम्दानी शो गर्दा लागेको खर्च सबै पुरानो ऋणमाथि थपिएकाले उनलाई रनाहा लाग्ने बनाएको थियो । त्यो तनाव, छोरो दोहोरो मुखै नबोल्ने, श्रीमतीको समेत कर्कश व्यवहार उनको टाउको दुखाइको मुख्य विषय बनेको थियो ।

"मैले गरेको देख्दैन कसैले, हो न हो बाधक मलाई नै ठान्छन् ! झेल्दैछु सबैथोक, अभिभावक भएकाले । शायद जिन्दगी भनेको यस्तै हो । अरूको लागि नभए नि मेरा लागि" उनी एक्लै गन्गनाउँथे आफैँदेखि आफैँसम्म ।

एकदिन आफ्ना मिल्ने साथीलाई मनका वेदना पोखेका थिए अर्जुनले । त्यो दौरानमा कखरादेखि व्यथाका वर्णमाला सबै उच्चारण गरेका

थिए । आफ्न सबै छोरा छोरीलाई यु एस पठाइसकेका साथीले कुन्नी कसले लेखेको हिन्दी कविताका केही फाँकी सुनाउँदै सान्त्वनाको अभिषेक गरेका थिए ।

"तू अपने पथ पर चलता जा
गालियाँ देने तो लोग हैं ना !
जो करना हो डटकर कर
खामियाँ दिखाने तो लोग हैं ना !"

सान्त्वना दिने ती साथी बेलाबेलामा आउँथे । विभिन्न कुरा हुन्थ्यो । योजना अपूरै रहेकाले उनलाई भित्रभित्रै औडाहाले लखेटिरहन्थ्यो । अन्जना किन चिढिएकी ऊसँग ? सोचेर विरक्त लाग्थ्यो । नबोलेकै जाति आफैँसँग बोल्थ्यो । हो, त्यति निकटता थिएन । न्यानोपना हराएको निकै समय भैसकेको थियो । संवादविहीन घरेलु वातावरण कुनै निर्जन एकान्तभैँ लाग्थ्यो । त्यतिबेला मुटुबाट निस्कन्थ्यो लामो उछवास ।

असी कटिसकेका बाले एकदिन आफ्नै सुरमा पढेको श्लोक सुनेर उसले बरू थोरै मन बुझाएको थियो ।

"यत्ने कृते अपि नसिध्यति कुत्र दोष : ।"

ऋण थियो दुई बैंक र दुई सहकारीमा । आम्दानी उसै सहिद हुन्थ्यो मात्र होइन, तिर्नै पुग्दैनथ्यो । आफन्तबीच सापटी र ऋणले सम्बन्ध चिसिएको थियो । पहिलेपहिले अत्यन्तै इमान्दार गनिएका अर्जुन-अन्जना अब सापटी नपाउने ऋणी भैसकेका थिए गाउँमा ।

त्यस रात निकैबेर निदाएनन् उनीहरू । अनिद्राको रात समय रोकिएभैँ स्तब्ध र विकराल लाग्थ्यो । अन्जनाले आफैंलाई पोख्दै लगिन् गृहस्थीको बाटाभरी ।

"कोविडपछि क्यै व्यापार हुँदैन । कृषि ऋण लिएर गरेको केराखेती फल्यो । पहिले त राम्रै भयो । तर बेच्ने बेला केरा बिकेन । सडेर गयो । १५ गते कट्न नपाउँदै ऋण तिर्नुपर्‍यो भनेर लघुवित्त र बैंकका फोनका फोनले टाउको खान्छ, निद्रा खान्छ अनि ज्यानै खान्छ ।"

श्रीमती गन्गनाएको सुनिरहेका ४७ वर्षीय अर्जुनलाई आफैं बोलिरहे जस्तो लाग्यो । अन्जना भन्दै गइन् - " कहिलेकहीं त आफैं पनि हाम्फालौं कि जस्तो लाग्छ खाडीतिर ।"

बिहानै अर्जुनले हेरे । आयुष कोठामा थिएन । उसकी आमालाई पनि क्यै नभनी कतै निस्केको थियो रे ।

एउटा अज्ञात भय सल्बलायो मनभरी । सम्झे-अहिलेको संवेदनशील पुस्ता ! संवाद भन्दा आफ्नो निर्णय पहिले सुनाउँछ । अहँ, विलम्ब सहँदैन । अनि आफैंतिर फर्किएर अर्जुनले गहिरो प्रश्न गरे "ओ हो, मैले किन जित्न सकिनँ मेरै सन्तान र परिवारको विश्वास ? कहाँ भयो त्रुटि ?" अहँ, सटिक उत्तर आएन ।

उनी घरबाट निस्केर पुगे अवस्थी बाजेकोमा । बिहानको पूजापाठ सकेर बाहिर निस्कंदै

गरेका उनलाई अर्जुनले प्रणाम गरे ।

" ढोग गरैं गुरू ! निकाइ छौ तम ?"

नजिकै बस्न इशारा गर्दै अवस्थी बाजेले भने - "आब कसो छु भुर्णौं, अठहत्तरा होइग्युँ ! अठहत्तरमाइ जसो हुणु हो तसोइ छुँ ।"

घाम भर्खर झुल्किएका थिए । पूर्वको रातोपना क्रमश : सेतोमा बदलिँदै थियो । कुरा चले । चिया चल्यो । पैसा सापटीका कुरा उप्किए । पारिवारिक ग्रहशान्तिका कुरा आए । देशको वर्तमान स्थिति र भविष्यबारे पनि कुरा चले । नजिकैका पुष्पसर पनि सामेल भए त्यहाँ ।

ज्ञानगुनका कुरा सुनाइरहने अवस्थीबाजेले अर्जुनतिर हेरेर भने - सुण्ण्या हो ब ?

कि कुरडी गुरू ?

तमलाई एक किस्सालै सुणौनु, हा !

हस् गुरू हस् !

अवस्थीबाजेले एकपटक बाहिर हेरेर भुँइसोलाई घाँस हाल्न अह्राए अनि ख्वाक्क खोकेर शुरू गरे- सुदूरपश्चिममा प्रचलित एउटा लोककथा । लछ्वा कोठारीको कथा । उनी भन्न थाले - "भौत किस्सालै छन ब लछ्वा कोठारीका । तनमाई एक हो यो - एक लछ्वा कोठारी थिया ।"

उनी सुनाउँदै गए - "लछ्वा कोठारीका १० भाइ छोरा थिए । ती सबै बलिया बलिया थिए । उनीहरू अह्राएको जस्तोसुकै भारी काम पनि गर्थे । तर, बुद्धि भने थिएन । एकदिन लछ्वाले छोरालाई भेला गरेर भने - "हेर छोरा हो, तिमीहरू हुर्केर ठूला भयौ । अब यो घर सानो भयो । सबै अटाउने ठूलो घर बनाउनुपर्ने भयो । तल वनमा एउटा ठूलो रूख छ । गएर त्यो ढाल । त्यसको धुरीखाँबो हुन्छ । २२ हात लामो हुने गरी नापेर काट । अनि ताछतुछ पारेर ल्याओ ।"

बाबुको आज्ञा सुनेर दशैभाइ वनमा गएर त्यो रूख ढाले । २२ हात नापेर त्यसलाई गिँडे । ताछतुछ पनि पारे । अब दशैभाइ मिलेर त्यो धुरीखाँबो बोक्न लाग्दा कसै गरी बोक्न सकेनन् । के गर्ने ? सबै बिलखबन्द परे । खाँबो छोडेर जाँऔं, चोरिएला भन्ने डर ! के गर्ने ? दशभाइको क्यै सीप लागेन । साँझ पर्न लाग्यो । त्यत्तिकैमा एकभाइले जुक्ति निकाल्यो ।

"जसरी पनि खाँबो घर ल्याउने जुक्ति मसँग छ ।"

उसको जुक्ति सबैले ध्यान दिएर सुने । अनि उसैको जुक्तिबमोजिम् त्यो धुरीखाँबालाई दस टुक्रा बनाएर १० भाइले घर बोकिल्याए ।

तैलेखा सबै भुण्णान- "लछ्वा, चेला जसा भया !" अवस्थी बाजेले दुवैजनातिर हेरेर भने ।

तन्मयतासाथ कथा सुनेर बसेका पुष्पसरले भने –– " यो त हाम्रा देशा नेतानको कथाजसो ।"

*—पुनर्वास न पा, कञ्चनपुर, सु प*

# सपना



• लता केसी

हिमालको तल फेदीमा एउटा सानो बस्ती थियो । नमुना बस्ती ! नामअनुसार कामले नि नमुनै थियो । प्रकृतिको अनुपम सौन्दर्यमा सजिएको मात्र होइन, सामाजिक वातावरण पनि गजबको थियो । सहयोग, समर्थन, मेलमिलाप र भाइचारा खोज्नुपर्दा सबै नमुना बस्तीको उदाहरण पस्किन्थे । मुस्किलले पन्ध्रबीस घर थिए होलान् । शान्त र सुन्दर जनजीवन थियो । पर्वतबहादुर त्यो बस्तीको हुकुम थियो । एउटी मात्र छोरी थिई उसकी ।

हिमालको काखमा छ, सानो मेरो गाउँ, पर्वतकी छोरी हुँ म, पार्वती हो, नाम....! भन्दै फुत्रुक फुत्रुक गाउँदै नाच्दै हिंड्ने पार्वतीले पखेटा हालिसकेकी थिई । प्रकृतिको निश्चलता र सुन्दरता टपक्कै उसमा छाएको थियो ।

कुनै राजकुमारी झैं देखिन्थी । लाग्छ, प्रकृतिको रमणीय मनोरमताले सजिएको कुनै बगैंचाको सुकुमार फूल हो ।

झट्ट हेर्दा कसैले खोट लगाउने ठाउँ थिएन । सुन्दर फूल देखेर भँवराहरू रसास्वादन हेतु उसका वरिपरि भुनभुनाउन थालिसकेका थिए । रङले मात्तिएकी तरूनी छोरीलाई राखिरहदा भवितव्यको सम्भावना प्रबल थियो ।

आखिर समय न हो, कसलाई पर्खन्छ र ? भनेजस्तै खोजेजस्तै सहरमा वर भेटियो– शिव ! ऊसँग गाउँकी पार्वतीको लगनगाँठो बाँधियो अनि मनभरि जन्मस्थललाई सजाएर एउटा बिरानोसँग नाता गाँसेर पछि पछि लागी । सबैको भक्कानो छुट्यो । सिङ्गै गाउँले आँखा चिस्यायो– उनको बिदाइमा ! छोरीको जात न हो, जन्मेको घर र सबै आफन्तलाई बिर्सिएर घरसंसार सजाएर रमाउनु पर्ने । दुई वर्ष बितेछ । सुख र हाँसोका पलहरूले उसलाई माइतीको याद पनि आएनछ । एकदिन शिवले ऊसँग सन्तानको रहर व्यक्त गर्दा अलिकति आत्तिएकी थिई तर देवता जस्तो पतिको इच्छा शिरोधार्य गरी । सोची– म नारी, जननी ! सृष्टिकी मुहान ! सन्तानविना त म अधुरी ।

स्वास्नी गर्भवती भएपछि शिवको

भुइँमा खुट्टा थिएन । संसारका सारा खुसीहरू उसले आफ्नो जीवनमा आत्मसात् गरेको अनुभूति गर्‍यो । हरेक दम्पति झैं उनीहरू भावी सन्तानको पर्खाइमा निमग्न भए । पेटमा रहेको गर्भलाई स्पर्श गर्दै स्वास्नीको छेउमा बसेर घन्टौं रमाउँथ्यो । छोरो भए गणेश र छोरी भए गणेशा नाम राख्ने भनेर एक दिन कुराकानीको क्रममा उनीहरू खुब रमाएका थिए । छोराछोरी, जे भए पनि उचित शिक्षा दिएर डाक्टर, पाइलट होइन नि, असल मानिस बनाउनुपर्छ है भनेर उनीहरूले सपना साँचेका थिए । पर्खाइको घडी सकियो । नौ महिनापश्चात् भनेजस्तो घुतुमुने छोरो पाउँदा शिव खुसीले पागल भएको थियो । न्वारानमा नाम गणेश जुर्‍यो- शिव पार्वतीका छोरा ।

जीवन आखिर सुख र हाँसोको नाम मात्र कहाँ हो र ? भन्ने कुरा उसलाई त्यो बेला अनुभूत भयो । जुनबेला अत्यधिक रक्तश्रावको कारणले पन्ध्र दिनकी सुत्केरी स्वास्नीको मृत्यु भयो । समय र भाग्यको खेल न हो । उसलाई लाग्यो- उसको संसार सकियो । चिच्यायो तर कालले उसको आवाज सुनेन । हावामा हराए-उसका क्रन्दन र आर्तनादहरू ! उसको यो दुःखद घडीमा आश्वासन र सहानुभूतिको भेल आयो । मानिसको स्वभाव न हो- सस्ता शब्दहरू, चिल्ला मिठा कुराहरू गरेर दुनियाँको अगाडि ठिक्क बनिदिने । आखिर प्रश्न अघिल्तिर तेर्सियो । अब शिव र नवजात शिशुलाई कसले सँभाल्ने ? सास रहे आश भने झैं छोरोको मायाले शिवभित्र शिवत्व जुर्मुरायो । म नै आमा र बुवा बनेर मेरो छोरोलाई असल मानिस बनाउँछु भनेर प्रतिज्ञा गर्‍यो । समय कठिन बन्दै थियो तर उसमा एउटा साहास पलाउँदै थियो । आँटे के हुन्न र ? भन्ने उक्ति सम्झियो । न त उसले फेरि कुनै महिलालाई महत्त्व दियो न त छोरोलाई सौतेनी आमाको काखमा सुम्पिने विचार नै गर्‍यो । समयको अन्तरालमा ऋतु र मौसम परिवर्तन भए तर उसको विचारमा कुनै बदलाव आएन । छोरो बढ्दै जाँदा उसको अनुहारमा खुसी पलाउँदै थियो । छोरो स्कुलमा पुर्‍याएर काममा जानू फेरि बेलुका लिन जानू, घरधन्दा, खानपिन, गृहकार्य सबै उसैले भ्याउँथ्यो । पुरूषले एउटी महिलाको दायित्व धान्नु उसलाई नि सहज त कहाँ थियो र ?

एकदिन बेलुका स्कुलबाट घर फर्केपछि छोरोले प्रश्न राख्यो- बाबा, सबैको ममीहरू आउनुहुन्छ मेरो स्कुलमा, मेरो ममी खै त किन नआएको ? कहाँ हुनुहुन्छ भनेर सोद्धा ऊ अक्क न बक्क भएको थियो । बाबु, टाढा छिन् तिम्री ममी । तिमी ठुलो मानिस र असल मानिस भएपछि मात्र आउँछु भनेकी छिन् भनेर चपक्कै छातीमा टाँसेर

बालकथा सुनाएर भुलाएको थियो ।

गणेश होनहार निस्कियो । चारैतिर उसको स्वभाव र आचरणबारे गुनगान गाउन थाले । उसका साथीभाइका आमाबुवाहरूले आफ्ना सन्तानलाई भन्ने गरेका थिए– छोरो होस् त गणेश जस्तो । तारिफ गरेको सुन्दा शिवको नाक गमक्क फुल्थ्यो । गणेश कलेज भर्ना भयो । अब त ठुलो, सबै कुरा बुझ्ने भयो । । बुवा र छोरा साथीजस्ता भए । अफिसबाट लखतरान भएर फर्किंदा छोरोलाई देखेर सबै दुःखपीडा भुल्थ्यो ऊ । माटोलाई ढुङ्गाको भर, ढुङ्लाई माटोको भर भने झैं उनीहरूको सम्बन्ध प्रगाढ बन्दै गयो । बुवा छोरा साँझैदेखि दिनभरिका कुरा आपसमा बाँडेर रमाउन थालेका थिए । एक दिन छोरोले सोध्यो– बुवा गरिब दुःखीलाई पढ्ने अधिकार छैन र ? अचम्म मान्दै सोधे– 'छ किन र बाबु ? यस्तो गम्भीर प्रश्न सोधिस् ?'

बेलिविस्तार लाउन थाल्यो ऊ । गाउँ पहाडदेखि आएर पढ्दै गरेका हाम्रा पाँच जना साथीहरूलाई कलेज प्रशासनले नाम दर्ता नगरेको भनेर जाँचको मुखमा आएर निष्काशन गऱ्यो । विचराहरू! तिनका बाआमाले कस्ता सपना देखेर सन्तान सहर पठाएका होलान् त नि ! पैसा नहुनले पढ्न पाइन्न र ? सपना बोक्न पाइन्न र ? छोरोको कुरो सुनेर शिव गमक्क पऱ्यो । निकै कुरो बुझ्ने भएछ भनेर हातले पिठ्युँमा धाप मानेर भने- 'स्याबास् छोरा ! तेरो बुवा हुनुको गर्व छ मलाई । अब तँ सबै बुझ्ने भाको छस् बावु । फुकी फुकी पाइला चाल्नु नि ! समाजमा इज्जत नै ठुलो कुरो हो भनेर बुझ्नू । मानव भएपछि मानव सेवामा लागेर मानवीय धर्मको पालना गर्नू । म तेरो बुवा मात्र होइन, निकटको साथी हो भनेर बुझ्नू । आवश्यकतामा दिएको सल्लाह सुझाव शिरोधार्य गर्नू ।

भोलिपल्ट ऊ कलेज गयो तर मानसपटलमा उहीँ विषय घुमिरह्यो । उसले केही गर्न सकिन्छ कि भनेर तत्कालै हातेमालो मोर्चा गठन गऱ्यो । निष्काशित विद्यार्थीहरूको भविष्यसँग खेलवाड गरेको भन्दै वार्ता आह्वान गऱ्यो, धेरैले सहमति जनाए । उसको अति निकटका साथी विनयले भनेको थियो- 'यार यो झमेलामा नफस् है' तर उसले उल्टै जवाफ दियो- ' काँतर, अन्याय गर्नु पाप हो भने सहनु महापाप हो बुझिस् ।'

यतिन्जेल पढिरहेका विद्यार्थीलाई निकालेर उनीहरूको एक वर्ष नाश गर्ने अधिकार कसैलाई छैन । सुरूमै कक्षामा प्रवेश निषेध गर्नुपर्थ्यो । उनीहरूले जाँच दिन पाउनुपर्छ बरू परीक्षाफल रोकियोस्, स्वीकार्य छ भन्ने विचार अघि राख्यो । प्रशासनले परीक्षाफल निस्किनु अगावै नाम दर्ता र महिना शुल्क बुझाउनुपर्ने अन्यथा मार्कसिट रोक्का गर्ने र नयाँ भर्ना नदिने भन्ने सर्त राख्यो । तत्कालको

समस्या टरेकोमा सबै खुसी भए । परीक्षा सकियो । पैसा सङ्कलनका लागि सांस्कृतिक कार्यक्रम र चन्दा सङ्कलनको कार्यक्रम तय गरियो । सबै विद्यार्थी एक जुट भए । पाँच जना विद्यार्थीको भविष्य सुरक्षित भयो । एकतामा बल हुन्छ भन्ने कुरा सिद्ध भयो ।

सधै झैं दिनभरिको भागदौड पछि शिव लखतरान परेर घर पुगे । छोरो घरमा थिएन । मनभरि शङ्का उपशङ्का मडारिन थाले । छटपटी बढ्दै गयो । दश बजिसक्यो । न भोक न निन्द्रा केवल छोरोको आगमनको व्यग्र प्रतीक्षामा टोलाइ रहे । अचानक बाहिर हल्ली खल्ली सुनियो । एउटा गाडीमा केही केटाहरू कराउँदै थिए- कलेजका डनहरू, मुर्दावाद ! विद्यार्थी नायक गणेश जिन्दावाद ! हत्यारालाई फाँसी दिने छौं । नायक गणेश अमर रहुन् । शिव आत्तिएर गाडीमा पुगे । छोरोको लाशमा गुजिल्टिएर चिच्याए, दर्दनाक आवाज निकाले ।

राष्ट्रका अति प्रिय राजनेताको अवसान जस्तै शोकाकुल बन्यो- गणेशको अन्त्य । शायद यो अकाल मृत्यु भएर होला, रोदन घरीघरी आकाश चुम्थ्यो र फर्किन्थ्यो अनि एउटा कोलाहल ब्युँझिन्थ्यो । होनहार दैव नटार भने झैं शिवले उसका साथीहरूको सहयोग जुटाएर राति नै अन्त्यष्टिमा जुटे । एउटा पार्थिव शरीर क्षणभरमै खरानी बन्यो ।

गणेशको साथी विनय र उनको बुवाको अनुरोधमा शिव उनीहरूसँगै एउटै परिवार झैं भएर बस्न थाले । आखिर मानिस मायाको भोको न हो । उसले दाजु र भाउजू अनि भतिजोको मायामा आफूलाई समाल्दै गयो । तेह्र दिनको काम सकियो । विनय अब कलेज जान थाल्यो । केही दिनपछि शिव पनि काममा जान थाले । अलि सहज बन्दै थियो समय । विनयका बाले गणेशको मृत्युको घटनाबारे एक्कासि जिज्ञासा पोखे । भएको के हो ? किन गोली चल्यो ? घाउ कोट्याउने मन त थिएन विनयको तैपनि त्यो दिनको घटना वर्णन गर्न थाल्यो ।

कलेज सकिँदा पाँच बजेको थियो । सबैलाई भोक लागेको हुनाले क्यान्टिनमा भिड थियो । आआफ्नो कुपन लिएर हामी लाइनमा पालो पर्खिएर बसेका थियौं । एउटा डन भनाउँदो विद्यार्थी चुरोटको धुवाँ उडाउँदै भित्र प्रवेश गऱ्यो । सबैले बहिष्कार गर्दै थियौं । उसकै अर्को मुन्द्रे साथी एउटी केटी साथीसँग भित्र छिऱ्यो । नजिक गएर केटीलाई तानेर पाखा लगायो र एक मुक्का हानिहाल्यो । सबै यति छिटो भयो हामी हेरेको हेरै भयौं । गार्डलाई खबर गर्न नपाउँदै हानाहान सुरू भयो । युद्धले भीषण रूप लियो । सबै जऱ्याक जुरूक उठेर रोक्ने प्रयास गऱ्यौं । पहिलोले गोजीबाट रिवाल्भर निकालेको देख्ने बित्तिकै गणेशले

छेक्न जाँदा गल्तीले उसलाई गोली लाग्यो । गणेशको रगत बढी बगेकोले बचाउन सकिएन । आखिर गणेश लगभग नौ बजेतिर भगवान्को प्यारो भयो ।

शिवले मनमनै गुन्यो– कस्तो संयोग ! दुवै आमाछोराको मृत्यु रगतको अभाव । अब हत्यारा खोजेर नि के गर्नु ? मरेको छोरो फर्किने होइन क्यारे । गलत संस्कारको शिकार भयो मेरो छोरो । एक दिन खाने समयमा शिव नउठेपछि– ' काका, काका !' भन्दै विनय उसको कोठामा पुगेको थियो । ऊ सुतिरहेको देखेर सोध्यो– 'काकालाई सन्चो भएन र ? निधार छामेर माया बर्षायो । विनयको हात समातेर उसले भन्यो– ' एउटा कुरा भन्छु, नाइँ नभन है ।'

'के कुरो काका ?'

'अब उप्रान्त तिमी मलाई बुवा भन है । आखिर गणेश र तिमी मेरा दुई भाइ छोरा, फरक एउटै हो । तिमी बाँचेको छौ, ऊ छैन ।' शिव भावुक बन्दै थियो गणेशलाई सम्झेर !

विनय केही नबोली फुत्त बाहिर निस्कियो र एकछिनमै बुवालाई लिएर पस्यो । चिन्ता देखाउँदै बुवाले सोधे– 'होइन के भो र ? डाक्टर कहाँ जान पर्ने हो ?'

जुरूक्क उठ्दै शिवले भने– ' होइन, होइन ! केही खास सिरिएस होइन । खान मन नलागेको र आलस्य मात्र हो ।' उनले फेरि भने– 'उसो भए तातै खाना खान जाऔँ त ! बेलामा खाना नखाए मेरी धर्मपत्नी रमाले धर्काउलिन् नि त ।'

'होइन, आज म खान्न, तपाईहरू खानुहोस् न ! म आज अफिस नि जान्न । यसै आराम गरेर बस्छु ।'

'उसो भए साथीलाई घरमा एक्लै राख्दिनँ । रमा पनि एक्ली छिन् । बरू म नि जान्न त' भनेर बुवा छोरा बाहिरिए ।

कोठामा ऊ सोच्न थाल्यो – विनयले बुवा भन्न सक्दैन । म र रमा भाउजू घरमा एक्लै हुने छौँ भनेर साथी आत्तिने ? के म बोझ त भइन, यो घरमा ? धेरै बेर एक्लै घोइरिरह्यो । शङ्का उपशङ्कामा विचारहरू सलबलाइरहे अनि कसैलाई केही नभनी बाहिर हिँड्यो तर फेरि कहिले फर्केन ।

सबैले खोजखबर गरेँ । केही अत्तो पत्तो लागेन । केही मानिसहरूले अड्कल काँटे– आत्महत्या गऱ्यो होला । केहीले पागल भयो होला भने तर देख्ने मानिसहरूले भन्दै थिए– आफ्नो घरबार सबै बेचेर शिव त हिमालको फेदीमा रहेको नमुना बस्तीमा गएको छ । त्यहाँका गरिब र पीडित युवाहरूको सहयोग लिएर संस्था चलाउँदै छ । रगतको कमीले कोही नमरून् र गरिबीले पढाइ कसैको नरोकियोस् भनेर अभियान चलाएको छ । त्यो संस्थाले उत्पीडितहरूको शिक्षा र स्वास्थ क्षेत्रमा लगानी गरेको छ ।

*तीनकुने, काठमाडौँ*

# न्यायिक अराजकता



● डा. विश्वदीप अधिकारी

सहिद दिवसको दिन साँझपख सिफलको कालो पुलको किनारै किनार बनेको नयाँ बाटोबाट दक्षिणतिर जाँदै गरेको सुदेशको सोही बाटोबाट उत्तरतिर आउँदै गरेको कुमुदसँग जम्का भेट भयो । टक्क अडेर हाँसेर हात मिलाउँदै अरू बटुवालाई बाटो छाडिने गरी सुदेशलाई तान्दै कुमुदले भन्यो, ' होइन सुदेश, तिमीले कहिले हो अदालतमा बहस गर्दा 'न्याय प्रभावित भइरहेको छ, न्यायिक अराजकता सिर्जना गरिएको छ भन्यौ रे ! के रहेछ खास कुरा त्यसरी बोल्नुपर्ने ?'

मुसुक्क हाँस्दै, 'पेसा नै बोल्ने हो, कथाले मागेजस्तो संवाद त बोल्नै पर्दछ । कसरी थाहा पायौ तिमीले यो कुरा ? हाम्रो भेट नभएको त महिनौँ भइसक्यो होइन र भन्या ?' सुदेशले भन्यो ।

'होइन किन त्यसो भनेको ? भन्ने मेरो भनाइ होइन । कस्तो प्रसङ्ग रहेछ ? भन्ने आशय मात्र हो । मेरो छोराले भनेको थियो । ऊ कानुनकै विद्यार्थी भएकोले अदालत अवलोकनमा गएको बेलामा सुनेको रहेछ र मैले थाहा पाएको' कुमुदले मुसुक्क हाँस्दै भन्यो ।

'तिमी यो बाटोको उत्तरतर्फ लाग्दै छौ । म दक्षिणतर्फ लाग्दै छु । अहिले यो साँगुरो पेटीमा उभिएर कुरा बताउन पनि गाह्रो । पछि कुनै दिन गफ गरौँला नि' माघको महिनामा साँझको समय र पेटीमा हिँड्ने मानिसको भिडभाडलाई सङ्केत गर्दै सुदेशले भन्यो ।

'तिमी कता जाने ? म त यो धोबीखोलाको सेतो पुल हुँदै वानेश्वरतिर जाने हो । चिसो भएको खुट्टालाई तताउन हिँडेको हुँ, उत्तरतिर जाने काम छैन' कुमुदले आफ्नो गन्तव्यबारे प्रकाश पार्दै भन्यो ।

'ए, मैले त तिमी उत्तरतर्फ लागेकाले बसाई उता पनि रहेछ कि भन्ने ठानेर पो त्यसो भनेको त । म पनि सेतो पुल हुँदै घट्टेकुलोतर्फ जाने हुँ । ल जाऔँ न त गफ गर्दै' सुदेशले प्रसन्न हुँदै भन्यो ।

एकातिर पेटी र अर्कोतर्फ बार लगाएर नदी किनारको बाटोलाई व्यवस्थित गरेदेखि काठमाडौँको

सवारीको चाप व्यवस्थापनमा केही सहजता आए जस्तो महसुस गर्दै कुमुदले कुरा फोयो, 'यो धोबीखोलाको दुवैतिरको किनारमा पक्की बाटो र पेटी पनि बनेकाले काठमाडौँको सवारी अलिकति फैलन पाई सवारीको चाप हलुका भएको छ हैन सुदेश ?'

'यस बाटोलाई समस्यामाथिको समाधान मानौँ न हामीले । फेरि नदीपट्टि त्यो रातो बार लगाएर पनि राम्रै देखिएको छ । त्यहाँ सदावहार फूलको बोट र तल पानी बगेको दुवै किनारामा नर्कट लगाइदिने हो भने त क्या राम्रो देखिन्थ्यो होला नि त कुमुद' धोबीखोलाको सुन्दरता र २०३६ सालको जनमतअघिसम्म धोबीखोलाको पानी पिएको स्मरण गर्दै सुदेशले भन्यो ।

'हो नि, मलाई पनि बागमती सफाइको अचुक उपाय नर्कट रोपण नै हो जस्तो लाग्दछ । आउला नि त त्यो दिन पनि । ए हामीले बाटो त निकै छोट्याएछौँ । साँच्ची भन न सुदेश तिमीले त्यसरी बहस गर्नुको कारण' धोबीखोलाको कालो पानी नियाल्दै रातो पुल आइपुग्न लागेको देखेर कुमुदले भन्यो ।

'ए, हो त नि । धोबीखोलाको धमिलो पानी, सवारी साधनको ताँती र पेटीमा नअटाएर सडकमा समेत ओर्लेर हिँड्नेको भिड देखेर झन्डै त्यसैमा मात्र पो भुलिएको । कहाँबाट आएका हुन् यी अटाई नअटाई मान्छे ? पहाड त अवसरको अभावमा रित्तै पो छरे त' सुदेशले भन्यो ।

'कस्तो प्रकृतिको मुद्दा हो त्यो ? सुदेश' प्रसङ्ग कोट्याउँदै कुमुदले सोध्यो ।

'मेरो दाताले परदाताबाट बाइस सालमा पैसा तिरेर राजीनामा पारित गरेर लिएको रैकर जग्गा थियो । नापी आएपछि मेरो दाताले लालपुर्जा पाउनको लागि निवेदन गर्‍यो । भूमि प्रशासन कार्यालय काठमाडौँले मेरो दाताको नाममा जग्गा दर्ता गरी पुर्जा दिने निर्णय गर्न ढिलाइ गर्‍यो । कसैले सो जग्गा रैकर नभई गुठीको हो भनी मोही दाबी गरी उजुर गरिदिएको हुनाले ढिलाइ भएको रहेछ । पछि सम्बन्धित गुठीले सो जग्गा उक्त गुठीको होइन भनी कार्यालयमा प्रतिवेदन दिएपछि मात्र बत्तीस सालमा मेरो दाताको पक्षमा निर्णय भयो' सुदेशले भन्यो ।

'कति लामो समय लगाउने हगि मालपोत, भूमिसुधारले काम फत्ते गर्न ?' कुमुदले सरकारी कार्यालयको हैसियत खुलाउँदै भन्यो ।

'हो भन्या, दही जमाएजस्तो फाइल जमाएर बस्ने प्रवृत्ति के' सुदेशले भन्यो ।

'अनि त्यसपछि के भयो त ?' कुमुदले हिँड्दै सोध्यो ।

'त्यसपछि, मेरो दातासँग खनखनी पैसा गनी एक रोपनी जग्गा मैले त्यस बेलाको चलनअनुसार बकसपत्र गरी लिएँ । जो जग्गामा मोही दाबी गर्नेले भूमि सुधारको मलाई लालपुर्जा दिने निर्णय विरूद्ध पुनरावेदन गरेन । पशुपतिनाथको

मन्दिरको दक्षिणतर्फको जग्गा हुनाले भगवान्को अघोर मुखको जग्गा भनी लामो समयसम्म त्यो भेगको सबैजसो जग्गामा घर ठडिएका थिएनन् । खेतीमात्र हुने गर्दथ्यो' सुदेशले अर्थ्यायो ।

'मुद्दा त सकिइसकेको रहेछ, अनि कसरी बल्झियो त कुमुद ?' सुदेशले सोध्यो ।

'त्यहाँ मेरो जग्गा र मेरो दाताको बाँकी रैकर जग्गा छँदै थियो । देशमा जुन राजनीतिक व्यवस्था आए पनि व्यवस्थापकलाई प्रभाव पार्न सक्ने शक्तिले हाम्रो जग्गाको किनारामा रहेको आफ्नो जग्गा घेर्दा शक्तिको आडमा हाम्रो जग्गा पनि घेरिदिएछ । त्यति मात्र हो र ? नक्कली मान्छे खडा गरी मेरो नामको जग्गा अर्केलाई बेचिदिएछ' सुदेशले भन्यो ।

'अहो, कस्तो मसुऱ्याइँ हेर त' कुमुदले आश्चर्य मान्दै भन्यो ।

'त्यो पैसे शक्तिवालाले मुलुकी ऐनमा २०४३ सालमा भएको संशोधन देखाई भूमि सुधारको २०३१ सालको फैसला बदर गर्न माग गर्दै सहरमा बस्ने केही आफ्ना मान्छे खडा गरी गुठीको जग्गा संरक्षण गरिपाउँ भनी सार्वजनिक सरोकार नामको मुद्दा हालेको हेर त ।' सुदेशले कुमुदको मुख हेर्दै भन्यो ।

'पहिलो कुरा त तिमीहरूको जग्गा गुठी नभई रैकर रहेछ । त्यसमाथि पनि कानुन त पश्चात्दर्शी नभई भविष्यदर्शी हुन्छ होइन र भन्या ? नत्र त मुद्दा त कहिल्यै टुङ्गो लाग्ने नै भए न नि' कुमुदले छक्क पर्दै भन्यो ।

'त्यही त भनेको तर के गर्नु एकतीस सालको निर्णय बदर गराउन त्रिचालीस सालमा बनेको कानुन टेकेर साठी सालमा दर्ता नै हुन नसक्ने सो मुद्दा दर्ता भएको रहेछ । अब यहाँभन्दा ठुलो अराजकता के हुन्छ तिमी नै भन न' सुदेशले भन्यो ।

'अनि जिल्ला अदालतले फैसला गऱ्यो कि इन्साफ ? 'कुमुदले सुदेशको मुख हेर्दै सोध्यो ।

'तिमीलाई पनि फैसला र इन्साफमा भिन्नता हुने कुरा थाहा रहेछ त' सुदेशले कुमुदको मुख हेर्दै भन्यो ।

'अङ्कलको किताब पढ्नुस् भनेर छोराले तिमीले लेखेको किताब दिएको थियो त्यही पढेर थाहा पाएको । नत्र के थाहा हुनु भिन्न क्षेत्रको मानिसलाई' कुमुदले मसुक्क हाँस्दै भन्यो ।

'ए, किताब त बिक्री भएको रहेछ तर के गर्नु प्रकाशकले लेखकस्व दिने कुरा नै गर्दैन । भई गयो यो कुरा छाडौँ । अँ, जिल्ला अदालतले त तिनीहरूको मुद्दा खारेज गरिदिएर पूरापूर इन्साफ नै गरेकै हो तर पुनरावेदन अदालतले भने जिल्ला अदातलको इन्साफ उल्टाउँदै न्यायिक अराजकता सिर्जना गर्ने फैसला गऱ्यो' सुदेशले भन्यो ।

'ए अनि त्यसै फैसला विरूद्ध

इन्साफ चाहियो भनी सर्वोच्च अदालतमा बहस गरेको तिमीले ? न्याय प्रभावित भई न्यायिक अराजकता सिर्जना भयो भनेर ? मेरो छोरोले त्यही सुनेको होला' कुमुदले भन्यो ।

'हो, कुमुद' गम्भीर पारामा मुसुक्क हाँस्दै सुदेशले भन्यो ।

'ल हेर गफ गर्दागर्दै सेतो पुल त आइपुगिहाल्यो । अब के हुन्छ त्यो मुद्दामा ?' कुमुदले भन्यो ।

'त्यही त हेर न समय बितेको मात्र होइन गफको धुनमा हिँडेको पनि पत्तो भएन छ । हिँड्दै गर्दा कति सवारी साधन तथा बटुवा छाडियो पत्तै भएन । आशा त इन्साफ होला भन्ने नै छ । देखे सुनेकै छौ अदालतको चाला इन्साफ पछारिई फैसला मात्र हुन पनि बेर छैन । हाम्रो सम्पत्ति दारेर उनीहरू मोटाएका छन्, हामी आफ्नै सम्पत्तिको लागि चाउरिएर लडिरहनुपरेको छ' सुदेशले भन्यो ।

धोबीखोलाको सेतो पुल पार भएपछि दुवै जना टक्क अडिएर खिन्न भावमा एकले अर्कालाई मुसुक्क हाँस्दै हेरेपछि कुमुदले भन्यो 'ल छुट्टिने ठाउँ पनि आइपुग्यो, आ-आफ्नो बाटो लागौँ अब ।'

'भेट भइहाल्छ नि' भन्दै सुदेशले उठाएको हातमा कुमुदले आफ्नो हातले प्याट्ट छोयो र कुमुद पूर्व लाग्यो भने सुदेश पश्चिम लाग्यो ।

*शास्त्रीमार्ग, मैतीदेवी-काठमाडौँ*


## परवानीपुर गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय, परवानीपुर बारा**

### सम्पूर्ण गाउँवासी महानुभावहरूमा अपिल

- जन्म, मृत्यु, विवाह, बसाईं-सराई तथा अन्य सामाजिक घटनाहरू यथा समयमै गाउँपालिकामा दर्ता गरौं, गराऔं ।
- घर–घरमा चर्पी बनाऔं, चर्पी प्रयोग गरी दिसा-पिसावको सुरक्षित विसर्जन गरौं, सामाजिक प्रतिष्ठा कायम गरी स्वच्छ वातावरणमा स्वस्थ भई बाँचौं र बाँच्न दिऔं !
- गरिबी, अन्याय, अत्याचार, भ्रष्टाचार, अशिक्षा, जातीय भेदभाव हाम्रा शत्रु हुन् । यसका विरूद्ध सबै सचेत, सजग र क्रियाशील रहौँ ।
- बाटो, नाला, चोक, गल्ली जताततै फोहोर हुँदा घरको सुन्दरता, पानीको निकास र घुमफिर गर्ने ठाउँसमेत दुर्गन्धित हुने हुनाले सरसफाईमा सचेतता अपनाऔं । सभ्य बनौं । सभ्यताको परिचय दिऔं ।
- भान्छाबाट निस्कने कुहिने खालका वस्तुहरू घरको एउटा कुनामा खाल्डो खनेर राखौं । नकुहिने वस्तुहरू मात्र फोहोरको रूपमा घरभित्रै संकलन गर्ने बानी बसालौं ।
- सार्वजनिक स्थल, धार्मिक स्थल तथा मन्दिर पोखरी, पर्यटकस्थलको सरसफाइका लागि सामूहिक रूपले हप्तामा एक दिन स्वयंसेवकको रूपमा सरसफाइमा समय दिऔं । यी सामूहिक धरोहर हामी सबैको हो । यसको मर्यादा हामी आफैले सामूहिक रूपले गरौं ।

# दशा



• शेखरकुमार श्रेष्ठ

'मृत्यु कठिन छ हगि ? जन्मन गाह्रो छ । जीवन जिउन कठिन छ । मर्न पनि गाह्रो र कठिन छ' पार्वतीले भनिन् ।

'सबैको मृत्यु कठिन हुँदैन । सुरज कायस्थ बेलुकी खाना खाएर सुतेका थिए, हृदयाघातले मरे । पल्लो कोठामा बस्नेले पनि थाहा पाउन सकेनन्' रमणले भने ।

'मानिसको जन्म नै दुःखी हो । यो भौतिक जगत् प्रारब्धको सुखदुःख भोग्ने जीवन हो । यी कुरा बिर्सेर मानिस खुसीले मनमत्त हुन्छन् । लोभ, तृष्णा पाल्छन् अनि मर्न पनि सक्दैनन्' सुदर्शनले सुनाए ।

रातको समय थियो । मूलढोका बन्द थियो । कोठाका ढोका खुला थिए । अर्को कोठामा रातको एक बजे पालो दिन भनी केही मानिस सुतेका थिए । बिरामीको कोठामा इलेक्ट्रिकल अक्सिजन मेसिन हुइँहुइँ एकोहोरो कराइरहेको थियो । 'होइन, यी बिरामी हिजो गइसकेका थिए भनेर जौ, तिल र कुश ठिक पारिसकेको थियो, होइन भन्या ? आज त्यस्तो छैन त ?' पार्वतीले भनिन् ।

'बिरामी परेपछि कुरूवा बाँच्ने आशाले होइन मरेको दृश्य हेर्न भेला हुन्छन् ।' उसले बोलेन तर मनमनै सोच्यो ।

'मर्ने बेलामा हुने कष्ट पापको परिणाम रे नि !' रमण बोले ।

'अनि यी बिरामी पनि धार्मिक थिए नि ! राति तीन बजे उठी नित्य पूजा, पाठ, ध्यान गर्दथे । साँझमा तीनचार बजेदेखि आरतीको आसनमा बस्दथे । लोभ गर्नु हुन्न भन्थे । यिनले लोभ गरेको पनि थाहा छैन' सुदर्शनले भने ।

'उता विष्णुका बुवाले कत्तिको तरकारी चोरे रे ! फलफूल टिप्ने, खाने र फाल्ने गरे रे ! तर मृत्यु सहज । यहाँ भने कष्टले भरिएको छ' पार्वती बोलिन् ।

'ए, ए ! केटी मान्छेहरू बाहिर निस्क' बिरामीको छोरा रमेश एक्कासि कराए ।

'किन हामी बस्न नहुने हो र ?' वन्दनाले भनिन् ।

'कुरा बुझ्नुहोस् न' दशा लागेको बेला रिसायो भन्लान् भन्ने सोच राखी रमेशले धिमा स्वरमा भने ।

'किन हामी माथि विभेद ? महिलाहरूले लास बोक्छन् । किरिया बस्न सक्छन्' वन्दनाले भनिन् । उनी

गाउँकी होचोअग्लोमा निडर भई बोल्ने महिला थिइन् । उनीसँग सबै सचेत हुन्थे । उनीसँग कसैले उच्च स्वरमा कराउँदैनथे । उनी अप्ठेरोमा सहयोगी थिइन् ।

बिरामीले मुख मिठ्याए । सबैको आँखा बिरामीमा गयो । कुरूवाहरूको बोली बन्द भयो । रमेशले पानी मुखमा हालिदिए । बिरामीले आफ्नो हात माथि उठाए । उनले आफ्नै हातबाट चेप्टिएको पानपाते बनाए । ओठमा पुऱ्याए अनि चुम्बन गर्न थाले । बिरामीकी बुहारी रेशमा उठेर हिंडिन् । छोराले बिरामीको हात समाए । बिरामीले आँखा तरे, बर्बराए र हात फालिदिए ।

केही क्षण शान्त भयो । फेरि बिरामीले खुट्टा फट्टाए । उनले बायाँ हातको चोरी र माझी औँला जोडेर चेप्टो आँखा बनाए । सबैले त्यही आँखा हेरे । उनले आँखा चिम्लेर दायाँ हातको चोरी औँला पटक पटक घुसारे ।

'धत् ! के देख्नुपरेको ?' वन्दनाले आँखा चिम्म पारेर बोलिन् ।

'त्यसै भएर त यहाँ नबस भनेको ! के गर्ने, सुरमा छैनन्' रमेश बोले ।

बिरामी पचहत्तर वर्षका थिए । तीन छोरी र दुई छोरा छन् । जेठा छोरा विदेशमा छन् । दर्जन बढी नातिनातिना छन् ।

'साँच्चै, बाको पत्नी कहिले बितेका रे ?' उसले कुरा मोड्दै सोध्यो ।

'बुवा एकतीस वर्षको छँदा ।' रमेशले जवाफ दिए । उनले अझ भने, 'पहिले नै बिहे गर्नुस् भनेको मान्नुभएन । एक नारी ब्रह्मचारी भन्नुभो ।'

'हो, कुरो यहीँ छ । त्यस समय उहाँले चाहनुभएन तर मनमा स्वास्नी भोग गर्ने रहर थियो । त्यही रहर आज पग्लँदै छ' यौन विशेषज्ञको शैलीमा पार्वतीले भनिन् ।

'म गएँ है' पार्वतीका पति उठे ।

'तपाईं जाने भए म पनि जान्छु । मोबाइल छँदै छ, केही भए तुरून्त आउँछु । घर जानेबित्तिकै निद्रा पक्कै लाग्दैन' पार्वती पनि पतिसँगै बाहिर निस्किन् ।

'ए, साढे एघार भएछ । आज बिरामीलाई केही हुँदैन । चाप्यो भने खबर गर्नु ल' यत्ति भनी ऊ पनि निस्कियो । बाटो ओरालो थियो, उसले मनमनै सोच्यो, 'के तृष्णा नै हो त बाधक ? तृष्णा नभई व्यक्ति, समाज, ज्ञान, विज्ञानको विकास पनि हुँदैन नि ?'

सोचाइलाई थकाइ लाग्दैन । यसले पुरानो सम्झना पनि दिलाउँछ– एक वर्षअघि रमाकान्त काका बीस दिन बिरामी परेर मरेका थिए । बिरामी कुर्दा हरिशङ्करले भनेका थिए- 'मानिसको अन्तिम चाहना पूरा नभएसम्म मृत्यु हुँदैन ।'

उसले बाह्रतेह्र वर्षको उमेर छँदा बुवाबाट सुनेको थियो- पातली गाउँको सानुराजा दमका बिरामी थिए । सास फेर्न कठिन थियो । पचासी वर्ष उमेरका थिए । बिरामी कुर्न आँगन, पिँढी र छिँढीमा टन्न मानिस थिए । प्राण हिरिक्क हिरिक्क हुँदै थियो । एकछिनपछि उनले सानु सानु भन्दै बोलाए । सानुले कान थापेर सुनिन् ।

सानुको मुख रातोपीरो भयो । उनले सबै आफन्तको मुख हेरिन् । कुरूवाहरूले केही बुझेनन् । त्यसैबिच सानुराजालाई भाइले सोधे– 'के भो दाजु के इच्छा छ ? कसैको चिन्ता लिनुपर्दैन । छोराछोरी उमेरका छन् । गाह्रोसाँगुरो पर्दा हामी बाबुमुनिको बाबु छौं । भगवान्को नाम लिनुहोस् ।' भाइको कुरा सुनेपछि सानुराजाले न्वारानदेखिको बल झिकेर कराए, 'सानु, सानु !' मलाई सानु भए पुग्छ । तिमीहरू बाहिर जाओ ।'

सानुराजाको छोरा बाबुको इच्छा भन्दै बाहिर निस्के । उनी बाहिरिएपछि सबै बाहिर निस्के । एकछिनपछि सानुले ढोकाको चुकुल लगाइन् । हामीले सोच्यौं, 'हिसाब किताब बुझाएका होलान् ।' केहीबेरमा रोएको आवाज आयो । हामीभित्र जान हतारियौं । सानुले बल्लबल्ल चुकुल खोलिन् । बिरामीको प्राण गइसकेको रहेछ । बिरामीको धोती जिउमा थिएन । हत्त न पत्त छोराले छातीसम्म छोपिदिए ।

ऊ झस्कियो । तीनपटक बाँस काटेको आवाज आयो । बाँसको झाङ तीन कान्लामुनि थियो । 'ला, बूढा मर्ने भए, म फर्कन्छु ।' उसले आफ्नो पाइला बिरामीको घरतिर फर्कायो । पार्वतीका लोग्नेस्वास्नी आइसकेका रहेछन् ।

'म त सुत्न खोज्दै थिएँ । बूढाले के गर्न लागे भनेको त ? बूढा पनि झसङ्ग भएर ठिङ्ग । नमज्जाले तर्सायो, त्यसैले सुत्न नसकेर फर्केर आयौं ।' पार्वती भन्दै थिइन् ।

उसले ढोकामै कुरा सुन्यो । उसले भित्र बसिरहेको सुदर्शनलाई बाहिर बोलायो । एकछिनपछि दुवै भित्र छिरे । 'सुदर्शन काका एकचोटि नाडी हेर्नुस् त ।' उसले भन्यो ।

सुदर्शनले भने 'रमेश भतिज ! कि वार कि पार । लगान रहेछ भने पनि छुट्छ । खोइ अक्षता लेराऊ त' उनले बिरामीलाई सोधे– 'बा, केही खान मन छ ?'

बिरामी बोले– 'दुध ।'

'जाऊ रेशमा बुहारी, दुध तताएर लेराऊ । बिरामीको खाने इच्छा छ ।'

रमेश कान्छा छोरा । रेशमा कान्छी बुहारी । दुवै जना काम लिएर बाहिर निस्के । सुदर्शनले कुरूवातिर फर्केर भने, 'तपाईंहरू अर्को कोठामा जानुहोस् । म अक्षता पुछेर फालिदिन्छु ।'

सुदर्शन धामीझाक्रीको काम पनि गर्दथे । सबैले कुरा माने । उनी हरेक कामकुरो चलाखी साथ गर्दथे । सुदर्शनले उसलाई भने– ' बाबु ! तिमी मलाई सघाउन बस ।'

ऊ आज्ञाकारी भई बस्यो । सबै बाहिर निस्केपछि उसले बिरामीसँग सोध्यो, 'हजुरबा ! के चाहना छ ?'

बिरामीले दायाँ हातको चोरी औंलाले चुप भन्दै बोले– 'वन्दनाले भेट्न बोलाई ।'

उसले सुदर्शनलाई सोध्यो, ' काका ! को वन्दना ?'

'उहाँकी पत्नी ।'

'अनि वन्दना हजुरआमाले के भन्नुभयो ?' उसले बिरामीलाई सोध्यो ।

'उतै घर बनाएको छ रे ! कोठा

सजाएको छ रे ! ओछ्यान मिलाउँदै थिई, एकछिन भनेकी छ ।' बिरामीले सुरूवाल खोले । उनले सुरूवालभित्र हात लगे । उसले त्यसै समय बगलीबाट कागज झिकी च्यातेर सुरूवालभित्र हात लगे । बिरामीले सिरानीलाई अँगालो हाले ।

केहीबेर पछि उसले सोध्यो- ' अब भयो कि ?' बिरामीले भने- ' आनन्द आयो ।' उसले सुरूवालबाट झिकी कागजमा पोको पारेर आफ्नै बगलीमा हाल्यो । रमेशले अक्षता लेराए । सुदर्शनले पुछेर मिल्काए । बुहारीले दुध दिइन् । रमेशले हातमा दुध लिई बाबुलाई खुवाए । बिरामीले जिब्रो पड्काउँदै भने- 'गजब मिठो ।'

बिरामीको आवाज सुनी सबै भित्र आए । सबैले आआफ्नै ढङ्का कुरा गरे । वन्दनाको श्रीमान्को मोबाइलमा घन्टी बज्यो । दुई बजिसकेछ उनले फोन उठाएर भने- 'हेलो !'

उताबाट खबर आयो, 'जमुना झुन्डिएर मरी दाइ ! म के गरूँ ?'

'ल हामी आयौँ ।'

उनले बिरामी कुरेका सबैलाई सुनाए । हामी अचम्मित भयौँ- ' आत्महत्याको कुरा सुनेर । विश्वास लागेन, हामी केही नसोची गयौँ ।

पुगेपछि थाहा भयो, भान्साकोठाको पङ्खाको किलामा नाइलनको डोरी लगाएर आत्महत्या गरिछन् । प्रहरीलाई वन्दनाले खबर गरिन् । प्रहरी आउँदा बिहानको छ बज्यो । प्रहरीले रिपोर्ट गऱ्यो, प्रहरी वृत्त टेकुमा । दश बजे प्रहरी अनुसन्धान टोली आइपुग्यो । जमुनाको लोग्नेले बताए- 'म रक्सी खाएर आएको थिएँ, आउने बित्तिकै सुतेँ । राति बिउँझेर ओछ्यानमा छामछुम गरेँ भेटिनँ । भान्साकोठामा बत्ती बलेको देखी पुगेँ तर ...।'

प्रहरीले डोरी, डोरीको लम्बाइ, भुइँबाट माथि र सिलिङमुनिको लम्बाइ सबै नापे । गाउँलेहरूको सहयोग लिई डोरी फुकाए । लुगा खोलेर ओल्टाइपल्टाइ पारे । सुरूवालको खल्तीमा चिठी रहेछ । प्रहरीले पढेर सुनाए- म यस घरमा सुखी थिएँ । जीवन सोचेअनुसार थियो । पेटको भोक होइन । आफन्तले दिएको पीडा पनि होइन । लोग्नेले मन दुख्ने गरी केही भनेका होइनन् । मैले शारीरिक र मानसिक यातना पाएकै छैन । मलाई मात्र अभाव थियो । मैले माइतीलाई भनेँ । माइतीमा आमाले भन्नुभयो- 'माया गर्ने लोग्ने छ । हाम्रो इज्जत छ । हामी केही भन्दैनौँ । तैँले मन पराएको केटो होस् । तँ आफैले छानेको होस् । आफ्नो भोग भोग्नुपर्छ । त्यसैले मेरो मराइमा कसैलाई दोष नदिनू । मैले गल्ती गरेको भए माफी माग्छु । अर्को जन्म हुन्छ भने यही लोग्ने परोस् तर यो जुनीमा सबैसँग बिदा माग्छु, अलबिदा !

प्रहरीले लास शिक्षण अस्पताल पुऱ्यायो । पोस्टमार्टम गरी लास आफन्तलाई दियो । जमुनाकै लोग्नेले दागबत्ती दियो । किरिया बस्यो । तेह्रौँ दिनमा बिरामी बा लट्ठी टेकी उठेर भेट्न आए । 'संसार नपुग र अभाव सम्झेर बस्ने तृष्णा रहेछ । जे छैन, त्यही लिन गई । चिन्ता नली प्रभात ।'

# जिउँदो लास



● सन्तोष बजगाई

हरेक दिन जसो आफ्नो जिन्दगीको बारेमा सोच्ने र गहन अध्ययन गर्ने मेरो दिनचर्या जस्तै थियो । आफ्नो बारेमा सोच्दासोच्दै कहिले निदाउँथे, कहिले टोलाउँथे त कहिले अनेक कुरा सम्झेर बसिरहेको हुन्थेँ ।

कामको बोझ, दिनभरिको थकान, जिम्मेवारी र कर्तव्यले बाँधेको मान्छे । सुत्ने बित्तिकै निदाउन अनि बिहान ढिलासम्म सुतिरहन मन त लाग्छ नि ! तर के गर्नु ? बिहान भालेको डाँको अघि नै कर्तव्यले छपक्कै छोपिसकेको हुन्छ । भोलिको काम के, कहाँ अनि को कोसँगको भेट आदि–आदि कुराहरूले रातभरि निदाउन दिंदैन ।

अर्कोतिर भविष्यको चरम चिन्ता छ । के होला ? कता जाला जिन्दगी ? कसरी चलाउने जीवन ? छाती पिरोली रहेकै हुन्छ हर समय । मनमा अनेकन चिन्ता अनि भयले डेरा जमाइरहेको हुन्छ । कहिले सोच्दासोच्दै टोलाउने, कहिले खानै बिर्सिने त कहिले रातभरि निद्रा नै लाग्दैन । खै कस्तो हो यो मेरो जीवन ? आफैलाई प्रश्न र नाजवाफ उत्तर ।

समयको रफ्तार नरोकेर रोकिन्छ न त छेकिन्छ नै । समयको वेग, आगोको राप जतिकै हुन्छ र एउटा व्यक्ति समयको वेगसँगै दौडिन प्रयासरत हुन्छ तर ऊ कति सफल हुन्छ उसको मिहेनत, लगन र परिश्रमले बताइरहेकै हुन्छ ।

म आफू पनि जुनसुकै मैदानलाई पनि सहज सम्झिन्छु तर सफल हुन्छु कि हुन्न । मैदानमा उत्रँदा त्यो समयले नै बताउने गर्छ । साँझ बिहानको दुई छाक मिठो मसिनो खाने । परिवारलाई सुखमा राख्ने । बाआमा, श्रीमती र बालबच्चाको लागि यो र त्यो भन्दाभन्दै जीवन बितिसकेको पत्तै नहुने रहेछ ।

कहिले कहीँ लाग्छ मैले यो दुःख किन ? केका लागि गरिरहेको छु ? अनि बुढा भएका बाआमाको शरीर

हेर्छु र नाजवाफ हुन्छु । बाको लागि एक सरो कमिज । आमालाई गतिलो फरिया । श्रीमतीको लागि सुनको हार । छोराको लागि कालो चस्मा अनि छोरीको लागि बुट्टे जामा । यसो भन्दैमा आफू नाङ्गिएको पत्तै नहुने रहेछ । सायद जिन्दगी भनेको यही हुनुपर्छ । ता कि आफैलाई बुझ्न हम्मे-हम्मे परिरहेको छ । सबैलाई टार्न पुऱ्याउनुपर्ने कस्तो विडम्बना ।

सबैभन्दा बलियो, चलायमान र बहादुर । हरेक समस्याको समाधान गर्न सक्ने । सबै कुरा जान्ने । हरेक कुराको लागि तयार हुनुपर्ने, मेरो यो रहर या बाध्यता हो ? खै के हो कहिल्यै बुझिनँ । बुझ्ने प्रयास पनि गरिनँ । सायद सोचेर बस्ने समय मसँग कहाँ थियो र ? भविष्यका चरम यस्ता चिन्ताले मनमा डेरा जमाए पनि, उम्कने उपाए केही नपाइने रहेछ । अनेक कोसिस गर्दा पनि सकिनँ चिन्ता, भय, डर, त्रास र खुलदुलीबाट उन्मुक्ति पाउन । यस्तै सोचिरहेको थिएँ । आँखा झकाएको रहेछन् । निद नलागे पनि थकाइले लोथ भएको शरीर कमजोर बन्दै थियो । घडीतिर हेरेँ रातको १२ भर्खर बजेको रहेछ । फेरि मनमा यस्तै अनेकन कुराहरू खेलाउन थालेँ ।

के गर्ने होला ? सधैँ अरूको रहर, इच्छा, चाहना र रूचिमा बाँच्नु पर्ने । अरूकै लागि रमाउनुपर्ने । त्यही पनि काम गरेको जस पाउनुछैन । कमाएको तलबले पन्ध्र दिन पनि राम्ररी पुग्दैन । कसरी चलाउने परिवारको जोहो ? फेरि सोच्न थालेँ- विदेश जाउँ क्यारे ! दुःख गर्छु, कमाइ त हुन्छ राम्रै अनि आएर सबैको इच्छा चाहना रहर सबै पूरा गरिदिन्छु । भएन एक चोटि त जान्छु विदेश । भोलि घरमा सल्लाह गर्छु । पासपोर्ट बनाएर चाँडै नै जान्छु ।

फेरि सोचेँ- म यहीँ हुँदा त यस्तो छ । खानसमेत पुग्दैन । कमाउने आशामा म उतै मरेँ भने त के होला परिवारको हालत ? सँगै सुतिरहेको छोरोतिर हेरेँ । सुम्सुमाएँ । फेरि सोचे ह्या होस् कतै जान्न, यतै बस्छु । बरू काम पो गतिलो खोज्न पऱ्यो । होस् यो सबै अब भोलि नै सोच्छु । त्यतिकैमा निदाएँछु । सपनामा पनि चिन्तित भएर सोचिरहेको रहेछु । कोल्टे फर्केर सुतेँ । केही बेरमै आफै मरेको सपना देखेछु । बा बुढो अनि छोरो पनि सानै । लासमा दागबत्ती दिने कोही भएनन् । सबै कोलाहल गर्दै थिए । के भयो ? कसो भयो ? भनेर ।

म ढलेको थिएँ तुलसीको मठ नजिकै । केही बेरमा मलाई घाटमा लगियो । मेरो लासमा दागबत्ती दिने कोही भएनन् । कोही नभएपछि मैले आफैले आफ्नो लासलाई दागबत्ती दिएँ । दनदनी जल्दै थियो मेरो

लास, म हेरिरहेको थिएँ । कसैले विचरा राम्रो थियो भने । कसैले ठिक्क भो भने । कोही रोइरहेका जस्ता देखिन्थे । कसैका आँखा सुनिइसकेका पनि रहेछन् ।

आफ्नै शरीर दनदनी बलेको हेरिरहेको थिएँ । सबै हाँसिरहेको जस्तो । कसैलाई केही पीडा नभएजस्तो । कहिले कस्तो, कहिले कस्तो । फरक फरक स्वरूपमा मान्छेहरू देखिन्थे । म आफैले दागबत्ती दिँदा पनि कोही आएनन् अघि सरेर किन होला ? मनमा यस्तै सोच्दै थिएँ ।

लास जलिरहेकै थियो । गाउँभरिका बुढापाका, युवा र केही केटाकेटी पनि मलामी गएका थिए । मलामीहरू यत्रो लास जलुन्जेल के गरेर बस्नु भनेर चिन्ता मान्दै थिए । कसैले तास खेलेर भए पनि आजको रात कटाउनुपर्छ भन्दै थिए । गाउँमा कसैलाई दुःख पर्दा आफ्नो ज्यानको समेत प्रवाह नगरी सहयोगमा जुट्ने म । आज आफू मर्दा यति धेरै काम नलाग्ने भएछु ।

साथीभाइलाई एक रात मेरो लाससँग कटाउन पनि मुस्किल पर्ने । म कति काम नलाग्ने भएछु । सोच्दै थिएँ- मलामीहरू सबै हाँसीखुसी थिए । कोही कथा भन्ने, कोही सुन्ने । कोही तासको खालमा त कोही रमाइलो गर्नतिर लागिरहेका थिए । लासको छेउछाउमा आउँदै अझै सकिएको छैन ? भन्दै फर्किंदै थिए मलामीहरू । ओहो ! यतिसम्म बोझ बनिसकेको थिएँ । अब त मेरो लास कतिबेला जलेर सकिएला भन्नेहरू मात्र देखिन्थे ।

मलामीका लागि म एकदम बोझ बनिरहेकै थिएँ । मलामीहरू अब रमाइलो गर्नतिर लागे । कोही बाजा बजाएर नाच गान गरिरहेका थिए । भव्य रमाइलो हुँदै थियो । म जल्दै गरेको आफ्नै लासको नजिक बसेर सबै हेरिरहेको थिएँ । एकैछिनमा हाँस्नेहरू एकैछिनमा फेरि रोहिरहेका देखिन्थे । कहिले सबै शोकमा डुब्थे त कहिले बाजागाजा बजाएर नृत्य प्रस्तुत गरिरहेका देखिन्थे । दृश्यहरू रमाइलो लाग्दथे । लास जलिरहेकै थियो । म बलिरहेकै थिएँ । आफू अरूको लागि भनेर बाँचे तर आज आफू मर्दा पनि आफ्नो भन्ने कोही भएनन् । फेरि मन भक्कानिन लाग्यो । चित्तामाथि आफ्नै लास बलिरहेको थियो फेरि मलामीहरूतिर हेरेँ, सबै जना आफ्नै सुरमा थिए । मेरो छेउछाउमा मैलै कसैलाई देखिनँ । किन मलाई कसैले वास्तै गर्दैन ? प्रश्नहरू मनमा उब्जिए पनि जवाफ थिएन मसँग ।

म ताण्डव नृत्यजस्तो मलामीहरूको दृश्य हेरिरहेको थिएँ । मलामीहरू अब मेरो मलामीजस्ता लाग्न छोडिसकेको थियो । उनीहरू मलाई छोडेर आफ्नै रमाइलोतिर

लागेको देख्दा । मैले अब मलामीहरू पनि गुमाएर एक्लो भइरहेको महसुस भइरहेको थियो । मलामीहरूलाई आफूतिर फर्काउन मैले कसरी सकुँला ? फेरि प्रश्नहरू आउन थाले तर म केही नगरी केवल टुलुटुलु हेरिरहेको मात्र थिएँ । उता साथी सँगीले म मरेको खबर सुन्नासाथ फेसबुक र टुइटरमा 'रिप' लेखेर आफ्नो कर्तव्य पूरा गरे । सँगै हुँदा तँलाई केही भए हामी पनि रहन्नौ भन्ने साथीले, के भनेको जस्तै गरे त ? के रिपले मात्र पूरा भयो त साथीको कर्तव्य ?

फलानो मरेछ, राम्रै थियो भन्दै गफगाफ चल्यो । एक दिन आफू पढेको कलेज बन्द भयो । दिनभरि काम नभएर कलेजमा समय बिताउने प्रेमी र प्रेमिका भेट्ने थलो बनाएकाहरूले त सराप्दै भने, कस्तो दिन मरेछ । बेकारमा आजको दिन बोर भयो ।

के मृत्यु सोचेर वा तोकेर हुने कुरा हो र ? यदि विदाको दिन परेको भए कलेज जानु बाध्यता, बाबुआमाको आँखा छल्न मात्र जानेहरूले भन्थे । कस्तो विदाको दिन मर्न परेको त्यसलाई । हिजो अथवा भोलि मरेको भए त घुम्न जान पाइन्थ्यो नि । सबैको आफ्नै स्वार्थ थियो । कसैलाई मेरो मृत्यु घुमफिर, जमघट र रमाइलो गर्ने संयोग बन्दै थियो । कसैले मेरो मृत्युको अवसर पारेर विवाहको लागि टीकाटालो पनि लगाए ।

त्यही दिन कसैको वर्षौंदेखिको अटल सम्बन्ध समाप्त हुन पुग्यो । उता जन्म दिएका बाबु दुई थोपा आँसु झार्दै भन्छन् स्वर्गमा बास होस् । मेरो काजकिरिया गर्ला भनेको छोरो, मलाई नै किरिया गर्ने बनाएर गयो । बाबुले पनि स्वार्थ देखाए । के छोरो भनेको बाबुको किरिया गर्न मात्र जन्मेको हो त ? किन छोराले नै गर्नुपर्छ बाबुको किरिया ? त्यो त स्वार्थ भएन र बा ? मैले मनमनै सोचिरहेको थिएँ ।

उता आमा पनि भक्कानिएर रूदै आँखाको डिल सुनाएर बसेकी थिइन् । कहिल्यै सुख दिएन, कमाएर पालेन । उसको स्वास्नीको मात्र कुरा सुन्यो भनेर दिन रात कचकच गर्ने आमा । आज लास अगाडि अरूलाई देखाउनकै लागि

रोहिरहेकी छिन् । उनको त्यो आँसु अर्थहीन छ । न त्यसको कुनै महत्त्व नै छ । छ त केवल लास हेर्न आउनेहरूको लागि कठैको पात्र । कठै कति बिलौना गरेकी होली है ? बुढेस कालमा पाल्ने छोराले छोडेर गयो भन्दै आमालाई सम्भाल्दै थिए छिमेकी काकीहरू ।

के म आमा बालाई पाल्न, उनीहरूलाई सुख कटाउन मात्र जन्मेको हुँ ? के मेरो जीवनको अरू केही छैन ? के मेरो खुसी भन्ने

केही छैन ? के सधैँ अरूकै लागि बाँच्ने हो म ? ज्युँदो छँदा त ठिकै हो, आशा गरे । मरेपछि अब कसले पाल्देला भन्दै छन् । के यो माया हो वा स्वार्थ ? यस्तै साचिरहेको थिएँ । सँगै एउटै भागमा खाएर वर्षौ एउटै ओछ्यानमा सुतेका दाजुभाइको मुहारमा त्यति दुःख देखिएको थिएन । एउटै भोटो पालैपालो लगाएर हुर्केका हामी दाजुभाइ समाजकै नमुना थियौँ । कहिल्यै झगडा नगर्ने । सधैँ मिलेर बस्ने हाम्रो विशेषता थियो तर आज म मर्दा उनीहरूको मनमा अलिकति पनि दुःखको आभास छैन । उनीहरू सोच्दै छन् कि, अब सम्पतिमा हाम्रै हक हुने भयो भनेर । यही नै हो त दाजुभाइको कर्तव्य ? के उनीहरूको मप्रति आदर छ त ?

छोराछोरी बाबा-बाबा भन्दै बिलौना गर्दै थिए । अब हामीलाई कसले पाल्ने ? किताब कापी कसले किनिदिने भन्दै रूँदै थिए । के म छोराछोरीलाई पाल्न, उनीहरूलाई किताब कापी किनिदिन मात्र जन्मेको थिएँ ? कान्छो छोरो अब मलाई कसले किनिदिन्छ कालो चस्मा र कालो कोट ? भन्दै रूँदै थियो हजुरबाको पिठिउँमा बसेर । सबैको आआफ्नो स्वार्थ । आआफ्नै चिन्ता तर त्यहाँ मेरो चिन्ता र पिर कसैलाई थिएन ।

सोच्दै थिए । म किन जन्मेछु होला ? सबैले मलाई आवश्यकता परिपूर्तिको साधन बनाएका रहेछन् । उता जिन्दगीभर सँगै बाँच्ने सँगै मर्ने कसम खाएर । आफैले रोजेर बिहे गरेकी धर्मपत्नी पनि मधुर मुहारको साथमा पीडाले विक्षिप्त भएर आँसु बगाइरहेकी थिइन् । अब मेरो यो बैंस र जवानी खेर जाने भयो भन्दै । उनका आँखामा दुःखभन्दा पनि अब बल्ल फुक्का भएँ भने जस्तो आभास देखिन्थे । जिन्दगीभरि मन लागेको खान र लाउन पाइन । न त कतै घुम्न नै पाए । यस्तो पोई बाँचेर पनि मलाई केही हुने हैन । मऱ्यो ठिकै भयो । अब आफ्नो सुर गर्न पाउँछु । उमेर गएको छैन, फेरि अर्को मर्द पाइहाल्छु नि ! भन्न खोजेजस्तो । उनको मनले यस्तै सोच्दै थियो सायद ।

उनी रून्चे हाँसो हाँस्दै थिइन् । जीवनको पन्ध्र वर्ष र अघिल्लो रातसम्म पनि एउटै ओछ्यानमा बिताएकी स्वास्नी त यति स्वार्थी बन्छे भने अरू को हुन्छ र हाम्रो लागि आफ्नो ? यस्ता थुप्रै प्रश्नहरू मनमा गुम्सिरहेका थिए । हजुरविना एक पल पनि बाँच्न सक्दिनँ म भन्ने उनी । आज म लास भएसँगै नयाँ संसारको बारेमा सोच्न थालिसकेकी छिन् । लाग्थ्यो मविना मेरी सँगिनी केवल एक्ली हुन्छिन् । मबाहेक यो संसारमा उनको साहारा अरू केही रहने छैन तर त्यो सब गलत रहेछ ।

यो संसार सबै ज्युँदो छँदा मात्र रहेछ । मरेपछि जति नै राम्रो भए पनि एउटै दर्जा लासको उपनामले सम्बोधन हुने रहेछ । म पनि त्यही लास भइसकेको रहेछु । लास शब्द सुन्दैमा कति नरमाइलो लाग्छ । बिहान लास शब्द सुनियो भने त्यो दिनभर अशुभ हुन्छ अथवा कसैको लास देखियो या शङ्ख बजेको मात्रै पनि सुनियो भने त्यो दिन हातमा काम आउँदैन । दिनभर जीवन र मृत्युको बारेमा धेरै सोचिन्छ । मैले लास शब्दसँग आफू अठार उन्नाइस वर्षको हुँदा । छिमेकीका छोराछोरीले रामो प्रगति गरिसक्दा, आफूले भने केही गर्न नसक्दा, बाले 'तँ ज्युँदो लास, के गर्न सक्छस् र ?' भनेको सम्झिएँ ।

लास भनेको त कुनै पनि मूल्य नभएको, कहीँ कतै काम नलाग्ने चिज पो रहेछ ? यस्तै सोचिरहेको थिएँ । लास हुनुभन्दा पहिले यो संसार सारा मेरो भन्थेँ म । मेरा बुवा, आमा, दाजुभाइ, दिदीबहिनी, साथीभाइ सबै थिए तर आज कोही छैनन् । सधैँ काखमा निदाउने छोरोसमेत मेरो लासको वरिपरि नै आउँदैन् ।

बाआमा कोही नजिक आउँदैनन् । कसैले नजिक आएर मलाई छोइएला जस्तो गर्दै हिँड्छ । सबैले उसलाई गाली गर्छन् । लासलाई छोलास्, छुनु हुन्न । छोएर फेरि प्रेत बन्ला । यदि कसैले छोयो भने अब म प्रेत बन्छु अरे ! कसैले छुनसमेत नमिल्ने भनेपछि । म त काम नलाग्ने नै भएको रहेछु । मान्छेको मूल्य जिउँदो छउन्जेल मात्र रहेछ, मरेपछि आफ्ना भन्ने कोही नहुने रहेछन् । बाँचुन्जेल रहेछ सबै थोक । मरेपछि हुन्छ आफ्नै बिजोग । त्यसैले जति दिन बाँचिन्छ, धर्तीलाई बोझ भएर, गनाएर वा कुहिएर नबाँचौँ । सबैको अगाडि सिर ठाडो पारेर बाँचौँ । मरेपछि सहि सत्य मान्छेको त मूल्य हुन्न । झन् गलत मान्छेको त लाससम्म पनि कसैले छुँदैनन् र हेर्दैनन् ।

बाबु, आमा, दाइ, भाइ, दिदी, बहिनी, श्रीमती, छोरा, छोरी, आफन्त, साथीभाइ कोही पनि आफ्नो हुँदैनन् । सबै ज्युँदो छउन्जेलका लागि मात्रै आफ्ना हुने हुन् । यो जगत् सारा दुनियाँ सब स्वार्थी छ । हामी सबै स्वार्थी हौँ । यस्तै सोचिरहेको रहेछु । त्यत्तिकैमा श्रीमतीले अफिस जाने बेला भएन भन्दै बोलाइन् । झस्याङ्ग ब्युजिएँ । शरीर थर थर काँप्दै थियो । हैट कस्तो सपना देखेछु । आफै मरेको । छेउको ऐनातिर हेरेँ । मनमा अनेकन डर, त्रास र भयले गर्दा, अनुहार मलिन थियो । शरीर बिसन्चो भएजस्तो देखिन्थ्यो । जुरुक्क उठेर हात मुख धोएँ र कसैसँग नबोली अफिसतिर लागेँ ।

*- बेलकोटगढी, नुवाकोट*

# मालिक

● हरिप्रसाद अधिकारी

बजारमा नौलो तरकारी आएछ तर भाउ भने छोई नसक्नु ।

दोमन भई जमुनी– किनौँ कि नकिनौँ । आफैलाई मनपर्छ, जनक पनि हुरूक्क ।

'के सारो भाउ कसैको हौ दिदी, अलिकति त घटाउ ।'

'मधेस बाढीले डुबेको छ, पहाड पहिरोले भत्केको छ कहाँबाट आउँछ तरकारी ?' टसमस भइन साहुनी । चौबर मूल्य तिरेर काउली किनी जमुनीले ।

दोभासेको दोकान अगाडिको फलैचामा थ्याच्चबसी । सुरूवालमा हिलो लागेछ, कुर्थाभरि धुलैधुलो । भर्खरै किनेको दामी लुगा । 'कस्तो नगर हो यो ? न हिलोले छोड्छ न धुलोले । नगर भनाउन हतार हुन्छ, बनाउन हुँदैन'– धुलो टक्टक्याउँदै एक्लै फत्फताई जमुनी ।

जनकले पहिल्यै मन पराएको रहेछ तर किन्न मानिनछ सरिताले । भनिछ– 'लुगा आङ ढाक्न हो, झुम्रामा पैसा फाल्नुहुँदैन, एक दिन टालो भएर सकिन्छ ।' जमुनीले इन्कार गरिन र भनी– 'खाना बाच्नको लागि पहिरन देखाउनको लागि, लाइखाइ उब्रिए सम्पत्ति ।'

'आज अकेली आई हो माल्किन् ?' ढकतराजु मिलाउँदै बोल्यो दोभासे । 'मान्छे एक्लै जन्मिन्छ एक्लै मर्छ, को हुन्छ त साथी ?' च्याँठिएरै बोली जमुनी । दोभासे दोकानमा अल्झियो, जमुनी अतीतमा हराई ।

०००

छ महिना बित्यो सरितासित हटिया आएको । तराई शीतलहरीले आक्रान्त थियो । घामको दर्शन दुर्लभ । डगडग मुटु काँपिरहेको थियो । हटियै आउने भए दिउँसै आए हुन्थ्यो किन साँझ पार्नु ? मनमनै भन्थी जमुनी । लोभको भाँडो उभिन्डो, कहिल्यै भरिँदैन भनेजस्तै थिई सरिता । सकेसम्म तरकारी नकिन्ने, किन्नुपरे सस्तो । भन्थी– 'ओइलिएर के भो गुण उही हो, छानिएर के भो स्वरूप त्यही हो । छानेर आलु काउली हुँदैन, ओइलाएर काउली आलु हुँदैन ।'

अबेरपख व्यापारीलाई पसल उठाउन हतार हुन्थ्यो । दिनभर किलोमा बेच्थे, साँझपख थोकमा । त्यसमाथि पनि शीतलहरी, चार आना कमाई बाह्र आना गुमाइ । त्यही समयको सदुपयोग गर्थी सरिता । थोरैमा धेरै लिन आउँदा जमुनीलाई

ल्याउँथी । भन्थी– 'खर्च घटाउनु आम्दानी बढाउनु हो ।'

त्यो दिन पनि निकै तरकारी किनी सरिताले । जमुनीलाई झोला दिँदै अह्राई 'घर जा, म अरू किन्छु । आलु भए मस्यौरा, साग भए गुन्द्रुक ।'

जमुनीको झोला चुडियो । बाँधबुँध गर्दै फलैचामै अल्झिई । 'आलु गोड्नु छ, पानी पटाउनुछ, मिल जानुछ, भाँडा माझेको छैन, यो मुर्दा त अझै यहीं रहिछ'– टाढैबाट डाकाले खाई ।

डेढ दशक भयो जमुनी त्यो घरमा भित्रिएकी । ऊ भित्रिँदा दुलान मात्र फर्काएको रहेछ जनकले । त्यो बेला बाइस पुगेकी हुँदी हो जमुनी, हिजोआज सैतीस । बैसमा अल्लारे केटाले आँखा नलगाएका पनि होइनन्, बैंसालु मानव मन नहुँडलिएको पनि होइन । दुईचार अक्षर पढेकी र दुईचार भाषा जानेकी जमुनी अगुल्टाले हानेको कुकुर बिजुली चम्किँदा तर्सिन्छ भने झैँ पुरूष जातिप्रति विश्वास गर्न हच्किई । प्रकृतिले मान्छे सृष्टि गर्दो रहेछ– नारी र पुरूष । मान्छेले विभेद सृष्टि गर्दो रहेछ– जात, धर्म, धनी, गरिब । कहिलेकहीँ उदास हुन्थी जमुनी ।

'सृष्टिकर्तासित भेट हुने भए गुनासो राख्थेँ'– मनमनै गुन्थी पति त्यक्त जमुनी ।

सरिताको व्यवहारले छक्क पर्थी । लुगामा आइरन लगाउँदा भन्थी– ' छिटो गर बिल धेरै आउँछ ।' फोन गर्दा कुरा टुङ्ग्याउँदै भन्थी– 'कति बोल्न सकेका ।' भात खाँदा सितासिती पोखियो भने भन्थी– 'अन्नको गेडो फाल्नु हुँदैन, मानो पुगेको दिन भोकै परिन्छ ।' कहिलेकहीँ लोग्नेले रेस्टुरेन्ट जाऊँ भन्दा भन्थी– 'किन जानु ? पैसाको नाश ।' घरमा गाडी थियो सितिमिति चढ्दिन थिई, भन्थी–' किन जानुपर्‍यो गाडीमा ? तेलको सत्यानाश ।'

बोर्डस गरेका छोराछोरीको स्कुल फी कसरी तिर्दी हुन् मालिक्नी । छक्क पर्थी जमुनी ।

०००

हिउँदको महिना, बाक्लो कुहिरोले छोपेको मधेश, तपतप पानी । घरिघरि चल्ने चिसो सिरेटोले कष्टकर थियो जनजीवन । अक्सर तराईमा गर्मी धेर जाडो थोर हुने गर्छ । सुरूसुरूमा मान्छे जाडो मन पराउँछन् तर शीतलहरी चल्न थालेपछि बरू गर्मी ठिक भन्न थाल्छन् । गरिबको आङमा लुगा हुँदैन, पेटभरि खान अन्न हुँदैन, आगो बाल्न दाउरा हुँदैन । दिन छोटो रात लामो, कटाउन मुस्किल । कम्बल बाँड्न आउने पनि क्यामेरामा मात्र झुम्मिन्छन् ।

जमुनीले संसाँझै खाना पकाई । खानपिनपछि पनि सरिता भान्साको निगरानी गर्थी । जमुनीलाई थाहा थियो सरिता पुग नपुग हेर्न आएकी होइन बरू धेरै छ कि भनेर नियाल्न आएकी । खाना उब्रियो भने गाली गर्थी– 'अन्नको दाना पाक्न एक वर्ष लाग्छ ।'

'बासी भात खाएकै छ, धेरथोर सहेकै छ, किन बर्बराउनु परेको होला ?' मुर्मुरिन्थी जमुनी ।

आज पनि सरिता फत्फताउँदै थिई । कतिबेला कोठामा पसिछ चालै पाइन । जति गाली गरे पनि मुख फर्काएकी थिइन । भन्थी– 'रिसाए पनि माया गर्ने आफ्नैले हो ।'

भाँडाबर्तन सफा गरेर जमुनी कुनामा पल्टिई । यो घरमा आएदेखि उसको दैनिकी यसरी नै चलेको छ । समय त कति बजेको थियो जमुनीसित घडी थिएन । कतैबाट आवाज आयो– 'ऐया ऐया' । जमुनीले कानथापी– स्पष्ट हुन सकिन, आवाज रोकिएन 'दुख्यो मरेँ मरेँ ।' चाल मारेर ढोकामा पुगी । बत्ती बाल्दा, साह्रो हिँड्दा मालिक्नीले गाली गर्थी– 'रातभरि अर्काको कोठामा चाल मारेर के गर्दैछेस् नक्कली ? तँलाई पो निन्द्रा लाग्दैन । कही नभएकी नखरमाउली ?'

यो आवाज त सरिताको पो रहेछ । चाबीको दुलोबाट चियाएर हेरी– 'के भयो सरू कहाँ दुख्यो ?' निन्द्रा बिथोलिएको जनक रून्चे स्वरमा सरितालाई सुम्सुम्याउँदै रहेछ । के भयो ? जमुनी आत्तिई– ' हाड मासुको शरीर भर हुँदैन ।'

सरिताको आवाज रोकिएन बढ्दै गयो, पीडा असह्य भएजस्तो । ढोका खोल्दै जनकले बोलायो– 'जमुनी ए जमुनी ।' जमुनी दौडेर भित्र पसी । बाहिरै द्रवीभूत भएकी थिई, । भित्र पस्दापस्दै भक्कानिई । सरिताका खुट्टा समाउँदै भन्न थाली– 'दिदीहजुर के भयो ?' 'दुख्यो' सरिताले जनकको हात समाती र आफूतिर तानी सायद ऊ दुखेको ठाउँ देखाउन चाहन्थी तर सकिनँ । फत्रक्क हात खस्यो, फेरि उठेन, जनकले हात समात्यो, गाला सुम्सुम्यायो– 'सरू के भयो ? कहाँ दुख्यो ?' सरिता बोलिन बरू निला आँखा टल्ल टल्किए । लुगा मिलाई जमुनीले, एम्बुलेन्स बोलायो जनकले । एकदुई छिमेकीको सहयोगमा अस्पताल दौडियो जनक ।

कुवाको भ्यागुतो जति उफ्रे पनि कुवामै भने झैँ घर कुर्न बसी जमुनी । रातभर निदाउन सकिन । कुनैबेला आँखा झिमिक्क भए भने झसङ्ग हुन्थी । हिउँदका रात लामा हुन्छन् भन्थे, हो रहेछ । आज अनुभव गरी । बिहान उठेर सडकमा निस्किई, राति गएका छिमेकीले बताउलान् भन्ने ठानेकी थिई । तिनीहरू त राति नै फर्केछन् बरू उसैलाई सोध्न थाले कस्तो छ, के भएको रहेछ ? अधैर्य बनी जमुनी । बिरामी परेकी मालिक्नी, रातभर जाग्राम बसेको मालिक भोकाए कि ? के खान्छन् ? उसले भेउ पाउन सकिन ।

सहरमा धेरै अस्पताल छन्, सरितालाई कुन अस्पताल लगेको हो, थाहा थिएन, छिमेकीलाई सोधी र अस्पताल पुगी । उदास थिई जमुनी, हतास देखिन्थ्यो जनक । आँखा भिजेका, अनुहार निन्याउरो । मन थाम्न सकिन, रून थाली । भक्कानु जकेडेर राखेको रहेछ जनकले रून थाल्यो । रगतको साइनु नपर्ने दुई प्राणी एउटै दुःखमा एकसाथ रोइरहे रोइरहे ।

सिसा बन्द कोठामा कैद गरिएकी रहिछ सरिता बाहिरबाटै देखायो जनकले । जमुनीले डाँको छोडी, फेरि रोए । आँसु ननिख्रिएसम्म रोइरहे । जमुनी त कहिलेकहीँ रोएकी हुँदी हो तर जनक रोएको देखेकी थिइन । रूँदै भन्न थाल्यो– 'सरितालाई लिएर अस्पताल आउँदा डाक्टर थिएन तर जो थिए उनीहरूले उपचार गरे, डाक्टरलाई खबर गरे । डाक्टरले गम्भीर रोगको आशङ्का गऱ्यो, थप

परीक्षण गरायो, अझै ठुलो डाक्टर बोलायो । अहिलेको अवस्था स्थिर भनेको छ ।' धेरैबेर रोइरहे अलि धैर्य बनी जमुनी रूँदै भन्न थाली- 'लोग्ने मान्छेलाई रोएर पुग्दैन नरूनुस् ।'

'रोएर रोग निको हुने भए संसार रूनेहरूको बस्ती हुने थियो, नरो जमुनी ।'

'केही खानुस्, नानीहरूलाई पनि बोलाउनुपर्छ ।'

'तँ घर जा ।' उति बोलचाल हुँदैनथ्यो मालिक र नोर्कनीको, आज शोकमा बदलियो । न भोक, न तिर्खा, न निन्द्रा । न रात परेको थाहा हुन्थ्यो, न दिन । न बार, न गते । हप्ता दिनमा डाक्टरले घोषणा गऱ्यो- 'सरिता यो संसारमा रहिन ।' 'मम्मी !' बच्चाहरू लासमाथि अँगालो हालेर रून थाले । सरिताको हात उठाए, आफूलाई अँगाले र लुटपुटिन थाले । माताको ममता मृत्युपर्यन्त पनि नमेटिँदो रहेछ । अनुहार जोडेर भक्कानियो जनक, लोग्ने स्वास्नीको वियोगले घर उजाडिँदो रहेछ । खुट्टा पक्डेर रोइरही जमुनी, आश्रय भत्किँदा आश्रित पनि चुडिएको चङ्गा हुँदो रहेछ ।

बच्चाको रोदन र क्रन्दनले शोकमय बन्यो परिवेश । वयस्कको चीत्कार र आर्तनादले शोकान्त बन्यो परिसर । बज्रपात थेग्न मुस्किल पऱ्यो जनकलाई, निकै कठिनले सम्हाली जमुनीले आफैलाई ।

०००

समयले मालिक र नोकर्नीलाई एउटा घरमा बसायो, कहिलेसम्म ? कसैसित जवाफ थिएन । जनकको खानपिन र घरको सरसफाइ जमुनीको काँधमा आइपऱ्यो, रत्तिभर कमी हुन दिइन । जनकबाहिर जाँदा मैलो लुगामा देखिएन, घर आँगन फुङ्ङ उडेको पाइएन ।

सुत्नुअघि दुध पिउँथ्यो जनक । आज दुध लिएर कोठामा जाँदा टेलिभिजन खुलै रहेछ । टेबलमा दुध राखेर टिभीमा आँखा पुऱ्याई जमुनीले । 'बसेर हेर न जमुनी'- सोफातिर सङ्केत गऱ्यो जनकले । मालिक्नी हुँदा हम्मेसी कोठामा पसेकी थिइन, हिजोआज पस्नुपर्थ्यो । त्यो पनि सकेसम्म विचार पुऱ्याउँथी । आज जनकले बस्न सङ्केत गरेको देखेर लाजले डल्लो परी । अनुहार रातो भयो । नारीत्व भुलुक्क उम्लेर आएजस्तो । बत्तीको चहकिलो प्रकाशमा पूर्णचन्द्र देखिई । समय परिवर्तनशील छ तर परिवर्तन सधैँ देखिँदैन । जति देखिन्छ त्यसैले गोरेटो तय गर्छ भने झैँ भयो उसको जीवनमा ।


०००

मोबाइलमा घन्टी बज्यो । झसङ्ग हुँदै बोली, 'हेलो हजुर ।'

'जानु आज डिनर बाहिरै छ, गाडी आउँछ छिटो तयार बन ।' फोन काटियो ।

लामो श्वास फेरी जमुनीले । उसले छुट्याउन सकिनँ मालिक को हो ? सञ्चयकर्ता, उपभोक्ता वा अरू कोही ? मान्छेको धेरैजसो सम्पत्ति गणितमै सीमित छ, त्यसको ? त्यसो हुँदो हो त ब्रह्माण्डको ? भरपुर उपभोग गर्न खोज्ने मान्छे वा अरू कोही ? टाढा हेरी जमुनीले सदा झैँ आज पनि सूर्य पश्चिमतिर तीव्र गतिमा ओर्लिँदै रहेछ ।

# आशङ्का



• हरिशरण ढुङ्गाना

रमेशले आफ्नो कथा भन्दै गयो, 'बजारको छेउमै रहेको डान्स बारमा उनको र मेरो भेट भएदेखि समीपता बढेको थियो । हुन त उनको बेचिनुपरेको विवशता र मेरी सौतेनी आमाको षड्यन्त्रको बलिवेदीमा होमिएर घरबाट खेदिइँदै डोबाटोबाट सङ्घर्ष गर्दै दोहोरी साँझसम्म आइपुग्दाको सफलताको कथाले जोडिएको सम्बन्ध थियो त्यो विवाह । पुर्पुरोमा भावीले जे लेख्यो त्यही हुन्छ । सन्ततिको भोकले त्यसवेला जागृत भएको रसिलो र प्रहसिलो जीवनले सिर्जिएको मुटुको टुक्राका रूपमा छोरीलाई साथमा खेलाउँदै दिन व्यतीत गरेको पनि पाँच वर्ष बितिसकेछ ।'

रमेश घरि घरि मेरो हात समाउँथ्यो र छोड्थ्यो अनि के भयो त रमेश, तिमी कसरी ... म बोल्दै थिएँ । ऊ बिचैमा बोल्न थाल्यो- ' कोरोनाको महामारी दिग्दिगन्त व्याप्त भएका अवस्थामा हामी त्रसित थियौँ तर पनि हामी बच्यौँ । कोरानाले घात गर्‍यो सहकर्मी अर्पणलाई । श्रद्धाका दुई थोपा आँसुबाहेक उनमा केही समर्पण गर्न सकेनौँ । हामी खुब रोयौँ केही दिन । 'हो र ?' ए, अर्पण पनि परमधाम भइसक्यो । हे ईश्वर !' मेरो मुखबाट निस्क्यो । ऊ कथा भन्दै छ, 'बिस्तारै घाउमा खाटा बस्दै गए । फस्टाएको डान्स बारको खेती मरूभूमीकरण हुँदै गयो । अब त टिप्स पनि आउन छोड्यो अनि नियमित कमाइमा पनि कोरोनाले छेकेबार लगाएपछि दुवैको सल्लाहमा म हानिएँ विदेशतिर । घरको भोटेताल्चाको साँचो उनैलाई जिम्मा लगाएर म वेशभूषा, भाषा, संस्कृति सबथोक नयाँ भएको बिरानो मुलुक खाडीतिर हुइँकिएँ ।

नयाँ ठाउँमा केही गर्छु भनेर जानु भनेको नयाँ जीवन सुरू गर्नु पनि हो । मैले विदेशमा गएर भाँडा माझ्नु परेन । पढे लेखेको भएर भन्दा पनि भाग्य जुरेरै होला मैले एउटा म्यानपावर कम्पनीको आवश्यकता पूरा गर्ने जन सम्पर्क कार्यालयको सूचना शाखामा खटिने अवसर पाएको थिएँ । कहिले सर्प

गुडुल्किए झैँ, कहिले फणा फिँजाए झैँ, कहिले डसाइ सहेर, कहिले दुलाभित्र पसेर मरूभूमिमा उर्वर जीवन खर्चिँदै काठमाडौँमा घर बनाउने सपना पूरा गरेँ उनको सहयोग र साथ पाएर । वेला वेला बिदा लिएर सपना बुन्दै घर आउँदा ऊर्मीका सपनालाई मलजल गर्न पाउँथेँ । उनी चुहिने गाग्री थिइनन् र त अमृत सबै जोगिएको थियो, लक्ष्मीले बास गरेकी थियो उनका हातमा । साँच्चै घर त घर जस्तै थियो । त्यसमै जीवनले सजीवता पाएको थियो । घरमा एउटी लक्ष्मीको आगमन भएकाले हामी दुवैको प्रेमको निसानी हाम्रो घरमा हुर्कंदै जाँदा स्वर्ग कहीँ छ भने त्यही घर बनेको अनुभूत भएको थियो । गोधूलिबाट भर्खरै फर्केका माउ र बाच्छाजस्ता ती दुई मूक प्राणीका बिचमा आफूलाई पाउँदाको क्षणले मलाई परभूमिको उखर्माउलो गर्मी अनि कामको चटारोलाई केही दिन भए पनि बिर्साउँथ्यो । म जिज्ञासा राख्थेँ, 'तिमी नै सर्वस्व हौ, तिम्रा बान्किला आकृतिभित्र सजिएर विर ासत पाएको मेरो मनले तिमीलाई पाउन कति जुनी तपस्या गऱ्यो होला हगि ?' यसरी रमेश आफ्नो विगतका कथाका पाना हिँड्दै बाँचिरहेको थियो ।

रमेश निरन्तर बोलिरह्यो, 'नृत्यनाटिकाका नायक नायिका झैँ हाम्रो वैवाहिक वर्षगाँठ पाँचओटा बितेको पत्तै भएन । उनका कोमल अङ्ग चालनले घर नै मुलायम बनेको थियो । छोरी कल्याणी मौलाएकी थिई उनकै काखमा । उनी भन्थिन्- ' आजसम्म सम्बन्धका दरार नदेखिँदा अनि जीवनडुङ्गा खियाइरहँदा लाग्छ हामी हाम्रै लागि रचिएका रहेछौँ र सफल भएका छौँ सफल जुनी जिउन ।' हेर विदुर, म उनले राखेका कुराका शब्द शब्दमा घोरिन पुग्छु र सम्बन्धका दरार शब्दको प्रयोगमा शङ्काको बीज रोप्न पुग्छु । उनको दरार शब्द मेरो मनमा हाइब्रिड भएर झाङ्गिन्छ जसलाई म दबाएर राख्छु । मैले कतिपटक हाम्रो पवित्र सम्बन्धको उपयुक्त अनुशीलन गर्ने विचार गरको थिएँ तर निष्ठुरी समयले मेरो साथ कहिल्यै दिएन । विश्वासका जराहरू धाँजा फाटेका ठाउँबाट गहिरिँदै जाँदा धमिरा लागेर बोट कहिले ढल्ने हो भन्ने भएको अवस्था म उतै बसेर अनुभूत गर्न थालेँ । अनुहारमा सन्दिग्धताका बादल पोतिएपछि मन भाँचिनु कुन नादानी हो र !

अब बिस्तारै हृदय खुम्चिन थाल्यो । मनले पखेटा हालेपछि सम्बन्ध कहाँ उही ठाउँमा रहँदो रहेछ र ? एक छिमेकीले भने, 'कठै, ती अबोध बालिकाको कस्तो हविगत बनायौ, के नै दोष छ र त्यसको ?' अब खाडीबाट आएर त्यसको रेखदेख गर । भोलिपल्टै म नेपाल आएँ । जुनीभरिको तपस्या निष्फल भयो । घर,

धनसम्पत्ति विगत केही बाँकी नराखी बढारेरै लगिछन् । कति भाकल गरैँ, कति भौँतारिएँ तर फेला परिनन् ।' रमेशका आँखामा छचल्किएको आँसु देखेर म पनि अवाक् भएँ ।

रमेश नबोलिरहन सकेन, 'मातृवात्सल्यबाट वञ्चित भएर मामाघरमा बसेकी छोरीलाई आवश्यक सबै कुरा जोहो गर्दै बचेखुचेको पितृवात्सल्य बगाइदिँदै निचोरिएको एक चिम्टी मुस्कान छर्किदिएर रित्तो मन लिई म पुनः बगिदिएँ खाडीतिर । मेरा पसिना र आँसुको मोल चुसेर उनी कतै कुनामा बसी मसँग जस्तै कथा बुनिँदै होला मलाई आशङ्का छ । आज एउटा अर्को पीडितले पनि घरबार लथालिङ्ग भएको सुनेको इतिहास देख्नु र भोग्नुपरेको छ जहाँ मूल्य, महिमा र मार्ग बिर्सेर परिवार शनैः शनैः धुजा धुजा भएको सहनुपरेको छ ।'

'विश्वासको गर्भमा आशक्ति घुसेपछि त्यो भ्रुण बढ्दै गएर एक दिन आशङ्का मात्र जन्माउँदैन, त्यसले त घात जन्माउँछ र सम्बन्धको वंश विनाश गर्छ र वास्तविक मन डिलिट गरिदिन्छ ।' उनले आलिङ्गनमा रहँदा अकस्मात् ओकलेकी थिइन् ।

आशङ्का हुँदाहुँदै अझै पनि मेरो मन भनिरहन्छ, 'तिमीले मसँग खोलेका सम्बन्धका फाइलहरू डिलिट गरिदिए पनि भाइरसयुक्त ठानेर नाता तोडे पनि तिमीजस्तै एउटी मदर बोर्ड छोडेकी छ्यौ । जाऊ अनि सँभाल ।' रमेश घुँक्क घुँक्क रून थाल्यो र भन्यो– 'आज भने मेरो मन हलुका भयो विदुर !' तर पनि डिलिट गरिदिएको उसको मन हलुको भयो भन्नेमा चाहिँ मलाई आशङ्का नै छ ।

*– जोरपाटी, काठमाडौँ*


# हार्दिक बधाई र शुभकामना !



**साहित्यकार छायादत्त न्यौपानेले नेपाली बालनाटकमा नीति चेतना विषयमा विद्यावारिधि पूरा गर्नु भएको छ । उहाँ नवप्रज्ञापन सभाका सदस्यसमेत हुनुहुन्छ । लामो समयदेखि प्राध्यापन पेशामा संलग्न रहनु भएका स्रष्टा तथा द्रष्टा व्यक्तित्व न्यौपानेलाई नवप्रज्ञापन हार्दिक बधाइ र शुभकामना ज्ञापन गर्दछ ।**


**नवराज रिजाल**
**सम्पादक तथा प्रकाशक**
**नवप्रज्ञापन परिवार**

# बजारमा नयाँ कृति




• प्रतीक्षा रिजाल

## घुम्दै फिर्दै





यो पुस्तक यात्राकाव्य सङ्ग्रह हो । २०८० सालमा प्रकाशित यस पुस्तकका लेखक जनार्दन खनाल हुन् । उनी लामो समय शिक्षणकर्ममा संलग्न थिए । एउटा लामो कालखण्ड शिक्षणकर्ममा लागेका उनी केही समय अघि मात्र सेवानिवृत भएका हुन् । लेखकको यो पहिलो कृति भए पनि लेखनकर्ममा उनी शिक्षणकर्ममा जत्तिकै लामो समयदेखि संलग्न थिए । उनले आफैले भ्रमण गरेका स्थानहरू गोसाईँकुण्ड, रारा र दार्जिलिङ-सिक्किमलाई विषयवस्तु बनाएर लेखिएको यस कृति लोकलयमा आधारित छ । कृतिमात्र होइन प्रकाशकीय र लेखकीय पनि त्यही लयमा रहेको छ । यो लेखकको मौलिक पहिचान हो । कृति पठनीय र सङ्ग्रहणीय छ ।

## नकोरिएका सन्दर्भहरू




यो पुस्तक प्रा.डा. अञ्जनीकुमार शर्माको जीवनचरित हो । २०८० सालमा प्रकाशित यस पुस्तकको लेखनकार्य अनीता ढुङ्गेलले गरेकी हुन् । डा. अञ्जनीकुमार शर्मा नेपालका ख्याती प्राप्त डाक्टर हुन् । चिकित्सा क्षेत्रमा उनको नाम ठुलो छ । यो कृति उनै डा. अञ्जनीकुमारको जीवनवृत्तसँग सम्बन्धित छ । अर्थात् यसमा उनको जीवनका अनेकौँ सन्दर्भहरू आएका छन् । भूमिका, प्राक्कथन, सन्दर्भ सामग्री, आलेख परिशिष्ट, शल्यचिकित्साको इतिहास तथा विभिन्न फोटाहरू सहित ७ अध्यायमा विभाजित यस कृतिले डा. शर्मा र उनको समग्र जीवनको विश्लेषण गरेको छ । यो कृति अत्यन्तै पठनीय र सङ्ग्रहरणीय छ ।

## सन्दिग्ध शताब्दी




यो पुस्तक निबन्ध सङ्ग्रह हो । २०७९ सालमा प्रकाशित यस पुस्तकका लेखक श्रीबाबु कार्की हुन् । सङ्ग्रहभित्र ढुङ्गा पो भएछु अचेल, जीवनको पार्श्वमा मृत्युभय, जीवन एक जुलुङ्गो अनेक, हृदयमा बयली खेल्दै असार, ल्याम्प पोस्ट, प्रेम, प्रिय गाउँ, नाक, नियतिको आकस्मिकता, यात्रा : जीवनको सौन्दर्य, क्यामेला प्रेम र झरिला मुस्कानहरू, रिस, निर्वर्जित मन र सन्दिग्ध शताब्दी शीर्षकका १४ रचना छन् । जीवन संस्कृति र दर्शनको प्रतिबिम्ब हो । रिस, राग, अविश्वास, छलकपट, अशान्ति पालेर बस्नु हुँदैन । खुसी खोज्न टाढा जान पर्दैन, वरिपरि भेट्न सकिन्छ । रिस रागले अघि बढ्न दिँदैन । त्यसको साटो मित्रता छुटाएर शत्रुता कमाउनतिर लगाउँछ । अँध्यारोबाट उज्यालोमा जान आफैँ कोसिस गर्नुपर्छ जस्ता सन्देशहरू बोकेको यो निबन्ध अत्यन्तै पठनीय छ र सङ्ग्रहरणीय छ ।




## एक पोल्टो बादल

यो पुस्तक लघुकथा सङ्ग्रह हो । २०७९ सालमा प्रकाशित यस पुस्तकका लेखक रेणुका अधिकारी 'मौनता' हुन् । सङ्ग्रहभित्र अबोध प्रश्न, अभागी, अभिको साइकल, आश्रम, उपचार, एक कल फोन, एकपोल्टा बादल, कन्जुस, कानुन, खसी, गुनासो, झुम्का, टिकट, ठेकेदार, दमित आवाज, दान, दुबो, नारा, नेपाल परिचय, न्यानो सिरक, प्रणय दिवस, प्रथम महिला, बाजी, भनेको गर्नु गरेको नगर्नु, भ्रम, म, महिला हक, निम्तो, मूल्याङ्कन, आमा, चिठ्ठा, चुरोट, टोपी, लालपुर्जा, शङ्का, सुन्नाको कथा, श्राद्ध, सन्तान, सपना, समर्पण, समुन्द्रको सयर, सिग्देल गुरू, सुरक्षा जस्ता शीर्षकका ४३ लघुकथा छन् । लघुकथा स्वभावैले लघु आकारका हुन्छन् तर तिनीहरूको स्वर सशक्त र बुलन्द हुन्छन् । यही भावहरू समेटिएको यस सङ्ग्रह पठनीय र सङ्ग्रहरणीय छ ।

## मेरो साथी मुने





यो बालकथासङ्ग्रह हो । यसका लेखक शेखर अर्याल हुन् । २०७९ सालमा पहिलो पटक प्रकाशित यस कृतिभित्र कालुको जुक्ति, खुसी, गाउँलेको सन्देश, मनकारी पुन्टे, टपरी, सङ्गत गुनाको फल, मित्रता, जुक्ति, मेरो साथी मुने शीर्षकका कथाका छन् । अधिकांश कथाहरूको विषयवस्तु नैतिक सन्देश सकारात्मक सोचको प्रवर्धन गर्नु रहेको देखिन्छ । यसका अलावा कथाले जुक्ति, बुद्धिले काम गर्नुपर्छ । सबैजना मिलेर बस्नुपर्छ । इमान्दारिता सबैभन्दा धन हो । मित्रता गाँस्नुपर्छ । सहयोग गर्नुपर्छ । जहिल्यै पनि सही सङ्गत गर्नुपर्छ । आँट गरे धेरैधेरै कामहरू सहजतापूर्वक गर्न सकिन्छ भन्ने सन्देश यस पुस्तकको उद्देश्य रहेको देखिन्छ ।

## विजय चालिसेका छानिएका कथा




यो विजय चालिसेका प्रकाशित कथाहरूमध्येबाट छानिएका प्रतिनिधि कथाहरूको सुन्दर सङ्ग्रह हो । २०८० मा प्रकाशित यस सङ्ग्रहभित्र सम्पादकले अब्बल ठानेका ४३ थान कथा समेटिएका छन् । ती कथा साँच्चै सुन्दर र पठनीय पनि छन् । यसो त विजय चालिसे नेपाली साहित्यका अब्बल कथाकार हुँदै हुन् । साहित्य र पत्रकारितालाई सँगसँगै लिएर हिंडेका उनी प्राध्यापन पेशामा पनि संलग्न थिए । नेपाली बालसाहित्यमा पनि चालिसेको महत्त्वपूर्ण योगदान रहेको छ । यस्ता प्रतिभाशाली स्रष्टाको सिर्जना विजय चालिसेका छानिएका कथा अत्यन्तै पठनीय र सङ्ग्रहरणीय रहेको छ ।

## बाबा दुप्चेश्वर




बाबा दुप्चेश्वर केही समय अघि बजारमा आएको भजन सङ्ग्रहको नाम हो । २०७९ सालमा प्रकाशित यस प्रसिद्ध कृतिका सर्जक वासुदेव गुरागाई हुन् । लामो समय नेपाल सरकारको सेवामा रहेका गुरागाई चर्चित हास्यव्यङ्यका लेखक गुरागाईका एकदर्जनभन्दा बढी कृति प्रकाशित छन् । दुप्चेश्वर नुवाकोट जिल्लामा रहेको प्रसिद्ध धार्मिकस्थल हो । यस सङ्ग्रहमा यही धार्मिकस्थल बाबा दुप्चेश्वरलाई आधार बनाएर लेखिएका २५ भजनहरू सङ्गृहीत छन् । मानिस सामाजिक प्राणी हो र समाजले कुनै न कुनै धार्मिक आस्था वा विश्वास अङ्गीकार गरेको हुन्छ । यसर्थ यस कृतिलाई पनि त्यही आधारमा हेरिनु पर्ने हुन्छ ।

## मन्त्री र मास्क




मन्त्री र मास्क हालै बजारमा आएको नवीनतम लघुकथा सङ्ग्रहको नाम हो । २०८० सालमा प्रकाशित यस कृतिका सर्जक डा. पुष्करराज भट्ट हुन् । उनी नेपाली लघुकथामा विद्यावारिधि गर्ने नेपालको पहिलो व्यक्ति पनि हुन् । कथा, लघुकथा र यसको सिद्धान्तसँग सम्बधित आधादर्जनभन्दा बढी कृति प्रकाशित गराई सकेका भट्टको यो पछिल्लो कृति हो । यस कृतिभित्र उनीद्वारा विभिन्न समयमा लेखिएका ५६ लघुकथा सङ्गृहीत छन् । लघुकथा लघु नै हुने भए तर तिनले दिने चोट अत्यन्तै चोटिला हुन्छन् । यो सङ्ग्रहका अधिकांश कथाहरू पनि त्यस्तै चोटिला छन् । यसर्थ कृति अत्यन्तै पठनीय र सङ्ग्रहणीय छ ।


?!
महँगी
राजेश मानन्धर

# धार्मिक-सांस्कृतिक सहिष्णुता कायम राखौं

एक–अर्काको धर्मसँस्कृति,
रीतिरिवाज, रहनसहन र
चाडपर्वको सम्मान गरौं ।

एक–आपसमा भेद्भाव नगरौं,
धार्मिक–साँस्कृतिक सहिष्णुता
कायम राखौं ।

नेपाल सरकार

**विज्ञापन बोर्ड**